# अध्याय एक(CHAPTER ONE)

## १. परिचय (Introduction)

यस एकाइको परिचय शिर्षक भित्र अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्नहरू, अध्ययनको महत्व, अध्ययनको सीमा, अध्ययनको सङ्गठन र मुख्य शब्दावलीको परिभाषा राखिएको छ ।

### १.१ अध्ययनको पृष्ठभूमि(Backgrond of the Study)

सामान्य शब्दमा गरिबी भनेको आफ्नो आम्दानीले आफ्ना दैनिक आधारभूत आवश्यकताहरू, गास, बास तथा कपास जस्ता समस्याहरू समाधान गर्न नसक्नु हो । अर्को शब्दमा न्यूनतम क्यालोरी उपभोगको लागि आवश्यक आयस्तरभन्दा कम आय हुनुलाई गरिबी भनिन्छ । विश्व बैंकका अनुसार न्यूनतम जीवनस्तर प्राप्त गर्न नसक्नुलाई गरिबी भनिन्छ । त्यसैगरी युएनडीपी (UNDP) का अनुसार कम प्रत्याशित आयु, कम साक्षरता एवं शैक्षिक प्राप्ति तथा निम्न जीवनस्तरलाई गरिबी भनिन्छ । (पौडेल, २०७३) ।

वास्तवमा गरिबी शब्दले अभावलाई जनाउँछ । जुन मानिससँग आर्थिक अभाव हुन्छ, त्यो मानिस गरिब हो । त्यसैगरी जुन राष्ट्रसँग आर्थिक अभाव हुन्छ, त्यो राष्ट्र गरिब हो । जुन व्यक्ति आफ्नो जीवन जीवित राख्नका लागि दिनरात मेहनत गर्दछ, शिक्षा, स्वास्थ्य, पौष्टिक आहारको कमी छ, औषधी उपचार गर्न सक्दैन, बिहान खाना खाएर बेलुका खाने कुराको सुनिश्चितता हुँदैन, सम्मानपूर्वक जीवनयापन गर्न असक्षम छ भने त्यो व्यक्ति गरिब हो र उसको प्रवृत्ति गरिबी हो । संयुक्त राष्ट्रसंघको विकास प्रतिवेदन (२००१) का अनुसार, "गरिबीका दुई पक्षहरू छन्, पहिलो न्यून आय हो जुन सम्मानपूर्वक जीवनयापन गर्न अपर्याप्त छ र दोस्रो मानवीय क्षमताको न्यूनता हो जुन व्यक्तिहरूले आफूले चाहेअनुसार जीवनयापन गर्न सक्दैन (पौडेल, २०७३) ।

गरिवीको पहिचान कसरी गर्ने र यसको मापन कसरी गर्ने भन्ने सर्न्दभमा अर्थशास्त्रीअनुसार फरक-फरक धारणा पाइन्छ । अर्थशास्त्रीLaser R. Brownभन्छन की गरिवी निराशा, दुःख र पिडा हो । गरिवी भोकमरी, रोग,कुपोषण, उचित वासथान,खानेपानी,सरसफाई,स्वाथ्स्य

सुविधाको अभाव हो । जसको कारण उनीहरूको जीवनस्तर नै न्युन हुन्छ । रोगको कारण अन्त्यमा मृत्यु समेत हुन्छ (Shwami,1985)।

गरिवीलाई सुक्ष्म र वृहत दुई अर्थमा व्यक्त गरिएको पाइन्छ । सुक्ष्म अर्थमा परिभाषित गर्दा गरिवीले न्युन क्यालोरी शक्ति भएको खाना,वसोवास,कपडाको अभाव, आधारभूत स्वास्थ्य सुविधाको अभाव, अशिक्षा,उच्च वाल मृत्युदर, न्युन प्रति व्यक्ति आय,न्युन खरीद क्षमता र उच्च ग्रामीण तथा शहरी वसाईसराईलाई जनाउँछ । वृहत अर्थमा परिभाषित गर्दा गरिवी भन्नाले उच्च जनसङ्ख्या वृद्धिदर,लुप्त वेरोजगारी तथा बजार व्यवस्थाको अभाव र प्राविधिक तथा प्रसासनिक दक्षताको अभावलाई वुझिन्छ (Oscar, 1999)।

Ghore and Giffenका अनुसार आजको तेस्रो विश्वमा बाँच्ने सवाललाई लिएर भोकको विरुद्धमा चलिरहेको लँडाई तथा कुपोषण र ग्रामीणक्षेत्रको अवभाव नै गरिवी हो । अप्रर्याप्त आर्थिक स्तिथि जसको प्रयोगले न्यूनतम् आवश्यकता पनि पूरा हुन सक्दैन र कम पोषणयुक्त खाना, भोक, रोग र भारयुक्त जीवनयापन गर्नुपर्ने अवस्था नै गरिवी हो(Gnawali, 1994)।

जिलनी तथा जिलीनका अनुसारगरिवी त्यो दशा हो जसमा एउटा व्यक्तिले अप्रर्याप्त आयको कारण वा अनिच्छित व्ययको कारण तथा मानसिक दक्षताको लागि अनिवार्य  र आफ्नो समाजको स्तर अनुसार उ र उसका आश्रीत परिवारका सदस्यहरूलाई काम गर्नसक्षम वनाउन असमर्थ हुन्छ(कुँवर, २०५७)।

गरिवीलाई सापेक्ष र निरपेक्ष गरिवी गरि मुख्यत २ प्रकारले व्याख्या गर्न सकिन्छ ।खाना, वास,कपडा जस्ता आधारभुत आवश्यकता पूर्ति गर्नका लागि चाहिने जति आम्दानी नभएका मानिसहरूलाई निरपेक्ष गरिवी (Absolute Poverty)का रुपमा रहेकोमानिन्छ ।त्यसैगरी,अन्य व्यक्ति समाज र देशसँग तुलना गरि हेर्दा देखिने बिपन्नतालाई सापेक्ष गरिवी (Relative Poverty)का रुपमा परिभाषीत गरिन्छ । धनी-धनी विच तुलना गर्दा एउटा गरिव वन्न सक्दछ ।यस्तो गरिवीलाई सापेक्ष गरिवी अर्थात् तुलनात्मक गरिवी पनि भनिन्छ (Rojedorse, 1984)।

निरपेक्ष गरिवीको अवस्था भन्नाले कुपोषणले गर्दा सामान्य जिवनको अवस्था,कम साक्षरतादर, रोग,उच्च वाल मृत्युदर र कम जीवन प्रत्यासा आदि हुन् जुन आनुपातिक

आधारभुत आवश्यकता भन्दा कम हुन्छ । एउटा घरमुली जसको प्रतिव्यक्ति आय न्युनतम् जीवनस्तर भन्दा तल हुन्छ त्यसलाई निरपेक्ष गरिवीको रुपमा लिईन्छ(दाहाल तथा अन्य, २०६६) ।

विश्व खाद्य तथा कृषि संगठनले अनुमान गरे अनुसार नेपालमा प्रतिव्यक्ति दिन बाँच्नको लागि आवश्यक न्युनतम् २,२२० क्यालोरी शक्ति आवश्यक पर्ने तथा सम्पुर्ण खाद्य खर्चको प्रतिनिधित्व गरोस भन्ने हेतुले अभिवृद्धि गरी एक प्रकारको डालो निर्धारण गरिएको छ। यसरी निर्धारण गरिने डालोको १२ वटा विश्लेषणात्मक क्षेत्रहरूको प्रचलित मूल्यकाआधारमा छुट्टाछुट्टै खाद्य गरिवीको रेखा निर्धारण गरिएको छ (दाहाल तथा अन्य, २०६६)।

यो गरिवीको रेखाको अनुमान दुई आधारहरुWolf Point र निरपेक्ष गरिवीको आधारमा गरिन्छ । ति घरपरिवारहरू जसको आय न्युनतम् जीवन निर्वाहको आवश्यकताभन्दा उच्च हुन्छ तर Wolf Pointको स्तरभन्दा तल हुन्छ भने त्यसलाई सापेक्ष वा तुलनात्मक गरिवीभनिन्छ ।गरिव त्यो अवस्थाहो यसभित्र मानिसहरु नाम मात्रको घर, नाम मात्रको कपडा र अत्यन्तै अस्वस्थकर अवस्थामा जीवन गुजारा गरिरहेका हुन्छन् । चिकित्सा सम्वन्धी रेखदेखको व्यवस्था पनि हुँदैन । यसप्रकार उनीहरू पूर्णभोजन, कपडा, आवास, शिक्षा प्राप्त नभई विपत्तिको जंजालमा अल्झिरहेका हुन्छन् (Jhingan, 1942)।

नेपालको सन्दर्भमा हेर्दा गरिवीको बहुआयामीक स्वभावले के देखाउँछ भने यसको अवस्था नेपालको हिमाली भू-भागमा बढी र समतल भू-भागमा क्रमशः कम हुँदै आएको पाईन्छ । तर तराई क्षेत्रका केही ग्रामीण क्षेत्रमा भने सबैभन्दा बढी रहेको पाइएको छ । त्यसैगरी गरिवीकै फैलावट जातिगत आधारमा पनि फरक-फरक पाइन्छ । जातिहरूमा कामी, दमाई, सार्की, तामाङ्ग र मगरहरू ब्राह्मण, क्षेत्री र नेवारको तुलनामा पिछडिएका छन् । गरिवी वढाउन विभिन्न तत्वहरूले प्रभाव पारिरहेको हुन्छन् । आय तथा सम्पत्तिको असमान वितरण नै गरिवी बढ्नुको प्रमुख कारक तत्व हो । विश्व विकास प्रतिवेदन १९९९/२००० का अनुसार नेपालमा कूल जनसंख्याको तल्लो ४० प्रतिशत जनतामा केवल १९.१ प्रतिशत कूल राष्ट्रिय आम्दानीको हिस्सा रहन्छ भने माथिल्लो ६० प्रतिशत जनतामा ४४.८ प्रतिशतराष्ट्रिय आम्दानीको हिस्सा रहेको पाइन्छ (पौडेल, २०७०) ।

नेपाल विश्वको अति गरिव मुलुकहरू भित्र पर्दछ । यो एउटा भूपरिवेष्ठित पहाडी र कृषि प्रधान मुलुक हो ।यहाँको बहुसख्यक जनताहरू ग्रामीण क्षेत्रमा वसोवास गर्दछन् । नेपाल जीवनस्तर सर्वेक्षण २०६८/२०६९ का अनुसार कुल जनसख्याको अझै पनि ८२.९३ प्रतिशत जनसख्या ग्रामीण ईलाकामा वसोवास गर्ने गर्दछन्(राष्ट्रिययोजना आयोग, २०७०)।

ग्रामीण गरिवी व्याप्त हुँदैजानु नेपालका लागि ठुलो चुनौतीको विषय रहन गएको छ । खासगरी गरीवको समस्या सम्वन्धमा हेर्दा नेपालमा शहरी क्षेत्रमा बस्नेभन्दा ग्रामीण क्षेत्रमा बसोवास गर्ने मानिसहरू वढिमात्रामा गरिबीको समस्याले पिरोलीरहेका छन् ।कुनै पनि देशको गरिबी र त्यसदेशको विकास अन्तर सम्वन्धित हुन्छ । नेपालकोग्रामीण क्षेत्रमा पनि खास गरि तल्ला जातिका घर परिवारमा गरिवी वढि मात्रामा देखिन्छ ।तसर्थ,ग्रामीण क्षेत्रमा गरिवीको पहिचान गरी ति गरिव घरपरीवारलाई गरिबीवाट क्रमश घटाउने प्रयास गर्नुपर्ने देखिन्छ(राष्ट्रिययोजना आयोग, २०७०)।

नेपाल विकासको गतिमा भर्खर पाइला सार्दैगरेको छ ।जुन दक्षिण एसिया मै एक गरीव राष्ट्र भनेर चिनिन्छ । नेपालमा अझैपनि २४ प्रतिशत गरिबी छन् । यसरी अझै पनि नेपालमा प्रशस्त गरीव रहेको छ । यहाँ १७१ नगरपालिका र ३,२७६ वटा गा.वि.स.हरूछन् । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा गरिबीको चाप बढि मात्रामा पाइन्छ (के.सी., २०७१)।

साधारण अर्थमा धन सम्पति नहुनु भनेको गरिबी हुनु हो । यसका साथै घर जग्गा कम भएका वा हुदै नभएका व्यक्तिलाई गरीव व्यक्ति भनिन्छ । गाँस, बाँस र कपासको अभाव हुनु नै गरिबी हो । विरामी भएको बेलामा औषधी उपचारको लागि पैसा नहुने र धन सम्पतिको अभावले आफ्ना बालबालिकाहरूलाई पढाउन नसक्ने अवस्था तथा दैनिक आवश्यक पर्ने न्युनतम आवश्यकता (काम) को अभाबमा मानिस अलपत्र हुने गर्दछन् । उनीहरूको जीवन निकै कष्टप्रद र रुग्ण अवस्थामा पुगेको हुन्छ । आधारभुत आवश्यकताको परिपूर्तिको अभावमा कुपोषण, भोकमरी, अशिक्षा, असुरक्षा जस्ता पक्षबाट मानिस ग्रसित भएका हुन्छन् । यस्तो गरिवीको अवस्थाबाट सामाजिक, आर्थिक तथा शैक्षिक विकासको परिकल्पना पनि गर्न सकिदैन । गरिबीले गरीवहरूको संख्यामा बृद्धि गर्दछ । सामाजिक संगठन ज्ञान र सीपको यथोचित प्रयोग हुन सक्दैन नत देशमा प्राकृतिक स्रोत र साधनको नै प्रयोग हुन सक्छ । यसबाट गरिबी झन बढेर जान सक्दछ । यसै क्रममा गरिवीको

दुष्चक्र (ViciousCircle of Poverty)घुमिरहन्छ । यस सन्दर्भमा गरिबीले पुन  गरिवीको सृजना गरेको हुन्छ (आचार्य, २०६२)।

कुनै ब्यक्तिको आधारभुत खाद्य आवश्यकता निर्धारण गर्न सर्वप्रथम सालाखाला घरपरिवारको एक ब्यक्तिलाई स्वस्थ र सक्रिय जीवनयापनका लागि प्रतिदिन आवश्यक पर्ने न्युनतम क्यालोरीको हिसाव गरिन्छ । औषत परिवारको संरचनामा बालबालिका, किशोर किशोरी र वयस्क महिला पुरुषको लागि आवश्यक औषत क्यालोरीको आधारमा हिसाव गर्दा २०६६/६७ मा सालाखाला प्रतिव्यक्ति प्रतिदिन २,२२० किलो क्यालोरी शक्ति आवश्यक पर्ने देखिएको छ । उपभोगको आधारमा गरिबी निर्धारण गर्दा खाद्य बस्तुको उपभोगबाट प्राप्त हुने क्यालोरीलाई गरिबीको मापनको आधार मानिएको छ (आचार्य, २०६२) ।

नेपालको गरिबीको रेखामुनि रहेको जनसंख्या नवौ योजना, २०५४ को प्रतिवेदनका अनुसार ४२ प्रतिशत रहेको पाईन्छ जसमा २४.९ प्रतिशत गरिबी र १७.१ प्रतिशत अति गरिबी रहेको अनुमान गरिने थियो । जीवन स्तर सर्वेक्षण २०६६/६७ मा नेपालमा २५.१६ प्रतिशत गरिबीको रेखामुनि रहेका छन् । शहरी क्षेत्रमा १५.४६ प्रतिशत र ग्रामीण क्षेत्रमा २७.४३ प्रतिशत जनता गरिबीको रेखामुनी रहेको पाईन्छ । तसर्थ नेपालमा अझैपनि गरिबी ब्यापक मात्रामा रहेको कुरा स्पष्ट हुन्छ ।त्यसैगरी  नेपालमा गरिवीको विषमता ५.४३  गरिवीको गहनता १.८१ रहेको छ (राष्ट्रिय योजना आयोग, २०७०) ।

नेपालमा गरिबी निवारणको लागि नवौं योजनादेखि विभिन्न प्रयासहरू गरिएका छन् । नेपालमा आर्थिक वर्ष २०६५/०६६ को अन्त्यसम्म २५.४ प्रतिशत पुगेको अनुमान गरिएको भए तापनि आर्थिक वर्ष २०७२/७३ मा २१.६ प्रतिशत मानिसहरु गरिबीको रेखामुनि रहेका छन् । नेपालले सन् २०२२ सम्ममा नेपाललाई अतिकम विकसित राष्ट्रको दर्जाबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । सन् २०१३ सम्ममा न्यूनतम आहाराभन्दा कम खाना पाउने जनसंख्या १५.७ प्रतिशत रहेको छ । निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या घटेको देखिए तापनि धनी र गरिव बीचको भिन्नता अझै उच्च रहेको छ । नेपालको गिनी सूचकाङ्क ०.३२८ रहेको छ (अर्थमन्त्रालय, २०७३) ।

अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नतिका लागि संयुक्त राष्ट्र संघले प्रतिव्यक्ति औसत कुल राष्ट्रिय आय(Gross National Income – GNI per capita) हुनुपर्ने १२४२ हो तर सन् २०१५ सम्ममा ६५९ (विश्व बैंकको एटलस विधिअनुसार) ७५२ (

के.त.बि. अनुसार) प्राप्त भएको छ । यहाँ अपुग ५८२ देखिन्छ भनेमानव सम्पत्ति सूचक(Human Asset Index – HAI) कम्तिमा ६६ सम्म हुनुपर्नेमा ६८.७ प्राप्त भएको छ र आर्थिक जोखिम सूचक(Economic Vulnerability Index – EVI) कम्तिमा ३२ सम्म हुनुपर्नेमा ३६.८ प्राप्त भएको छ । Post Disaster Needs Assessmentको प्रारम्भिक प्रतिवेदनका अनुसार वि.सं. २०७२ वैशाखको विनासकारी भूकम्पको असरका कारण मौजुदा गरिबीको संख्यामा करिब २.५ प्रतिशत देखि ३.५ प्रतिशतको विन्दुले बढ्ने अनुमान गरिएको छ (अर्थमन्त्रालय, २०७३) ।

नेपालमा गरिबी तथा पोषणको परिमाणात्मक सूचकलाई हेर्दा दैनिक अमेरिकी एक डलरभन्दा कम आय भएका जनसंख्याको अनुपात सन् २०१० सम्मको प्रगति १९.७प्रतिशत, सन् २०१२/१३ सम्मको प्रगति १६.४प्रतिशत र सन् २०१५ को लक्ष्य १७प्रतिशत रहेको छ । दैनिक राष्ट्रिय गरिबीको रेखामुनिको जनसंख्याको अनुपात सन् २०१० सम्मको प्रगति २५.४ प्रतिशत, सन् २०१२/१३ सम्मको प्रगति २३.८ प्रतिशत र सन् २०१५ को लक्ष्य २१ प्रतिशत रहेको छ । प्रतिदिन अमेरिकी एक डलरभन्दा कम आय भएका रोजगारको अनुपात सन् २०१० सम्मको प्रगति २२ प्रतिशत छ भने सन् २०१५ को लक्ष्य १७प्रतिशत रहेको छ । न्यूनतम आहाराभन्दा कम खाना पाउने जनसंख्याको अनुपात सन् २०१० सम्मको प्रगति ३६.१प्रतिशत, सन् २०१२/१३ सम्मको प्रगति १५.७प्रतिशत र सन् २०१५ को लक्ष्य २५ प्रतिशत रहेको छ । ६-५९ महिना उमेर समूहका कम वजन भएका बालबालिकाको अवस्था सन् २०१० सम्मको प्रगति ३६.४प्रतिशत, सन् २०१२/१३ सम्मको प्रगति २८.८प्रतिशत,सन् २०१३/१४ सम्मको प्रगति ३७प्रतिशत, र सन् २०१५ को लक्ष्य २९प्रतिशत रहेको छ ।त्यसैगरी, ६-५९ महिनाका पुड्कोपन भएका बालबालिकाको अवस्था सन् २०१० सम्मको प्रगति ४६.८ प्रतिशत, सन् २०१२/१३ सम्मको प्रगति ४०.५ प्रतिशत, सन् २०१३/१४ सम्मको प्रगति ३० प्रतिशत, र सन् २०१५ को लक्ष्य ३० प्रतिशत रहेको छ (अर्थमन्त्रालय, २०७३) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

विश्वव्यापी रुपमा फैलिदै गएको गरिबी एक मानवीय प्रमुख समस्या बन्दैगइरहेको छ । नेपाल एक विकासोन्मुख राष्ट्र भएको कारण यहाँका अधिकांश व्यक्ति घरपरिवार समाज गरिबीको अवस्थामा बाँचिरहेका छन् । नेपालमा धेरै जसो मानिसहरूग्रामीण क्षेत्रमा

बसोबास गर्दछन् । त्यहाँगरिबीव्यापकरुपमा रहेको छ । सिमीत आम्दानी र मुख्य पेशाका रुपमा परम्परागत कृषि, बेरोजगारी, अशिक्षा जस्ता समस्याले गर्दा ग्रामीण भागमा बसोबास गर्ने मानिसहरूगरिबीको अवस्थामा बाँच्न बाध्य भएका छन् । गरिबीग्रामीण क्षेत्रको एक अभिसाप नै भईरहेको छ । शहरी क्षेत्रमा बसोबास गर्नेको तुलनामा ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूको आर्थिक स्थिति कमजोर रुपमा रहेको छ । यहाँ बस्ने व्यक्तिहरूको मुख्य पेशा कृषि रहेको छ । कृषिमा संलग्न व्यक्तिहरूको जीवनस्तर कमजोर रहेको छ । बर्षभरी पनि खान नपुग्ने स्थिति कतिपय घरपरिवारको रहेको छ । तसर्थ ग्रामीण क्षेत्रको आर्थिक अवस्था अत्यन्तै नाजुक भईरहेको छ । यसले शिक्षा क्षेत्रमा प्रत्यक्ष असर गराइरहेको हुन्छ । शिक्षा अर्थतन्त्रको एक अभिन्न अंग भएकाले गर्दा जबसम्म शिक्षा राम्रो हुन सक्दैन, तवसम्म सबै जनताको आर्थिक स्थिति पनि मजबुत हुन सक्दैन । यसरी शिक्षा र आर्थिक पाटो भनेको एक अर्काको परिपुरक जस्तै हो तर यी दुवै तत्वलाई प्रभाव पार्ने प्रमुख तत्व भनेको गरिबी हो । गरिबीले गर्दा शिक्षा तथा आर्थिक क्षेत्रको विकासको परिकल्पना समेत गर्न सकिदैन । त्यसकारण विश्वमा नै गरिबी एउटा प्रमुख समस्याको रुपमा रहेको छ । गरिवीले कुण्ठा, रिस ल्याउछ र कतै कतै कुनै चिजमा मन लाग्दैन आफ्नै चिन्तामा लागिरहन्छ ।गरिवीले ग्रामीण अपराधको सङ्ख्या पनि वढाउने कार्य गरिरहेको हुन्छ (कुवँर, २०५७)।

ग्रामीण अपराधको कारणहरूमा साहु महाजनद्धारा गरीने कष्टपूर्ण व्यवहार, भूमी सम्वन्धी झगडा, मादक पदार्थ सेवन, चोरी डकैती,यौन अपराध आदि पर्दछन् । राजनैतिक पार्टीका नारा,धर्म परिवर्तन गरेमा गरिबी घट्ने भन्ने संस्थहरूको पछि लागिपरेका हुन्छन् तर कतैवाट पनि यर्थाथमा यो समस्याबाट मुक्ति पाउन सकिदैन ।संसारको हरेक देशमा गरिवी छ त्यसको प्रकृती मात्र फरक छ ।हरेक वर्ष यो समस्या झन झन गम्भिरहुदैआएको छ ।यसले विकशीत देशलाई भन्दा अल्पविकशीत देशहरूलाई ग्रसीत तुल्याईरहेको छ ।

कृषि क्षेत्र अल्पविकशीत तथा कृषि प्रधान मुलुकहरूका लागि मेरुदण्डको रुपमा रहेको हुन्छ जहाँ खेतीपातीमा रसायनिक मल,उन्नतबीऊ तथा किटनाशक औषधीमा खर्चगर्दा पनि कुल उत्पादनमा वृद्धिको सट्टा ह्रास आएको तथ्याङ्क पाईन्छ । गरिवी प्रायगरी सवै क्षेत्रमा देखापरे

पनि कुनै जाति विशेष, सामाजिक परिवेश स्थान,भौगोलिक अवस्थाको कारणले पनि विविधता पाईन्छ ।

नेपालको दशौ पञ्चवर्षीय योजना (२०५९-२०६४) को अन्तसम्ममा पनि ३१ प्रतिशतजनता गरिवीको रेखामुनी बाँच्न वाध्य भएका छन् । यस त्रिवर्षीय अन्तरिम योजनाको अन्त्यमा यसलाई २४ प्रतिशत मा झार्ने लक्ष्य रहेको थियो । तर हालसम्म पनि उक्त २४ प्रतिशतमाअझैपनि आईपुगेको छैन अहिले हाल नेपालमा गरिवीको रेखामुनी रहेको जनसंख्या अझैपनि २५.१६ प्रतिशत रहेको छ । जसमा शहरी गरिवी १५.१६प्रतिशत र ग्रामीण गरिवी २७.४३ प्रतिशत रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६६) ।

नेपालमा अझैपनि ४६प्रतिशत मानिसहरू निरक्षर रहेका जसमा अधिकांस गरिव छन् ।महिलाको स्थति झनै दयनीय स्थितिमा ६२ प्रतिशतको हाराहारीमा शिक्षा स्वास्थ्य तथा अन्य सुविधाको अभावमा जीवन विताईरहेका छन् । नेपाल जीवन स्तर सर्वेक्षण २०६६/६७ अनुसार नेपालको प्रतिव्यक्ति आम्दानी रु ६१०अमेरीकी डलरछ । यसमा थोरै व्यक्तिको हातमा ठुलो मात्रामा आय रहेको छ।

सन्१९८५ मा विश्व बैंकले निर्धारण गरेको मानव विकास प्रतिवेदनमा १९९० मा पनि १ अमेरिकी डलर भन्दा कम आय हुने गरिवी रेखाको छनौट गरेको छ । यसै विषयलाई १९९९ मा HDRले पनि उल्लेख गरेको छ । अर्थात् विश्वको एक चौथाई जनसंख्या १ डलर वा सो भन्दा कमिमा नै जीवननिर्वाह गर्नुपरेको छ । पूर्वी यूरोप र मध्य एशियामा गरीबहरूको जनसंख्या बढ्दो छ र यो स्थान त गरिबहरूको थलोको रुपमा नै चर्चित भईरहेको छ । गरिवी हटाउने कार्य विकासशील देशको एक मूख्य चुनौती नै रहेको छ ।

नवौ योजनाको अन्त्यमा श्रमशक्तिको ३२.३ प्रतिशत मानिस अर्धवेरोजगार, ४.९ प्रतिशत पूर्णवेरोजगार भएको र जनसंख्या बृद्धिदर २.८ प्रतिशत थियो भने दशौं योजनाको अन्त्यमा यो संख्या घटेर २२.३ प्रतिशत अर्धवेरोजगार, ३.७ प्रतिशत पूर्णरोजगार र जनसंख्या बृद्धि दर २.१ प्रतिशत बनाउने लक्ष्य रीखएको छ ।एकातिर उब्जाउ भूमिको अभाव छ भने अर्कोतर्फ आय र सम्पत्तिको वितरणमा ठूलो असमानता छ । यसकारण गरिवीको आकार दिनप्रतिदिन बढ्दै गइरहेको छ ।

## १.३अध्ययनको उद्देश्य(Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य अध्ययन क्षेत्रको ग्रामीण गरिवीले स्थानीय जनताको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययन गर्नु रहेको छ भने यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्न अनुसार छन् ।

(१) ग्रामिण गरिब घरपरिवारको आर्थिक अवस्था विश्लेषण लगाउनु ।

(२) ग्रामिण गरिव घरपरिवारको शैक्षिक अवस्था विश्लेषणलगाउनु ।

(३) समस्याहरुको पहिचान गरी समाधानका सुझावहरू पेशगर्नु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू(Research Questions)

यस अध्ययनका लागिअनुसन्धान प्रश्नहरू यसप्रकार रहेका छन् ।

(१) ग्रामिण क्षेत्रमा रहेको गरिबीको अवस्थाले उक्त क्षेत्रमा बसोवास गर्ने जनताको आर्थिक दैनिकीमा कस्तो प्रभाव पारेको छ ?

(२) ग्रामिण क्षेत्रमा रहेको गरिबीको अवस्थाले उक्त क्षेत्रमा बसोवास गर्ने जनताको शैक्षिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

(३) ग्रामिण क्षेत्रमा बसोवास गर्ने जनताका आम्दानीका प्रमुख स्रोतहरु के-के हुन्?

(४) ग्रामिण क्षेत्रमा बसोवास गर्ने जनताका खर्चका प्रमुख क्षेत्रहरु के-के हुन् ?

(५) के ग्रामिण क्षेत्रमा बसोवास गर्ने मानिसहरुको आर्थिक वचत हुने गर्छ ?

(६) के ग्रामिण क्षेत्रमा बसोवास गर्ने मानिसहरुको शैक्षिक स्तर उच्च हुने गर्छ ?

(७) ग्रामिण गरिवीका कारणहरू के-के हुन सक्छन?

(८) ग्रामिण गरिवीलाई कम गर्न तथा हटाउन के गर्नु पर्छ ?

## १.५अध्ययनको महत्व (Significance of the Study)

नेपाल एक विकासोन्मुख राष्ट्र हो । यहाँका मानिसहरू धेरै जस्तो ग्रामीण क्षेत्रमा वसोवास गर्दछन् तसर्थ नेपालको गरिवी पनि ग्रामीण स्वरुपको छ । ग्रामीण क्षेत्रमा गरिवीको दर बढि छ । नेपालमा गरिबी घटाउन विभिन्न योजना आयोजनाहरू नभएका भने होइन तर ती योजनाहरू आशातित रुपमा कार्यान्यवन नभएकाले लक्ष्यमा पुग्न सकिएन । यसरी दशौ योजनाले गरिबीको प्रतिशत २८ प्रतिशतमा झार्ने लक्ष्य राखिएता पनि त्यो सम्भव भएको थिएन ।

नेपालको ग्रामीण भेगमा वसोवास गर्ने व्यक्तिहरूको जीवनस्तर गरिवीले गर्दा नाजुक अवस्थामा रहेको छ । उनीहरूको शैक्षिक तथा आर्थिक अवस्था खस्कने स्थितिमा छ । ग्रामीण क्षेत्रमा वसोवास गर्ने मानिसहरूको प्रतिव्यक्ति आय कम रहेको छ । आम्दानीको एक प्रमुख स्रोत परम्परागत कृषि रहेको छ । यसरी नेपालको ग्रामीण क्षेत्रमा रहेका मानिसहरूको गरिवीको अवस्था वारे जानकारी लिनु एउटा महत्वपूर्ण कार्य रहनेछ । ग्रामीण क्षेत्रमा गरिवीको प्रभावले शिक्षा तथा आर्थिक क्षेत्रमा पुऱ्याएको असरको अध्ययन पनि एक महत्वपूर्ण पाटो रहनेछ । त्यहाँको शैक्षिक अवस्था तथा आर्थिक अवस्थाको वारेमा जानकारी प्राप्त गर्नु पनि महत्वपूर्ण कार्य हुनेछ । अध्ययन क्षेत्रको गरिवीका कारण पत्ता लगाई त्यसले पुऱ्याएको असर, शिक्षामा पुऱ्याएको असर, आर्थिक क्षेत्रमा पुऱ्याएको असर त्यसैगरी गरिबीघटाउने उपायहरू जस्ता अध्ययन कार्यले निश्चय नै  यो अध्ययन महत्वपुर्ण र सार्थक बन्नेछ (केन्द्रीय तथ्याङ्क विभाग, २०६६) ।

यस अध्ययन क्षेत्रमा ग्रामीण स्तरमा ब्याप्त रहेको गरिबीले उनीहरूको आर्थिक क्षेत्रमा पारेको असर र शैक्षिक क्षेत्रमा पुगेको असरको वारेमा व्याख्या विश्लेषण गर्ने प्रयास गरिने हुनाले यस शोध मार्फत अध्ययन क्षेत्रको आर्थिक अवस्था, शैक्षिक अवस्था भित्र कस्तो अवस्था रहेछ भन्ने कुराको जानकारी प्राप्त गर्न सकिन्छ साथै त्यहाँको गरिबीले गर्दा त्यहाँको जीवनस्तर कस्तो रहेछ, आर्थिक व्यवहारको स्थिति कस्तो छ । शैक्षिक प्रगती विवरण कस्तो रहेछ, शैक्षिक गुणस्तर कस्तो स्थितिमा छ, उनीहरूको दैनिक व्यवहारिक आर्थिक क्रियाकलापमा रुपैयाँ पैसाको कारोवार कस्तो स्थितिमा छ, आर्थिक अभावका कारणले के कस्ता समस्याहरू भोग्न बाध्य भईरहेका छन् भन्ने कुराको जानकारी लिने प्रयास गरिएको छ । साथै यस अध्ययनले  गरिबी हुनाका कारण के कस्ता हुन सक्दछन्

साथै गरिबीले ग्रामीण क्षेत्रमा कस्ता समस्या उत्पन्न गराउदछन्, त्यस्ता ग्रामीण स्तरमा उत्पन्न भईरहेका गरिबीलाई के कस्ता कार्यहरू गरि निराकरण गर्न सकिन्छ भन्ने कुराको वारेमा पनि जानकारी लिने प्रयास गरिएको छ ।

गा.वि.स.मा रहेको वर्तमान आर्थीक अवस्था पारिवारीक अवस्था, शैक्षिक, लैङ्गिक पेशागत स्थितिको विश्लेषण गरी कृषि क्षेत्रमा रहदै आएको वढ्दो जनभारलाई अन्य वैकल्पीक आर्थिक उन्नती अभिवृद्धि गर्ने खालका पेशाहरूमा स्थानान्तरण गर्ने कुरामा महत्व राख्दै व्याप्त रहेको गरिवीलाई निराकारण गर्ने क्रममा ठोष कदमहरू चाल्ने केहि सुझावहरू प्रस्तुत गर्ने प्रयास गरीएको छ ।

यस गा.वि.समा प्राचिनकालदेखिनै कृषि पेशामा आवद्ध जनसंख्याको जीवनस्तर कमजोर रहेको छ ।यस अध्ययनवाट अध्ययनक्षेत्रका अधिकांश जनसङ्ख्याको मुख्य पेशा कृषि रहेको हुदा प्राय गरेर अदृश्य वेरोजगारी, मौषमी वेरोजगारीको रुप देखा परेको छ । प्रायः यस ठाउँमा देनिक ज्याला मजदुरी गरेर आफ्ना घरायसी खर्च टार्ने गरेको पाईयो त्यसमा पनि महिलालाई कम र  पुरुषलाई बढि ज्यालादर निर्धारणले झन् समस्या उत्पन्न गराएको छ किनकी गाउँमा पुरुषहरूचाहीं प्राय नभएको कारण न्यून ज्यालादरीमा घरखर्च चलाउन गाह्रो भएको कुरा पनि अध्ययनबाट प्रष्ट भएको छ । त्यस्तै गरि आर्थिक अभावले गर्दा उक्त घरपरिवारको कामगर्न सक्ने अविभावक चाही ज्याला मजदुरीमा जानु पर्ने वाध्यताले गर्दा विद्यालय जाने वालवालिकाहरू चाही अन्य घरका काम गर्नु पर्ने अवस्थाले त्यस घरपरिवारको शैक्षिक प्रगति राम्रो देखिदैन । खर्च अभावले गर्दा निजी विद्यालयमा पढाउन नसक्नु, सरकारी विद्यालयमा पनि कक्षामा निरन्तरता नहुनु, गाउँमा आएको प्रौढ शिक्षामा उपस्थिति नहुनु र प्राय तल्ला कक्षाहरूमानै विद्यालय छोड्ने कारणले गर्दा शिक्षाको गुणस्तर राम्रो नदेखिएको प्रष्ट देख्न सकिन्छ ।व्यवसायिक पेशागत क्षमता, आर्थिक अवस्था, पारिवारीक बनावट, जमिनको स्वामित्वको आकार, लैङ्गगिक आधारमा विश्लेषण गरी गरिबीको अवस्था कम गर्न पेशा, व्यवसाय, आर्थिक सक्षमतामा, शैक्षिक गुणस्तरमा देखा परेको समस्या निराकरण गर्न यस अध्ययनले केहि सुझावहरू पनि प्रस्तुत गरेको छ ।समग्रमा यस अध्ययनको महत्वलाई निम्न लिखित वुदागत ढंगवाट व्यक्त गर्न सकिन्छ ।

(१) यस अध्ययनले ग्रामीण भेगमा रहेको गरिबी निवारण गर्न सक्रिय गैह्र-सरकारी संस्था र अन्तराष्ट्रिय गैह्र-सरकारी संस्था आदिको नीति निर्माण गर्नमा सहयोग पुऱ्याउनेछ ।

(२) यस अध्ययनले गरिबीका कारणहरु पत्ता लगाई ग्रामिण किसानहरुलाई त्यसको निवारण गर्न सहयोग गर्नेछ ।

(३) यस अध्ययनले ग्रामीणक्षेत्रको गरिबीको रुपरेखाकोवास्तविक अध्ययन गरी त्यसको निवारणका लागि आवश्यक पर्ने नीति निमार्णमा सहयोग गर्नेछ ।

(४) यस अध्ययनले ग्रामीणक्षेमा रहेको व्याप्त गरिवीले त्यहाँका मानिसहरुको जीवनस्तरमा पारेको प्रभावको अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा उनीहरुको जीवनस्तरको आँकलन गरी उक्त जीवनस्तरमा वृद्धि गर्न सहयोग गर्नेछ ।

(५) यस अध्ययनले ग्रामीणक्षेत्रको गरिबीले शिक्षा क्षेत्रमा पारेको असरको अवस्थाको जानकारी स्थानीय जनतालाई तथा नेपाल सरकारलाई गराउनेछ ।

## १.६ अध्ययनको सीमा(Limitation of the Study)

यस अध्ययनका सीमाहरू देहायवमोजिम रहेका छन् ।

- यस अध्ययनलाई धादिङ्ग जिल्लाको वैरेनी गा.वि.स. को वडा नं. १, २ र ३ मा सीमित गरिएको छ ।

- अध्ययनमा वैरेनी गा.वि.स. भित्रका वडा नं. १, २ र ३ मा ३१० घरधुरी मध्ये १५० घरधुरीलाई(Simple Random Sampling Method)को आधारमा छनोट गरी अध्ययन गरिएको छ ।

- छनौट गरिएका घरधुरीमा विशेष गरी गरिबीको कारणले उनीहरूको आर्थिक र शैक्षिक अवस्थामा पारेको प्रभावमा मात्र यो अध्ययन सिमित रहेको छ ।

- यस अध्ययनमा प्राथमिक तथा ḯतीय दुबै तथ्याङ्कको प्रयोग गरिएको छ ।

- प्राथमिक तथ्याङ्कका स्रोतहरु भनेको नमूना छनौट क्षेत्रमा रहेका घरपरिवारका अभिवाकहरु हुन् भने द्वितीय तथ्याङ्का स्रोतहरु भनेको प्रकाशित तथा अप्रकाशित सामाग्रीहरु हुन् ।

- यस अध्ययनमा सम्भावनायूक्त तथा असम्भावनायूक्त दुबै नमूना छनौटका विधिको प्रयोग गरिएको छ ।

- यस अध्ययनलाई प्राथमिक तथ्याङ्क संकलनका साधनहरु प्रश्नावली, अवलोकन सूची तथा छलफल निर्देशिकामा सिमित गरिएको छ ।

- यस अध्ययनलाई तथ्याङ्क संकलनका विधि वा तरिकाहरु अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन तथा लक्षित समूह छलफलमा सिमित गरिएको छ ।

- यस अध्ययनलाई वि.सं. २०७१ सालको तथ्याङ्मा सिमित गरिएको छ ।

## १.७ अध्ययनको सङ्गठन (Organization of the Study)

यस अध्ययनलाई ५ अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमापरिचय राखिएको छ । यस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्नहरू, अध्ययनको महŒव अध्ययनको सीमा, अध्ययनको संगठन र मुख्य शब्दावलीहरुको परिभाषाउल्लेखगरिएको छ । त्यस्तैगरी, अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन राखिएको छ । यस अर्न्तगत सैद्धान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, यस अध्ययनका लागि पूर्व साहित्यको समिक्षाको सान्दर्भिकता, अनुसन्धानात्म छिद्र, अध्ययनको अवधारणात्मक ढाँचा र अध्ययनको कार्यात्मक ढाँचाउल्लेख गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान विधि र प्रक्रियारीखएको छ। यस अर्न्तगत अनुसन्धान ढाँचा, प्राथमिक तथ्याङ्कक र द्वितीय तथ्याङ्कका स्रोतहरु, जनसंख्या, नमूना आकार र नमूना छनौट रणनीति, प्राथमिक तथ्याङ्क संकलनका साधनहरु, प्राथमिक तथ्याङ्क संकलनका औजारहरु, तथ्याङ्क संकलन प्रक्रिया र तथ्याङ्क विश्लेषण प्रक्रिया राखिएको छ । अध्याय चारमा तथ्याङ्कको प्रस्तुतिकरण तथा विश्लेषण राखिएको छ । यस अर्न्तगत अध्ययन क्षेत्र

रहेको जिल्लाको परिचय, अध्ययन क्षेत्र रहेको गा.वि.स.को परिचय, नमूना छनौट घरपरिवारको आर्थिक अवस्था, नमूना छनौट घरपरिवारको शैक्षिक अवस्था, ग्रामिण गरिवीका कारणहरु, ग्रामिण गरिवी निवारणका उपायहरु, नतिजा विश्लेषणको सारांश आदि राखिएको छ ।

अध्याय पाँचमा निश्कर्ष र सुझावहरू राखिएको छ । यस भित्र अध्ययनको निश्कर्ष, सुझावहरु राखिएको छ । सुझावहरुलाई नीतिगत सुझावहरु, प्रयोगात्मक सुझावहरु तथा आगामि अनुसन्धानका लागि सुझावहरु गरी तीन भागमा विभाजन गरिएको छ ।अन्त्यमा सन्द्रर्भसूची र अनुसूची रीखएको छ ।

## १.८ मुख्य शब्दावलीको परिभाषा (Definitions of Key Terms)

**आम्दानी** : आम्दानी भन्नाले यस अध्ययनमा कृषि, उद्योग, व्यापार, वैदेशिक रोजगार, जागिर, ज्यालादारी वा यस्तै अन्य कार्यबाट प्राप्त रकम हो ।

**ग्रामिण क्षेत्र** : ग्रामिण क्षेत्र भन्नाले महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका भन्दा बाहिर रहेको क्षेत्र वा गाउँपालिका भन्ने बभिन्छ ।

**खर्च** : यस अध्ययन खर्च भन्नाले घरपरिवारले प्राप्त गर्ने आम्दानीबाट वस्तु तथा सेवाको उपभोग, शिक्षा, स्वास्थ्य, मनोरञ्जन, चार्डपर्व आदिमा लगाएको रकम हो ।

**आर्थिक क्षेत्र** : यस अध्ययनमा आर्थिक क्षेत्र भन्नाले आम्दानी, खर्च तथा वचत/ऋण हो ।

**बचत** : यस अध्ययनमा बचत भन्नाले आम्दानीबाट खर्च कट्टा गर्दा बाँकी हनु आउने रकम हो ।

**साक्षर** : यस अध्ययनमा साक्षरता भनेको सामान्य लेख्-पढ् गर्न सक्ने व्यक्ति हो ।

**जनसङ्ख्या** : यस अध्ययन कार्य पुरा गर्नका लागि नमूना छनौटमा परेका कुल घरधुरी संख्या नै जनसङ्ख्या हो ।

**गरिबी** : गरिबी भनेको दैनिक आधारभूत आवश्यकता परिपूर्ति गर्न आवश्यक पर्ने आम्दानी प्राप्त गर्न नसक्ने व्यक्तिको दिनचर्या नै गरिबी हो ।

**गरिब** : गरिब भनेको दैनिक आधारभूत आवश्यकता परिपूर्ति गर्न आवश्यक पर्ने आम्दानी प्राप्त गर्न नसक्ने व्यक्ति हो ।

**शैक्षिक क्षेत्र** : यस अध्ययनमा शैक्षिक क्षेत्रलेसाक्षरता र निरक्षरता, तहगत शैक्षिक अवस्था र बालबालिकाले अध्ययन गर्ने विद्यालय तथा विश्वविद्यालयको प्रकारलाई बुझाउँछ ।

# अध्याय दुई(CHAPTER TWO)

## २. सम्बन्धितसाहित्यको पुनरावलोकन (Review of Related Literature)

यस अध्याय दुई सम्बन्धित साहित्यको पुनरावलोकनमा सैद्धान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धानमूलक साहित्यको पुनरावलोकन, यस अध्ययनका लागि सम्बन्धित साहित्यको पुनरावलोकनको उपादेयता, अनुसन्धानात्मक छिद्र, अनुसन्धानको अवधारणात्मक ढाँचा र अनुसन्धानको कार्यात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन(Review of Theoritical Literature)

नेपाल राष्ट्र बैक, (२०६७) का अनुसार कतै व्यक्ति वा परिवारलाई त्यसवेला गरिव भनिन्छ जतिवेला उनको जीवनस्तर सामान्य गरिबीको रेखाभन्दा तल पर्दछ । गरिबी भनेको पर्याप्त मात्रामा आय नहुनु, कुपोषण, शिक्षा, स्वास्थ्य, सरसफाई र सामाजिक प्रतिष्ठामा पहुँचको कमी हुनु हो । विश्व बैंकका अनुसार वार्षिक ५०० अमेरिकी डलरभन्दा कम आय प्राप्त गर्ने व्यक्तिलाई गरिब भनिन्छ भने २७५ अमेरिकी डलर भन्दा कम आय प्राप्त गर्ने व्यक्तिलाई अति गरिब भनिएको छ । नेपालको हालको वार्षिक सरदर प्रतिव्यक्ति आय ४८४ अमेरिकी डलर छ । त्यस्तो हुनाले नेपाल पनि  विश्वमा गरिबीले व्याप्त मुलुकहरूमध्ये कै राष्ट्र भएर निरन्तर गरिबीसँग सघर्षरत छ । कुल श्रमशक्तिका ७८ प्रतिशत कृषि क्षेत्रमा नं संलग्न छन्।

राष्ट्रिय योजना आयोग, (२०६७) का अनुसार दशौँ पञ्चवर्षीय योजनाको अन्त्यमा आर्थिक वृद्धिदर ४.३ प्रतिशतको लक्ष्य लिइएकोमा ३.४ प्रतिशत लक्ष्य हासिल भएको छ भने आगामी त्रिवर्षीय योजनामा ५.५ प्रतिशत पुऱ्याउने उल्लेख गरिएको छ । रोजगारी वृद्धिदर आर्थिक वर्ष२०६६/०६७ मा ३.० प्रतिशत रहेको छ भने आगामी त्रिवर्षीय योजनामा ३.६ प्रतिशतले वृद्धिहुने लक्ष्य लिइएको छ । त्यसैगरी साक्षरतामा ६० प्रतिशत पुऱ्याउने र गरिबीको दर २१ प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ ।

केन्द्रिय तथ्याङ विभाग, (२०६२) का अनुसार नेपाली जनताहरु शहरी क्षेत्रमा १० प्रतिशत, ग्रामीण क्षेत्रमा ३५ प्रतिशत र सम्पूर्ण नेपालमा ३१ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनी बाँच्न बाध्य छन्। पहाडी क्षेत्रमा सबैभन्दा वढि ३४.५ प्रतिशत, तराईमा सबैभन्दा कम २७.६

प्रतिशत र हिमालमा ३२.६ प्रतिशत भएको उल्लेख गरेको छ । त्यस्तै तेस्रो जीवन स्तर सर्वेक्षण २०६६/०६७ मा नेपालमा २५.१६ प्रतिशत मानिस गरिबीको रेखामुनि रहन बाध्य छन् । शहरी क्षेत्रमा १५.४६ प्रतिशत र ग्रामीण क्षेत्रमा २७.४३ प्रतिशत मानिस गरिबीको रहेको अध्ययनको रिपोर्ट देखाएको छ ।

Bhattia, (1996)का अनुसारसमाजशास्त्री कोलिन्सको शब्दकोषमा बताइएअनुसार (The Lack of Sufficient andCultural Recourses to Sustain a Healthy Existence) अर्थात जिवन जिविकाको लागि प्रयाप्त भौतिक र साास्कृतिक स्रोतहरूको अभाव नै गरिबी हो । गरिबीलाई सापेक्ष (Relative) निरपेक्ष (Absolute)गरिबी भोगेका जनताहरूको विश्लेषणलाई आधार मानी बिभाजन गर्न सकिन्छ । जसमा निरपेक्षरुपमा गाँस, बाँस र कपासको न्युनतम् सुविधाबाट बञ्चित एउटा समुह हुनसक्छ, जसलाई वास्तविक गरिबीको परिभाषा अन्तर्गत राखी विश्लेषण गर्नुपर्दछ । त्यसैगरी, सापेक्ष गरिबी अन्तर्गत एउटा असल जिवन निर्वाहको लागि आवश्यक सुविधाहरू व्यक्तिले प्राप्त गरेको छ कि छैन भन्ने आधारमा गरिबीको विश्लेषण गरिने हुन्छ ।

पौडेल,(२०७३) का अनुसार सामान्य शब्दमा गरिबी भनेको आफ्नो आम्दानीले आफ्ना दैनिक आधारभूत आवश्यकताहरू, गास, बास तथा कपास जस्ता समस्याहरू समाधान गर्न नसक्नु हो । अर्को शब्दमा न्यूनतम क्यालोरी उपभोगको लागि आवश्यक आयस्तरभन्दा कम आय हुनुलाई गरिबी भनिन्छ । विश्व बैंकका अनुसार न्यूनतम जीवनस्तर प्राप्त गर्न नसक्नुलाई गरिबी भनिन्छ । त्यसैगरी युएनडीपी (UNDP) का अनुसार कम प्रत्याशित आयु, कम साक्षरता एवं शैक्षिक प्राप्ति तथा निम्न जीवनस्तरलाई गरिबी भनिन्छ ।

पौडेल,(२०७३) का अनुसार वास्तवमा गरिबी शब्दले अभावलाई जनाउँछ । जुन मानिससँग आर्थिक अभाव हुन्छ, त्यो मानिस गरिब हो । त्यसैगरी जुन राष्ट्रसँग आर्थिक अभाव हुन्छ, त्यो राष्ट्र गरिब हो । जुन व्यक्ति आफ्नो जीवन जीवित राख्नका लागि दिनरात मेहनत गर्दछ, शिक्षा, स्वास्थ्य, पौष्टिक आहारको कमी छ, औषधी उपचार गर्न सक्दैन, बिहान खाना खाएर बेलुका खाने कुराको सुनिश्चितता हुँदैन, सम्मानपूर्वक जीवनयापन गर्न असक्षम छ भने त्यो व्यक्ति गरिब हो र उसको प्रवृत्ति गरिबी हो । संयुक्त राष्ट्रसंघको विकास प्रतिवेदन (२००१) का अनुसार, “गरिबीका दुई पक्षहरू छन्, पहिलो न्यून आय हो जुन सम्मानपूर्वक

जीवनयापन गर्न अपर्याप्त छ र दोस्रो मानवीय क्षमताको न्यूनता हो जुन व्यक्तिहरूले आफूले चाहेअनुसार जीवनयापन गर्न सक्दैन ।

Shwami, (1985)का अनुसार गरिवीको पहिचान कसरी गर्ने र यसको मापन कसरी गर्ने भन्ने सन्दर्भमा अर्थशास्त्रीअनुसार फरक-फरक धारणा पाइन्छ । अर्थशास्त्रीLaser R. Brownभन्छन की गरिवी निराशा, दुःख र पिडा हो । गरिवी भोकमरी, रोग, कुपोषण, उचित वासथान, खानेपानी, सरसफाई, स्वाथ्स्य सुविधाको अभाव हो । जसको कारण उनीहरूको जीवनस्तर नै न्युन हुन्छ । रोगको कारण अन्त्यमा मृत्यु समेत हुन्छ ।

Oscar, (1999) का अनुसार गरिवीलाई सुक्ष्म र वृहत दुई अर्थमा व्यक्त गरिएको पाइन्छ । सुक्ष्म अर्थमा परिभाषित गर्दा गरिवीले न्युन क्यालोरी शक्ति भएको खाना, वसोवास, कपडाको अभाव, आधारभूत स्वास्थ्य सुविधाको अभाव, अशिक्षा, उच्च वाल मृत्युदर, न्युन प्रति व्यक्ति आय, न्युन खरीद क्षमता र उच्च ग्रामीण तथा शहरी वसाईसराईलाई जनाउँछ । वृहत अर्थमा परिभाषित गर्दा गरिवी भन्नाले उच्च जनसङ्ख्या वृद्धिदर, लुप्त वेरोजगारी तथा बजार व्यवस्थाको अभाव र प्राविधिक तथा प्रसासनिक दक्षताको अभावलाई वुझिन्छ।

Gnawali, (1994) का अनुसार आजको तेस्रो विश्वमा बाँच्ने सवाललाई लिएर भोकको विरुद्धमा चलिरहेको लँडाई तथा कुपोषण र ग्रामीणक्षेत्रको अवभाव नै गरिवी हो । अप्रर्याप्त आर्थिक स्तिथि जसको प्रयोगले न्यूनतम् आवश्यकता पनि पूरा हुन सक्दैन र कम पोषणयुक्त खाना, भोक, रोग र भारयुक्त जीवनयापन गर्नुपर्ने अवस्था नै गरिवी हो।

कुँवर, (२०५७) का अनुसारगरिवी त्यो दशा हो जसमा एउटा व्यक्तिले अप्रर्याप्त आयको कारण वा अनिच्छित व्ययको कारण तथा मानसिक दक्षताको लागि अनिवार्य र आफ्नो समाजको स्तर अनुसार उ र उसका आश्रीत परिवारका सदस्यहरूलाई काम गर्न सक्षम वनाउन असमर्थ हुन्छ ।

Rojedorse, (1984)का अनुसार गरिवीलाई सापेक्ष र निरपेक्ष गरिवी गरि मुख्यत २ प्रकारले व्याख्या गर्न सकिन्छ । खाना, वास, कपडा जस्ता आधारभुत आवश्यकता पूर्ति गर्नका लागि चाहिने जति आम्दानी नभएका मानिसहरूलाई निरपेक्ष गरिवी (Absolute Poverty)का रुपमा रहेको मानिन्छ । त्यसैगरी, अन्य व्यक्ति समाज र देशसँग तुलना गरि हेर्दा देखिने बिपन्नतालाई सापेक्ष गरिवी (Relative Poverty)का रुपमा परिभाषीत गरिन्छ

। धनी-धनी विच तुलना गर्दा एउटा गरिव वन्न सक्दछ । यस्तो गरिवीलाई सापेक्ष गरिवी अर्थात् तुलनात्मक गरिवी पनि भनिन्छ।

दाहाल तथा अन्य,(२०६६) का अनुसार निरपेक्ष गरिवीको अवस्था भन्नाले कुपोषणले गर्दा सामान्य जिवनको अवस्था,कम साक्षरतादर, रोग, उच्च वाल मृत्युदर र कम जीवन प्रत्यासा आदि हुन् जुन आनुपातिक आधारभुत आवश्यकता भन्दा कम हुन्छ । एउटा घरमुली जसको प्रतिव्यक्ति आय न्युनतम् जीवनस्तर भन्दा तल हुन्छ त्यसलाई निरपेक्ष गरिवीको रुपमा लिईन्छ ।

दाहाल तथा अन्य,(२०६६) का अनुसार विश्व खाद्य तथा कृषि संगठनले अनुमान गरे अनुसार नेपालमा प्रतिव्यक्ति दिन बाँच्नको लागि आवश्यक न्युनतम् २,२२० क्यालोरी शक्ति आवश्यक पर्ने तथा सम्पुर्ण खाद्य खर्चको प्रतिनिधित्व गरोस भन्ने हेतुले अभिवृद्धि गरी एक प्रकारको डालो निर्धारण गरिएको छ । यसरी निर्धारण गरिने डालोको १२ वटा विश्लेषणात्मक क्षेत्रहरूको प्रचलित मूल्यका आधारमा छुट्टाछुट्टै खाद्य गरिवीको रेखा निर्धारण गरिएको छ ।

Jhingan, (1942)का अनुसार गरिवीको रेखाको अनुमान दुई आधारहरुWolf Point र निरपेक्ष गरिवीको आधारमा गरिन्छ । ति घरपरिवारहरू जसको आय न्युनतम् जीवन निर्वाहको आवश्यकताभन्दा उच्च हुन्छ तर Wolf Pointको स्तरभन्दा तल हुन्छ भने त्यसलाई सापेक्ष वा तुलनात्मक गरिवीभनिन्छ । गरिव त्यो अवस्थाहो यसभित्र मानिसहरु नाम मात्रको घर, नाम मात्रको कपडा र अत्यन्तै अस्वस्थकर अवस्थामा जीवन गुजारा गरिरहेका हुन्छन् । चिकित्सा सम्वन्धी रेखदेखको व्यवस्था पनि हुँदैन । यस प्रकार उनीहरू पूर्णभोजन, कपडा, आवास, शिक्षा प्राप्त नभई विपत्तिको जंजालमा अल्भिmरहेका हुन्छन् ।

अर्थमन्त्रालय, (२०७३) का अनुसार संसारका कुनै पनि मानिसले गरिब बन्ने तथा गरिबीको अवस्थामा रहने चाहना राखेको हुँदैन । सबै मानिसले गरिबीलाई हटाउन वा गरिबीबाट मुक्त हुन चाहन्छन् । तर विकासशील देशहरूमा यसको विस्तार भइरहेको छ । सरकारी तथ्याङ्कलाई आधार मान्ने हो भने आर्थिक सर्वेक्षण २०७२/७३ का अनुसार सन् २०१६ सम्ममा नेपालमा २१.६ प्रतिशत मानिस मात्र गरिबीको रेखामुनि रहेका छन् । विकासशील देशहरूको अर्थव्यवस्था प्रायः कृषिमा नै निर्भर गरेको हुन्छ । विकासशील देशहरूको

जनसंख्याको ठूलो अंश कृषि पेसामा लागेको छ । विकासशील देशहरूको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको सर्वोच्च स्थान रहेको हुन्छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३१.६९ प्रतिशत रहेको छ । कृषि क्षेत्रमा निर्भरता ६४.४ प्रतिशत रहेको छ भने नेपालको ग्रामीण क्षेत्रको गरिबीमध्ये कृषिमा संलग्न ९५ प्रतिशत रहेका छन् ।

अर्थमन्त्रालय, (२०७३) का अनुसार धनी व्यक्तिहरूको तुलनामा गरिव व्यक्तिहरूको परिवार आकार ठूलो हुने गर्दछ । नेपालको ग्रामीण गरिबको परिवारको औसत संख्या तराईमा ७.१२ जना र पहाडमा ६.१ जना रहेको छन् भने सहरी गरिबको औसत संख्या तराईमा ६.९ जना र पहाडमा ६.३ जना रहेको छन् । नेपालमा आफ्ना बालबालिकाहरूलाई भविष्यको आयको स्रोतको रूपमा हेर्ने गरिन्छ । जति गरिब व्यक्ति छ त्यति नै सन्तान धेरै हुने हुँदा आफ्नो आयबाट बचत प्रायः शून्य हुने गर्दछ । जहाँ बढी गरिबी हुन्छ, त्यहाँ बढी लैङ्गिक असमानता र जहाँ कम गरिबी हुन्छ, त्यहाँ कम लैङ्गिक असमानता हुने गर्दछ । हुन त नेपालमा धनी मानिसहरूले पनि लैङ्गिक असमानता गरेकै छन् तर गरिब परिवारमा छोरा हुनै पर्ने, छोरालाई पढ्न पठाउने र छोरीलाई पढ्न नपठाउने, छोरालाई राम्रो खाना, लुगा र छोरीलाई कमसल खाना र लुगा, छोरालाई हरेक पक्षबाट स्वतन्त्रता दिने र छोरीलाई हरेक पक्षबाट बन्देज गर्ने आदि कुराहरूबाट भेदभाव गरिन्छ ।

अर्थमन्त्रालय, (२०७३) का अनुसार देशमा प्राकृतिक साधनहरूको उच्च परिचालन गरी रोजगारीमा वृद्धि गरी आय-आर्जनमा वृद्धि गर्दा गरिबी निवारण वा न्यूनीकरण गर्न सकिन्छ । प्राकृतिक साधनहरूको उपयोगद्वारा उद्योग, पूर्वाधार तथा कृषि क्षेत्रको विकास गर्न सकिन्छ । यी क्षेत्रको विकासबाट देशमा रोजगारीको सिर्जना हुन्छ । रोजगारीमा वृद्धि गर्दा नागरिकहरूको आयमा वृद्धि हुन्छ । फलस्वरूप, देशमा रहेको उच्च गरिबीलाई न्यूनीकरण गर्न सकिन्छ । देशमा विभिन्न क्षेत्रहरूमा छरिएर रहेका वा बसोबास गरेका आम नेपाली नागरिकहरूमध्ये वास्तविक गरिब नेपालीहरूको पहिचान गरी ती गरिब नेपालीहरूको आम्दानीमा वृद्धि गर्ने खालका विभिन्न कार्यक्रमहरू सरकारी निकायबाट सञ्चालन गरिनु पर्दछ । यसरी लक्षित समूहका लागि बनाइएका कार्यक्रमहरूबाट अरू मध्यम तथा उच्च वर्गका मानिसहरूले कुनै प्रकारको अनपेक्षित फाइदा उठाउन नसकून् भनी सतर्कता अपनाउनु पर्दछ ।

के.सी., (२०७१) का अनुसार सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालन गरिने गरिबी निवारण सम्बन्धी विभिन्न कार्यक्रमहरूमा स्थानीय गरिव समुदायका व्यक्तिहरूलाई कार्यक्रम सञ्चालनमा रहेका प्रक्रियामा सहभागी बनाउनु पर्दछ । यसो गर्दा उनीहरूले ती कार्यक्रमहरूलाई सहज रूपमा स्वीकार गर्ने तथा सहयोग गर्ने गर्दछन् । फलस्वरूप, ती गरिबी निवारण वा न्यूनीकरणका कार्यक्रमहरू र ती कार्यक्रमहरूबाट प्राप्त उपलब्धि दिगो बन्ने गर्दछन् । ग्रामीण क्षेत्रमा बसोवास गर्ने गरिव समूदायका मानिसहरूले उच्च शिक्षा तथा सिप हासिल नगरेका कारण बेराजगार भई आम्दानी न्यून हुन्छ । ती व्यक्तिहरूलाई रोजगारीको सिर्जना गर्न सकेको खण्डमा उनीहरूको आम्दानीमा वृद्धि हुन्छ र नेपालमा गरिबी न्यून गर्न सकिन्छ ।

के.सी., (२०७१) का अनुसार आर्थिक रूपले पछाडि परेका गरिव समुदायका लागि देशले निश्चित वर्षसम्मको लागि रोजगारी, शिक्षा, खाद्यान्न, स्वास्थ्य आदि क्षेत्रमा कोटा प्रणाली लागु गर्नुपर्दछ । सरकारले कोटा निर्धारण गर्दा तल्लो तहको कर्मचारी, प्राथमिक शिक्षा, खाद्यान्न तथा स्वास्थ्य क्षेत्र लगायत अन्य राज्यका विभिन्न क्षेत्रमा निर्धारण गर्नु पर्दछ तर यस्तो कार्यक्रम केही समयको लागि मात्र सञ्चालन गर्नु पर्दछ ।उच्च जनसंख्या वृद्धिका कारण रोजगारी तथा अन्य सम्पूर्ण अवसरहरूमा वृद्धि हुन नसक्दा गरिव मानिस गरिव नै बन्दछन् ।  नेपालमा आर्थिक विकासको दर तथा प्रतिव्यक्ति आय वृद्धिको दरभन्दा जनसंख्या वृद्धिदर उच्च छ । देशमा धेरै जनसंख्या हुँदा शिक्षा, स्वास्थ्य जस्ता सामाजिक सुविधाहरू लगायत भौतिक वस्तुहरू तथा खाद्यान्नको समेत कमी हुने गर्दछ भने थोरै जनसंख्या हुँदा यी सबै सेवा तथा वस्तुहरूको कमि हुँदैन । फलस्वरुप गरिबी न्यूनिकरण गर्न सकिन्छ ।

Gnawali, (2062) का अनुसार आर्थिक रूपले माथिल्लो वर्ग दिन प्रतिदिन झनझन धनी र तल्लो वर्ग दिनप्रतिदिन झनझन गरिब बन्दै छ । आर्थिक सर्वेक्षण २०६५/०६६ का अनुसार, "देशमा आय असमानतामा वृद्धिका कारण गरिब र धनीबिचको खाडल बढेको देखिएको छ । गिनी गुणाङ्क नेपालमा आर्थिक वर्ष २०५२/०५३ मा ०.३४ रहेकोमा २०६०/६१ मा ०.४१ पुगेको थियो भने आर्थिक वर्ष २०७०/७१ मा सहरी क्षेत्रमा ०.३५३, ग्रामीण क्षेत्रमा ०.३११ र समग्ररूपमा नेपालमा ०.३२८ पुगेकोले गरिबको आयस्तरभन्दा धनीको आयस्तर उच्च दरले बढेको अनुमान छ । यो स्थितिलाई सुधार्न नीतिगत, संरचनागत र कार्यक्रमगत हिसाबले गरिबमुखी पहलकदमी गरिनु पर्दछ ।नेपालमा विभिन्न

जातका मानिसहरू बसोबास गर्दछन्, ब्राह्मण, क्षेत्री, नेवार, मुस्लिम, मगर, राई, लिम्बू, चेपाङ, तामाङ, गुरुङ, थारु, लगायत अन्य विभिन्न जातका मानिसहरूको बसोबास रहेको छ । नेपालमा यी जातजातिहरूको आर्थिक अवस्था समान छैन । नेपालमा विभिन्न जातिमध्ये दलित ४६ प्रतिशत, पहाडी जनजाति ४४ प्रतिशत, मुस्लिम ४१ प्रतिशत, तराई जनजाति ३५ प्रतिशत, अल्पसंख्यक जाति ३१ प्रतिशत, नेवार १४ प्रतिशत, ब्राह्मण-क्षेत्री १८ प्रतिशत र तराईका मध्यमवर्गको २१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन् ।

Gnawali, (2062) का अनुसार नेपालको भू-बनावट एकै प्रकारको नभई भिन्न भिन्न प्रकार वा स्वरूपको छ । खास गरी नेपाल हिमाल, पहाड र तराई गरी ३ भू-धरातलीय स्वरूपमा विभाजित छ । आय वितरणको अवस्था पनि यी क्षेत्रहरूमा फरकफरक पाइन्छ । कुल गरिबहरूमध्ये हिमालमा ७.५ प्रतिशत, पहाडमा ४७.१ प्रतिशत र तराईमा ४५.४ प्रतिशत जनसंख्या रहेका छन् ।नेपाललाई प्रशासनिक कार्य संचालन गर्न सजिलोका लागि ५ विकास क्षेत्र, १४ अञ्चल, र ७५ जिल्ला विभाजन गरिएको छ । यी क्षेत्रहरूमा आयको समान वितरण भएको पाइँदैन । नेपालका कुल गरिबहरू मध्ये २९.४ प्रतिशत ग्रामीण क्षेत्रको मध्य र पूर्व पहाडमा रहेको देखिन्छ । ग्रामीण पश्चिम पहाडमा २३.६ प्रतिशत, ग्रामीण पूर्वी पहाडमा २३.५ प्रतिशत, ग्रामीण पश्चिम तराईमा १८.९ प्रतिशत र सहरी क्षेत्रमा ४.७ प्रतिशत गरिबहरू छन् ।

## २.२अनुसन्धानात्मक साहित्यको पुनरावलोकन(Review of Research Literature)

बास्कोटा, (२०७०) काअनुसार गरिबीले आम्दानीको न्यूनताको सङ्केत गर्दथ्यो । सन् १९७० को दशकको सुरुमा गरिबीलाई न्यूनतम जीवन निर्वाह गर्न नसक्ने अवस्था भनेर बुझिन्थ्यो । यस अनुरुप गरिबीलाई कम आयको अर्थमा मात्र नभएर स्वास्थ्य, शिक्षा, तथा अन्य आवश्यक सेवाको पहुँचको अभावसँग समेत जोठ दिनु पर्ने तर्क अगाडि सारीयो । यसै सन्दर्भमा नेपालमा सातौँ योजनामा आधारभूत आवश्यकताको अवधारणा समावेश गरिने थियो ।

खनाल, (२०६१) काअनुसार अर्थशास्त्रका पिता आडम स्मिथ ले सन् १९७६ मा भनेका थिए की बाँच्न र श्रमशक्तिको पुनः उत्पादनको विश्वासको लागि अन्ततोगत्वा धनी वर्गले पर्याप्त

ज्याला दिनुपर्दछ, अन्यथा यसले आर्थिक प्रणालीलाईनै तल घचेट्नेछ । यो दर्शनले गरिबीलाई घटाउन नसकी कृवल अभावलाई हटाउन सक्छ । गरिबीको सम्बन्धमा सर्वप्रथम चिन्तित हुने व्यक्ति Thomas Robert Malthusहुन् । उनले यदि जनसंख्यालाई खान पुगेन भने लडाई, रोग, भोकमरी देखि प्राकृतिक प्रकोपले आफैले नियन्त्रण गर्न सक्दछ भन्ने विचार प्रस्तुत गरेका छन् । उनले, जनसङ्ख्या वृद्धिले उब्जाएका समस्यालाई गहिरो रुपमा लिए । त्यसैगरी साम्यवादी सिद्धान्तका कार्लमार्क्सले पूँजीपतिहरूको शोषणबाट गरिबी जन्मिन्छ भन्ने तर्क दिदै शोषण विहीन समाजको आवश्यकता रहन्छ भन्ने परिकल्पना गर्दै आफ्ना विचार प्रस्तुत गरे । त्यस पछाडी मात्रै गरिबी सम्बन्धि विषयलाई गहन रुपमा छुट्टै विषयको रुपमा परिभाषित गरी अध्ययन गर्न थालिएको हो ।

मिश्र, (२००२) का प्रसिद्व समाजशास्त्री चैतन्य मिश्र भन्नुहुन्छ “मान्छेलाई बाँच्नको निम्ति केहि स्रोतहरू जग्गा, जमिन, पानी, पैसा, सीप ज्ञान संगठन हुन सक्दछ । संगठन आफैमा ठूलो साधन हो, सीप शिक्षा आफ्नो स्वरुप पनि ठुला स्रोत साधन हुन् कुन तहमा जीवन निर्वाह गर्ने कुरा छुट्टै छ तर जीवननिर्वाह गर्न यी विभिन्न खालका स्रोत र साधनको न्युनतम र अनुपयुक्त संयोजन नै गरिवी हो । उनका अनुसार शिक्षा नहुनु थोरै वाँच्नु न्युनतम मानवोचित जीवनयापन गर्ने आर्थिक आधार नहुनु यी तिन कुराका क्षमताको गरिवीको मुख्य द्योतक हो।

सेन, (२००४) का प्रसिद्ध भारतीय अर्थशास्त्री तथा नोबेल पुरस्कार विजेता डा. अमर्त्य सेनका अनुसार “साक्षरता, भुमफिर, लामो आयु, स्वास्थ जस्ता सामाजिक अवस्थाको अभावलाई गरिबीको संज्ञा दिएका छन् । उनको अर्थशास्त्र अनुसार कुनैपनि देशको प्रतिव्यक्ति आय नै त्यस देशको समृद्धि, गरिबीको मापदण्ड हुनसक्दैन ।”

आचार्य, (२०६२) का सामुहिक अध्ययन रिपोर्ट अन सिभिल सोसाइटी पार्टीसीपेन्ट टु रिडक्सन् पोभर्टी को अनुसार “गरिबीको अर्थ सिमित आम्दानी गाँस, बाँस, कपासको, अभाव सामाजिक मुल्य मान्यताबाट ग्रसित अधिकारका अवसरबाट वञ्चित, निरक्षरता, प्राकृतिक स्रोत र साधनको कम उपयोग र त्यस्ता सेवा सुविधाबाट बञ्चित शारिरीक, मानसिक कमजोरीपनाका साथै बर्ष भरी हातमुख जोर्न गाह्रो हुने, बढि शारिरीक कार्य गर्नुपर्ने अवस्थालाई नै गरिबीभनिन्छ ।”

अर्याल, (२०६४) का जितेन्द्र अर्यालको आफ्नो शोधपत्र (ग्रामीण नेपालमा गरिबी) शीर्षकको अध्ययनमा सिन्धुली जिल्लाको एक गा.वि.स.को विश्लेषण गर्दा गरिबीको प्रकृति, यसको समस्याको बारेमा विभिन्न प्रकारका सामाजिक, आर्थिक विशेषताहरूले प्रभाव पार्ने कुरामा जोड दिएका छन् । त्यसमा शिक्षाको स्तर, रोजगारी र जातिगत समुह रहेका छन् । विभिन्न साधन प्रयोग गरी के निष्कर्ष निकाले भने ४१.४२ प्रतिशतघरपरिवार र ४३.०प्रतिशत मानिस गरिबीको रेखामुनी र १८.५७प्रतिशतघरपरिवार र १६.९१ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीमा जीवन निर्वाह गर्न बाध्य छन् ।

भण्डारी, (१९८७)लेत्यस्तै गरी एस.आर. भण्डारीले आफ्नो शोधपत्रमा गरिबी रेखा र गरिबीको विस्तार मापन गर्ने क्रममा विभिन्न तथ्याङ्किय साधनहरू प्रयोग गरेका छन् । गरिबीको प्रकृति आदिको विषयमा विश्लेषण गर्दा विभिन्न तत्वसँग अन्तरसम्बन्ध भएको निष्कर्ष निकालेका छन् । जसमा सामाजिक-आर्थिक तत्वहरू जस्तैः पेशा, जग्गाको स्वामित्व, साक्षरता, जातिगत समूह आदि रहेका छन् । उनले गरिबीको समस्या, कारण र यसको विस्तारको विषयमा विश्लेषण गरी ४७.०६प्रतिशत घरपरिवारका ४१प्रतिशत मानिस गरिबीको रेखामुनि बाँच्न बाध्य छन् र गरिब मानिसले जम्मा आम्दानीको १६.७३ प्रतिशतमात्रै कमाउाछन् । यसरी गरिबी निकै भयावह अवस्थामा रहेको निष्कर्ष निकालेका छन् । गरिबीको समस्या हटाउन उपयुक्त खालको नीति तथा कार्यक्रम तय गरी लागू गर्न सुझाव समेत दिएका छन् ।

श्रेष्ठ, (२००५) ले आफ्नो शोधपत्रमा नेपालमा ग्रामीण गरिबी : गुल्मी जिल्ला पिपलधारा गा.वि.सको एक अध्ययन शीर्षकको शोधपत्रमा र सामाजिक आर्थिक सम्बन्ध, गरिबी र असमानताबारे उल्लेख गर्नुभएको छ । उहाँको अध्ययनमा अध्ययन क्षेत्रबाट लिइएको प्राथमिक तथ्याङ्क र राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग, विश्व बैंक आदिको तथ्याङ्कलाई दोस्रो तथ्याङ्कको रुपमा प्रयोग भएको छ । अध्ययनमा तथ्याङ्किय साधनGini coefficient, Sen’s poverty index, wolf point, correlation regression, Lorenz curve range आदीको प्रयोग भएको छ । वृत चार्टको प्रयोग गरी गरिबीको तथ्याङ्क प्रस्तुत गरिएको छ । अध्ययनमा ६०प्रतिशत घरधुरी र ५९.७० प्रतिशत जनसंख्या निरपेक्ष गरिब र १४.९३ प्रतिशत जनसंख्या र १६.२५प्रतिशतघरधुरी सापेक्ष गरिब रहेको तथ्य प्राप्त भएको छ ।

त्यसैगरी २३.७५ प्रतिशत घरधुरी र २५.३७प्रतिशत जनसंख्या धनी रहेको पनि प्राप्त भएको छ ।

प्रधान, (२००३) लेनेपालको ग्रामीण क्षेत्रमा गरिबीले जडो गाडेको छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरू प्राय गरिबीमा बाँचिरहेका छन् । उनीहरूको मुख्य जीवनको आधार भनेको कृषि पेशा हो । कृषिमा आधारित भएता पनि थोरै कृषि योग्य जमिन, कम उत्पादकत्व, विज्ञान तथा प्रविधिको क्षेत्रमा पछौटेपन, शिक्षाको अभाव, कृषि बजारको अभाव, लगायत अन्य कृषि पेशाको लागि आधारभुत पूर्वाधारको कमी तथा आवश्यक कृषि ऋणको अभाव नै गरिबीको मुख्य कारक हो ।

खनाल,(२०६१)ले अर्घाखाँची जिल्ला वागी गा.वि.स.को एक अध्ययन शिर्षकमा आफ्नो शोधपत्र तयार पार्नु भएको छ । उहाँको शोधपत्रमा अध्ययन क्षेत्रको सापेक्ष र निरपेक्ष गरिबीको मापन गर्ने गरिवीको फैलावट मापन गर्ने, गरिवीका कारण पत्ता लगाउने र गरिवीसँग सम्बन्धित अन्य तत्वहरूको सम्बन्ध पहिचान गर्ने उद्देश्य रीखएको छ । प्राथमिक र द्वितीय तथ्यांकका साधनहरू प्रयोग गरी तथ्यहरू लिइएको छ र ती तथ्यांकलाई Range, Gini coefficient Lorenz Curve, Variance, Correlation आदी तथ्यांकीय साधनको माध्यमबाट विश्लेषण गरिएको छ । उनको अध्ययनमा ३६.५६ प्रतिशत नमुना जनसंख्या निरपेक्ष गरिवी र ३२.२२ प्रतिशत रहेको छ । आय असमानता ०.२९ प्रतिशत रहेको छ साथै दमाई र कामी जातीमा विशेष रुपले बढी गरिबी रहेको बताइएको छ ।

क्षेत्री, (१९९६) को “नेपालमा गरिबीको केहि अवधारणाहरूको सुक्ष्म अध्ययन” शीर्षकमा आय, उपभोग खर्च, खाना खर्च र जमिनको स्वामित्व सम्बन्धि नेपालको ग्रामीण क्षेत्रमा ३२ जिल्लामा सन् १९९१/०९२मा नेपालमा राष्ट्र बैंकबाट ७३३६ घरधुरी सर्वेषण गरिने थियो । यो अध्ययनको मुख्य उद्देश्य बढ्दो कृषि क्षेत्र र गैरकृषि क्षेत्रको विभिन्न आय आर्जन समूह जमिन विहिन सिमान्त कृषक आदिको प्रभाव पत्ता लगाउनु रहेको छ । तल्ला ५३ प्रतिशत तराईमा कम आय समूहले गैर कृषि क्षेत्रको क्रियाकलापबाट तिनीहरूको जम्मा आम्दानीको ५% भन्दा बढी कमाउँछन् । जग्गा विहिन सिमान्त कृषकहरूको घरघुरी ०.५ हेक्टर भन्दा कम हुनेको ४०% तराइमा, ७० प्रतिशत पहाडमा र ७७ प्रतिशत हिमाली भेगमा गरिवीको रेखामुनि बस्दछन् । ०.५ हेक्टर देखि २ हेक्टरसम्मको सानो जमिनको आकार हुने किसान

३० प्रतिशत तराईमा, ६० प्रतिशत पहाडमा र ५९ प्रतिशत हिमाली भेगमा गरिवीको रेखामुनि छन् ।

भट्टराई, (२००९) का अनुसार ग्रामीण गरिवीको प्रकृति र कारण खोटाङ जिल्ला चिउरीडाँडा गा.वि.स.का दलित समुदायको एक अध्ययन प्रतिवेदन, खोटाङ जिल्ला चिउरीडाँडा गा.वि.स.का दलित समुदायहरूको ग्रामीण गरिवीको प्रकृति र गरिवी, गरिवीको शिक्षा, रोजगार र भुस्थायित्वसँगको सम्बन्ध र गरिवी घटाउने उचित उपाय बारे सुझाव दिने उद्देश्य राखी अनुसन्धान गरिएको थियो । उक्त अध्ययनमा १०३ मध्ये ६० घरधुरीलाई नमुना छनोट रुपमा लिईएको छ ।तथ्याङ्कको विश्लेषण परिमाणात्मक तथा विश्लेषणात्मक विधिबाट गरिएको छ । उक्त अध्यागमनमा ६१.६७ प्रतिशत जनसंख्या निरक्षर छन् भने ३८.३३ प्रतिशत साक्षर रहेका छन् । ६० घरपरिवार मध्ये २१ घरपरिवारले आफ्नो जातीय अनुसारको काम समालिएको पाईयो । त्यस्तै आर्थिक रुपले सक्रिय जनसंख्या ४९.२८ प्रतिशत पाईयो । ७० प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न रहेका र ३० प्रतिशत जनसंख्या गैरकृषि पेशामा संलग्न रहेको पाईयो । यस अध्ययन अनुसार गरिवी बढ्नमा आर्थिकरुपमा जनशक्ति कम हुनु, साक्षर मानिस कम हुनु, जातीय भेदभाव हुनु, कृषिमा बढी जनशक्ति आवद्ध हुनु आदी कारणहरू भएको पाईयो र उक्त समस्याको समाधान गरी गरिवी घटाउनलाई व्यवसायिक कृषि, पशुपालन गर्नु, जनचेतनामूलक शिक्षा दिनु र आर्थिकरुपमा सक्रिय जनशक्तिमा बृद्धि गर्नु आदी रहेका छन् ।

अर्थमन्त्रालय (२०७३) का अनुसार आर्थिक असमानता भनेको व्यक्ति-व्यक्ति बिचमा हुने आम्दानीको भिन्नता हो । कहिलेकाहीँ गरिबी र असमानतालाई एउटै अर्थमा पनि बुझ्ने गरिन्छ तर यी दुई शब्दमा भिन्नता रहेको छ । गरिबी भनेको समाजको वा राष्ट्रको त्यो पक्षसँग सम्बन्धित रहेको छ, जहाँ मानिसहरू आफ्ना आधारभूत आवश्यकताहरू गास, बास, कपास, शिक्षा, स्वास्थ्य जस्ता कुराहरू पनि पुरा गर्न सक्दैनन् तर असमानता भनेको समाजको वा राष्ट्रको त्यो पक्षसँग सम्बन्धित हुन्छ, जहाँ व्यक्तिहरूसँग सबै वस्तु तथा सेवाहरू हुन्छन् तर गरिबी उच्च हुन्छ । समाजमा कुनै व्यक्ति धनी हुन्छन् भने कुनै व्यक्ति गरिव हुन्छन् । कामको क्षमता, रोजगारको अवसर, कामको प्रकृति आदि कारण कुनै व्यक्ति धनी र कुनै व्यक्ति गरिव हुन्छन् । यही धनी र गरिव बीचको अन्तर नै आर्थिक असमानता हो ।

अर्थमन्त्रालय (२०७३) का अनुसार विकासशील राष्ट्रका २० प्रतिशत धनी मानिसहरूले राष्ट्रिय आयको ५० प्रतिशतभन्दा बढी हिस्सा प्राप्त गर्दछन् भने विकसित राष्ट्रका २० प्रतिशत धनी मानिसहरूले राष्ट्रिय आयको ४५ प्रतिशतभन्दा कम हिस्सा प्राप्त गर्दछन् । विकासशील राष्ट्रमा आय वितरण असमानताको दर १.६७ देखि २.३३ सम्म छ भने विकसित राष्ट्रमा यो दर १.२५ देखि १.२९ सम्म मात्र छ । त्यसैले विकसित देशमा भन्दा विकासशील देशमा आय वितरणको असमानता बढी छ । सन् १९६३ मा कुजनेटले १८ देशको आय वितरणको आकारलाई गिनी गुणाङ्कबाट देखाएका छन् । उनका अनुसार विकसित देशमा गिनी गुणाङ्क ०.३७ र विकासशील देशमा ०.४४ रहेको थियो । नेपालमा आर्थिक वर्ष २०५२/०५३ मा ०.३४ रहेकोमा २०६०/६१ मा ०.४१ पुगेको थियो भने आर्थिक वर्ष २०७०/७१ मा सहरी क्षेत्रमा ०.३५३, ग्रामीण क्षेत्रमा ०.३११ र समग्ररूपमा नेपालमा ०.३२८ पुगेको छ ।

## २.३ यस अध्ययनका लागि साहित्यको पुनरावलोकनको सारांश(Implication of Literature Review for the Study)

नेपाल राष्ट्र बैक, (२०६७) का अनुसार कतै व्यक्ति वा परिवारलाई त्यसवेला गरिव भनिन्छ जतिवेला उनको जीवनस्तर सामान्य गरिबीको रेखाभन्दा तल पर्दछ । गरिबी भनेको पर्याप्त मात्रामा आय नहुनु, कुपोषण, शिक्षा, स्वास्थ्य, सरसफाई र सामाजिक प्रतिष्ठामा पहुँचको कमी हुनु हो । राष्ट्रिय योजना आयोग, (२०६७) का अनुसार दशौं पञ्चवर्षीय योजनाको अन्त्यमा आर्थिक वृद्धिदर ४.३ प्रतिशतको लक्ष्य लिइएकोमा ३.४ प्रतिशत लक्ष्य हासिल भएको छ भने आगामी त्रिवर्षीय योजनामा ५.५ प्रतिशत पुऱ्याउने उल्लेख गरिएको छ । रोजगारी वृद्धिदर आर्थिक वर्ष२०६६/०६७ मा ३.० प्रतिशत रहेको छ भने आगामी त्रिवर्षीय योजनामा ३.६ प्रतिशतले वृद्धिहुने लक्ष्य लिइएको छ । त्यसैगरी साक्षरतामा ६० प्रतिशत पुऱ्याउने र गरिबीको दर २१ प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ ।

केन्द्रिय तथ्याङ विभाग, (२०६२) का अनुसार नेपाली जनताहरु शहरी क्षेत्रमा १० प्रतिशत, ग्रामीण क्षेत्रमा ३५ प्रतिशत र सम्पूर्ण नेपालमा ३१ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनी बाँच्न बाध्य छन्। पहाडी क्षेत्रमा सबैभन्दा वढि ३४.५ प्रतिशत, तराईमा सबैभन्दा कम २७.६ प्रतिशत र हिमालमा ३२.६ प्रतिशत भएको उल्लेख गरेको छ । त्यस्तै तेस्रो जीवन स्तर सर्वेक्षण २०६६/०६७ मा नेपालमा २५.१६ प्रतिशत मानिस गरिबीको रेखामुनि रहन बाध्य

छन् । शहरी क्षेत्रमा १५.४६ प्रतिशत र ग्रामीण क्षेत्रमा २७.४३ प्रतिशत मानिस गरिबीको रहेको अध्ययनको रिपोर्ट देखाएको छ ।

पौडेल,(२०७३) का अनुसार सामान्य शब्दमा गरिबी भनेको आफ्नो आम्दानीले आफ्ना दैनिक आधारभूत आवश्यकताहरू, गास, बास तथा कपास जस्ता समस्याहरू समाधान गर्न नसक्नु हो । अर्को शब्दमा न्यूनतम क्यालोरी उपभोगको लागि आवश्यक आयस्तरभन्दा कम आय हुनुलाई गरिबी भनिन्छ । विश्व बैंकका अनुसार न्यूनतम जीवनस्तर प्राप्त गर्न नसक्नुलाई गरिबी भनिन्छ । त्यसैगरी युएनडीपी (UNDP) का अनुसार कम प्रत्याशित आयु, कम साक्षरता एवं शैक्षिक प्राप्ति तथा निम्न जीवनस्तरलाई गरिबी भनिन्छ ।

Shwami, (1985)का अनुसार गरिवीको पहिचान कसरी गर्ने र यसको मापन कसरी गर्ने भन्ने सन्र्दभमा अर्थशास्त्रीअनुसार फरक-फरक धारणा पाइन्छ । अर्थशास्त्रीLaser R. Brownभन्छन की गरिवी निराशा, दुःख र पिडा हो । गरिवी भोकमरी, रोग, कुपोषण, उचित वासथान, खानेपानी, सरसफाई, स्वाथ्स्य सुविधाको अभाव हो । Oscar, (1999) का अनुसार गरिवीलाई सुक्ष्म र वृहत दुई अर्थमा व्यक्त गरिएको पाइन्छ । सुक्ष्म अर्थमा परिभाषित गर्दा गरिवीले न्युन क्यालोरी शक्ति भएको खाना, वसोवास, कपडाको अभाव, आधारभूत स्वास्थ्य सुविधाको अभाव, अशिक्षा, उच्च वाल मृत्युदर, न्युन प्रति व्यक्ति आय, न्युन खरीद क्षमता र उच्च ग्रामीण तथा शहरी वसाईसराईलाई जनाउँछ ।

Gnawali, (1994) का अनुसार आजको तेस्रो विश्वमा बाँच्ने सवाललाई लिएर भोकको विरुद्धमा चलिरहेको लँडाई तथा कुपोषण र ग्रामीणक्षेत्रको अवभाव नै गरिवी हो । अप्रर्याप्त आर्थिक स्तिथि जसको प्रयोगले न्यूनतम् आवश्यकता पनि पूरा हुन सक्दैन र कम पोषणयुक्त खाना, भोक, रोग र भारयुक्त जीवनयापन गर्नुपर्ने अवस्था नै गरिवी हो।कुँवर, (२०५७) का अनुसार गरिवी त्यो दशा हो जसमा एउटा व्यक्तिले अप्रर्याप्त आयको कारण वा अनिच्छित व्ययको कारण तथा मानसिक दक्षताको लागि अनिवार्य र आफ्नो समाजको स्तर अनुसार उ र उसका आश्रीत परिवारका सदस्यहरूलाई काम गर्न सक्षम वनाउन असमर्थ हुन्छ ।

Rojedorse, (1984)का अनुसार गरिवीलाई सापेक्ष र निरपेक्ष गरिवी गरि मुख्यत २ प्रकारले व्याख्या गर्न सकिन्छ । खाना, वास, कपडा जस्ता आधारभुत आवश्यकता पूर्ति गर्नका लागि चाहिने जति आम्दानी नभएका मानिसहरूलाई निरपेक्ष गरिवी (Absolute Poverty)का रुपमा रहेको मानिन्छ । त्यसैगरी, अन्य व्यक्ति समाज र देशसँग तुलना गरि

हेर्दा देखिने बिपन्नतालाई सापेक्ष गरिवी (Relative Poverty)का रुपमा परिभाषीत गरिन्छ । धनी-धनी विच तुलना गर्दा एउटा गरिव वन्न सक्दछ । यस्तो गरिवीलाई सापेक्ष गरिवी अर्थात् तुलनात्मक गरिवी पनि भनिन्छ।

दाहाल तथा अन्य,(२०६६) का अनुसार विश्व खाद्य तथा कृषि संगठनले अनुमान गरे अनुसार नेपालमा प्रतिव्यक्ति दिन बाँच्नको लागि आवश्यक न्युनतम् २,२२० क्यालोरी शक्ति आवश्यक पर्ने तथा सम्पुर्ण खाद्य खर्चको प्रतिनिधित्व गरोस भन्ने हेतुले अभिवृद्धि गरी एक प्रकारको डालो निर्धारण गरिएको छ । Jhingan, (1942)का अनुसार गरिवीको रेखाको अनुमान दुई आधारहरुWolf Point र निरपेक्ष गरिवीको आधारमा गरिन्छ । ति घरपरिवारहरू जसको आय न्युनतम् जीवन निर्वाहको आवश्यकताभन्दा उच्च हुन्छ तर Wolf Pointको स्तरभन्दा तल हुन्छ भने त्यसलाई सापेक्ष वा तुलनात्मक गरिवीभनिन्छ ।

अर्थमन्त्रालय, (२०७३) का अनुसार संसारका कुनै पनि मानिसले गरिब बन्ने तथा गरिबीको अवस्थामा रहने चाहना राखेको हुँदैन । सबै मानिसले गरिबीलाई हटाउन वा गरिबीबाट मुक्त हुन चाहन्छन् । तर विकासशील देशहरूमा यसको विस्तार भइरहेको छ । सरकारी तथ्याङ्कलाई आधार मान्ने हो भने आर्थिक सर्वेक्षण २०७२/७३ का अनुसार सन् २०१६ सम्ममा नेपालमा २१.६ प्रतिशत मानिस मात्र गरिबीको रेखामुनि रहेका छन् । विकासशील देशहरूको अर्थव्यवस्था प्रायः कृषिमा नै निर्भर गरेको हुन्छ ।

के.सी., (२०७१) का अनुसार सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालन गरिने गरिबी निवारण सम्बन्धी विभिन्न कार्यक्रमहरूमा स्थानीय गरिव समुदायका व्यक्तिहरूलाई कार्यक्रम सञ्चालनमा रहेका प्रक्रियामा सहभागी बनाउनु पर्दछ । यसोगर्दा उनीहरूले ती कार्यक्रमहरूलाई सहज रूपमा स्वीकार गर्ने तथा सहयोग गर्ने गर्दछन् । फलस्वरूप, ती गरिबी निवारण वा न्यूनीकरणका कार्यक्रमहरू र ती कार्यक्रमहरूबाट प्राप्त उपलब्धि दिगो बन्ने गर्दछन् । ग्रामीण क्षेत्रमा बसोवास गर्ने गरिव समूदायका मानिसहरूले उच्च शिक्षा तथा सिप हासिल नगरेका कारण बेराजगार भई आम्दानी न्यून हुन्छ । ती व्यक्तिहरूलाई रोजगारीको सिर्जना गर्न सकेको खण्डमा उनीहरूको आम्दानीमा वृद्धि हुन्छ र नेपालमा गरिबी न्यून गर्न सकिन्छ ।

बास्कोटा, (२०७०) काअनुसार गरिबीले आम्दानीको न्यूनताको सङ्केत गर्दथ्यो । सन् १९७० को दशकको सुरुमा गरिबीलाई न्यूनतम जीवन निर्वाह गर्न नसक्ने अवस्था भनेर बुझिन्थ्यो

। यस अनुरुप गरिबीलाई कम आयको अर्थमा मात्र नभएर स्वास्थ्य, शिक्षा, तथा अन्य आवश्यक सेवाको पहुँचको अभावसँग समेत जोठ दिनु पर्ने तर्क अगाडि सारीयो । खनाल, (२०६१) काअनुसार अर्थशास्त्रका पिता आडम स्मिथ ले सन् १९७६ मा भनेका थिए की बाँच्न र श्रमशक्तिको पुनः उत्पादनको विश्वासको लागि अन्ततोगत्वा धनी वर्गले पर्याप्त ज्यला दिनुपर्दछ, अन्यथा यसले आर्थिक प्रणालीलाईनै तल घचेट्नेछ ।

मिश्र, (२००२) का प्रसिद्व समाजशास्त्री चैतन्य मिश्र भन्नुहुन्छ "मान्छेलाई बाँच्नको निम्ति केहि स्रोतहरू जग्गा, जमिन, पानी, पैसा, सीप ज्ञान संगठन हुन सक्दछ । संगठन आफैमा ठूलो साधन हो, सीप शिक्षा आफ्नो स्वरुप पनि ठुला स्रोत साधन हुन् कुन तहमा जीवन निर्वाह गर्ने कुरा छुट्टै छ तर जीवननिर्वाह गर्न यी विभिन्न खालका स्रोत र साधनको न्युनतम र अनुपयुक्त संयोजन नै गरिवी हो । सेन, (२००४) का प्रसिद्ध भारतीय अर्थशास्त्री तथा नोबेल पुरस्कार विजेता डा. अमर्त्य सेनका अनुसार "साक्षरता, भुमफिर, लामो आयु, स्वास्थ जस्ता सामाजिक अवस्थाको अभावलाई गरिबीको संज्ञा दिएका छन् । आचार्य, (२०६२) का अनुसार "गरिबीको अर्थ सिमित आम्दानी गाँस, बाँस, कपासको, अभाव सामाजिक मुल्य मान्यताबाट ग्रसित अधिकारका अवसरबाट वञ्चित, निरक्षरता, प्राकृतिक स्रोत र साधनको कम उपयोग र त्यस्ता सेवा सुविधाबाट बञ्चित शारिरीक, मानसिक कमजोरीपनाका साथै बर्ष भरी हातमुख जोर्न गाह्रो हुने, बढि शारिरीक कार्य गर्नुपर्ने अवस्थालाई नै गरिबी भनिन्छ ।"


## २.४अनुसन्धान छिद्र(Research Gap)

यस शोधपत्र तयार गर्दा अन्य विभिन्न अप्रकाशित शोधपत्र पनि अध्ययन गरिएकोकेहि शोधपत्र र त्यस शोधपत्र मा रहेको (Research Gap)के कारणवाट गरिबीको सृजना हुन्छ भन्ने कुराको ब्याख्या रहेको छ । त्यस्तै गरिबीले गर्दा के कस्ता समस्या भोग्न बाध्य हुनुपर्दछ भन्ने कुरालाई सक्षिप्त मात्र ब्याख्या गरिएको छ। तसर्थ, यो शोधपत्रमा त्यो अपूर्णतालाई पूर्ण बनाउने प्रयास गरिएको छ । गरिबीको ब्याख्या गर्ने क्रममा निरपेक्ष गरिबी (Absulate Poverty)सापेक्ष गरिबी (Relative Poverty)भनि ब्याख्या गरिएको छ । तर कति देखि कति सम्म आय स्तर हुने लाई निरपेक्ष र सापेक्ष भनि छुट्ट्याउने कार्य भएको छैन, ग्रामीण स्तरमा ब्याप्त देखिने गरिबीले के कस्ता क्षेत्रमा असर पुऱ्याएको छ भन्ने वारे सक्षिप्त मात्र ब्याख्या गरेको पाईयो । तर यो शोधमा त्यसको बृहत ब्याख्या गरिएको छ ।

त्यसरीनै कृषि पेशामा आबद्ध जनसङ्ख्याहरूलाई के कस्ता क्षेत्रमा हस्तान्तरण गर्न सकिन्छ। भन्ने कुराको उल्लेख्य ब्याख्या गरेको पाईदैन, ग्रामीण स्तरमा गरिबीले आर्थिक र शैक्षिक क्षेत्रमा पारेको प्रभावका वारेमा अन्य शोधपत्रमा व्याख्या विश्लेषण गरिएको छैन यस अर्थमा ग्रामीण भेगमा आर्थिक क्षेत्र अन्तरगत भौगोलिक अवस्था जातिगत समुह काम गर्न सक्ने जनशक्ति उमेर समुह आदी सामाजिक वनावट र शिक्षा क्षेत्र अन्तरगत विद्यालय जाने उमेर समुह, शैक्षिक प्रगती विवरण,पेशागत विवरण आदिलाई विभिन्न तालिका, पाईचार्ट, स्तम्भ आदिमा ब्याख्या गरिएको छ।

## २.५ अध्ययनको अवधारात्मक ढाँचा(Conceptual Framework of the Study)


यस यध्ययनको अवधाराणात्मढाँचा यस प्रकार रहेको छ।




स्रोत: खनाल, (२०६१)

## २.४ अध्ययनको कार्यात्मक ढाँचा(Functional  Framework of the Study)

यस अध्ययनको कार्यात्मक ढाँचा यस प्रकार रहेको छ ।



# अध्याय तीन(CHAPTER THREE)

## ३. अनुसन्धानविधि र प्रक्रिया(Research Methodology and Procedures)

यस अध्यायमा अनुसन्धानको क्रममा प्रयोग गरिने अध्ययनको ढाँचा, तथ्याङ्कको स्रोत, जनसङ्ख्या, नमुना आकार र नमुना छनोट रणनीति, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका साधन, तथ्याङ्क सङ्कलका विधि वा तरिका, तथ्याङ्क सङ्कलको प्रक्रिया र तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक अनुसन्धान ढाँचा (Descriptive and Analytical Research Design) मा आधारित छ । यो अध्ययनमा प्राथमिक तथा द्वितीय तथ्याङ्को प्रयोग गरिएको छ । प्राथमिकतथ्याङ्को संकलन नमूना छनौटमा परेका धादिङ जिल्लाको वैरेनी गा.वि.स. को वडा नं. १, २ र ३ का घरपरिवारका अभिभावकबाट लिइएको छ भने द्वितीय तथ्याङ्क विभिन्न प्रकाशित तथा अप्रकाशित स्रोतबाट लिइएको छ । प्राथमिक तथ्याङ्कको संकलनका लागि साधनको रुपमा प्रश्नावली, अवलोकन सूची तथा छलफल निर्देशिका प्रयोग गरिएको छ भने औजारको रुपमा अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन र लक्षित समूह छलफलको प्रयोग गरिएको छ । प्राथमिक तथा द्वितीय तथ्याङ्कको स्वरुप सङ्ख्यात्मक र गुणात्मक दुवै खालको छ ।

## ३.२. तथ्याङ्कको स्रोत (Sources of Data)

यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुबै तथ्याङ्कको प्रयोग गरिएको छ । प्राथमिक तथा द्वितीय तथ्याङ्कका स्रोतहरु यस प्रकार उल्लेख गरिएको छ ।

### ३.२.१ प्राथमिकतथ्याङ्कका स्रोत(Pources of Primary Data)

यस अध्ययनमा प्राथमिक तथ्याङ्कको प्रयोग उल्लेख्य मात्रामा गरिएको छ । प्राथमिक तथ्याङ्कको संकलन अध्ययन क्षेत्रको रुपमा नमूना छनोटमा परेका अभिभावकबाट गरिएको

छ । त्यसैले, यस अध्ययनका लागि प्रयोग गरिएका प्राथमिक तथ्याङ्का स्रोत भनेको नमूना छनौट क्षेत्रमा रहेका घरपरिवारका अभिभावकहरु हुन् ।

### ३.२.२ द्वितीयतथ्याङ्कका स्रोत(Sources of Secondary Data)

यस अध्ययनमा प्राथमिक तथ्याङ्कको साथसाथै द्वितियतथ्याङ्क प्रयोग पनि गरिएको छ । अध्ययनकार्यलाई प्रभावकारी वनाउन द्वितियतथ्याङ्कको प्रयोग गरिएको हो । यस अध्ययनमा प्रयोग गरिएका द्वितियतथ्याङ्क स्रोतहरूमा विभिन्न संस्थाहरू, पत्रपत्रिकामा प्रकाशित विभिन्न लेखरचना, रिपोर्ट, जि.वि.स, गा.वि.स., जि.प्र.का., गरिवी निवारणकोष, अर्थमन्त्रालय, शिक्षा मन्त्रालय तथा विभिन्न सरकारी र गैर सरकारी निकायबाट प्रकाशित तथा अप्रकाशित सामाग्रीहरु हुन् ।

## ३.३ जनसङ्ख्या, नमूना आकार र नमूना छनोट रणनीति (Population Sample Size and SamplingProcedures)

यो अध्ययन धादिङ्ग जिल्लाको वैरेनी गा.वि.स. वडा नं. १, २ र ३ मा सम्पन्न गरिएको छ । यस अध्ययनको जनसंख्या, नमूना आकार र नमूना छनौट रणनीति यस प्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसङ्ख्या (Population)

यो अध्ययनको अध्ययन एकाइ धादिङ्ग जिल्लाको वैरेनी गा.वि.स.को वडा नं. १, २ र ३ हुन । वैरेनी गा.वि.स.को कुल जनसंख्या ५४३२ जना मध्ये पुरुष ४८.०४ प्रतिशत अर्थात २६१० जना र महिला ५१.९६ प्रतिशत अर्थात् २८२२ जना रहेका छन् । यस गा.वि.स.मा कुल ११२० घरधुरी रहेका छन् । त्यसमध्ये सबैभन्दा बढि वडा नं. १, २ र ३ मा क्रमशः ११०, १२५ र १४५ गरी जम्मा ४८० घरधुरी संख्या रहेको छ ।वडा नं. १ मा कुल जनसंख्या ५४५ जना मध्ये पुरुषको जनसंख्या ४४.०६ प्रतिशत २४० जना र महिलाको जनसंख्या ५५.९४ प्रतिशत रहेको छ । त्यसैगरी वडा नं. २ मा कुल जनसंख्या ६०८ जना मध्ये पुरुषको जनसंख्या ४६.८८ प्रतिशत अर्थात् २८५ जना र महिलाको जनसंख्या ५३.१२ प्रतिशत अर्थात् ३२३ जना रहेको छ । त्यसैगरी वडा नं. ३ मा कुल जनसंख्या ६९८ जना मध्ये पुरुषको जनसंख्या ४७.२८ प्रतिशत अर्थात् ३३० जना र महिलाको जनसंख्या ५२.७२

प्रतिशत अर्थात् ३६८ जना रहेको छ । त्यसैले, यस अध्ययनको जनसंख्या भनेको नमूना छनौटमा परेको वैरेनी गा.वि.स.मा रहेको वडा नं. १, २ र ३ रहेका कुल घरधुरी संख्या ४८० हो ।

### ३.३.२ नमूना आकार (Sample Size)

यस अध्ययनमावैरेनी गा.वि.स. वडा नं. १, २ र ३ मा रहेका कुल घरधुरी संख्या ४८० बाट ३०० घरधुरीलाईसमावेश गरिएको छ । त्यसैले, यस अध्ययनको नमूना आकार भनेको ३०० घरधुरी अर्थात् ६२.५ प्रतिशत हो ।

### ३.३.३ नमूना छनोट रणनीति (Sampling Strategy)

अध्ययन कर्तासँग समय, आर्थिक लगानी र आवश्यक जनशक्तिको अभावको कारण निश्चित क्षेत्र तथा जनसङ्ख्यालाई नमूनाको रुपमा निम्नानुसार छनोट गरिएको छ ।

१. यस अध्ययनका लागि धादिङ्ग जिल्लाको वैरनी गा.वि.स.लाई उद्देश्यात्मक नमूना छनौट विधिको आधारमा छनौट गरिएको छ । किनकी यस क्षेत्रबाट अध्ययनकर्तालाई आवश्यक पर्ने तथ्यांक संकलन गर्न सजिलो भएकाले छनौट गरिएको हो । यो ठाउँ अध्ययनकर्ताको आफ्नै स्थायी वसोवास भएकोले पनि यो क्षेत्र छनौट गरिएको हो ।

२. वैरेनी गा.वि.स.मा रहेका ९ वटा वडाहरुमध्ये वडा नं. १, २ र ३ लाई पनि उद्देश्यात्मक नमूना छनौट विधिको आधारमा छनौट गरिएको छ । किनकी यी वडाहरुमा अन्य वडाहरुमा भन्दा घरधुरी संख्या पनि बढि रहेको र अन्य वडाहरुभन्दा यि वडाहरु विकट भौगोलिक क्षेत्रमा रहेका कारण नमूनाको रुपमा यि वडाहरुलाई छनौट गरिएको हो ।

३. नमूना छनौटमा परेका वडाहरुमा क्रमशः ११०, १२५ र १४५ गरी जम्मा ४८० घरधुरी संख्या रहेका छन् । प्रत्येक वडाबाट समान प्रतिनिधित्व हुनेगरी धेरै घरधुरी भएको वडाबाट धेरै घर र थोरै घरधुरी भएको वडाबाट थोरै घरधरी पर्ने गरी समानुपातिक नमूना छनौट विधिका आधारमा वडा नं. १, २ र ३ बाट क्रमशः ७७, १००र १२३ गरी जम्मा कुल ३०० घरधुरी छनौट गरिएको छ ।

४. नमूना छनौटमा परेका ३०० घरधुरीका अभिभावकहरुलाई प्राथमिक तथ्यांकका स्रोतको रुपमा अध्ययनमा समावेश गरिएको छ ।

## ३.४ अध्ययन क्षेत्र(Study Area)

यस अध्ययनको क्षेत्र मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत बाग्मती अञ्चलमा पर्ने धादिङ्ग जिल्लाको वैरेनी गा.वि.स.को वडा नं. १, २ र ३ हो ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरू(Tools of Data Collection)

तथ्याङ्क सङ्कलन गर्न विविध किसिमका तथ्याङ्क संकलनका साधनहरूको प्रयोग गरिएको छ । यस अध्ययनमा तथ्याङ्कसंकलनका लागि मुख्य साधनका रुपमा अन्तर्वाता प्रश्नावलीको प्रयोग गरिएको थियो भने अन्य साधनको रुपमा छलफल निर्देशिका र अवलोकन फारमको पनि प्रयोग गरिएको थियो । ति साधनहरुलाई यस प्रकार उल्लेख गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनमा तथ्याङ्क संकलनको लागि मुख्य रुपमा अर्न्तवार्ता प्रश्नावली प्रयोग गरिएको थियो । नमूना छनौटमा परेका घरधुरीका अभिभावकहरुबाट तथ्यांक संकलन गर्नका लागि संरचित प्रश्नावलीको निर्माण गरिएको थियो । जसको नमूना अनुसूची १ मा देखाइएको छ ।

### ३.५.२ छलफल निर्देशिका(Discussion Gride)

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलनका लागि नमूना छनौटमा परेका घरपरिवारका अभिभावहरुलाई सामुहिक छलफलका लागि छलफल निर्देशिका तयार गरिएको थियो । जसको नमूना अनुसूची २ मा देखाइएको छ ।

### ३.५.३अवलोकन सूची(Observation List)

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलनका लागि नमूना छनौटमा परेका घरपरिवारको अवलोकनका लागि अवलोकन सूची तयार गरिएको थियो । जसको नमूना अनुसूची ३ मा देखाइएको छ ।

## ३.६तथ्याङ्क सङ्कलनका तरिकाहरू(Techniques of Data Collection)

यस अध्ययनमा तथ्याङ्कसंकलनका लागि मुख्य विधि, रणनीति वा तरिकाको रुपमा अर्न्तवार्तालाई प्रयोग गरिएको छ भने अन्य विधि, रणनीति वा तरिकाको रुपमा लक्षित समूह छलफल तथा प्रत्यक्ष वा सहभागीमूलक अवलोकनलाई प्रयोग गरिएको छ । ति विधि, रणनीति वा तरिकाको प्रयोग यस प्रकार गरिएको थियो ।

### ३.६.१ अर्न्तवार्ता(Interview)

यस अध्ययनमा तथ्याङ्क संकलनको लागि मुख्य रुपमा अर्न्तवार्ता सञ्चालन गरिएको थियो । नमूना छनौटमा परेका घरपरिवारका अभिभावहरुसँग अध्ययनकर्ताले प्रत्यक्ष रुपमा भेटघाट गरी उनीहरुसँग आम्ने साम्ने (Face to Face) रुपमा बसी प्रत्यक्ष व्यक्तिगत अर्न्तवार्ता (Direct Personal Interview) लिइएको थियो । यस क्रममा उनीहरुलाई विशेषगरी अध्ययन क्षेत्रका मानिसहरूको जनसांख्यिक, आर्थिक, आम्दानी, खर्च,बचतको स्थिती, सामाजिक, शैक्षिक, राजनिति, भू-स्वामित्व, रोजगार आदिको अवस्थाको बारेमा सोधिएको थियो ।

### ३.६.२ लक्षित समूह छलफल (Focus Group Discussion)

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलनका लागि नमूना छनौटमा परेका घरपरिवारका अभिभावकहरुमध्येबाट १२/१२ जना पर्ने गरी दुई समूह बनाई मितिः २०७१ मंशिर १२ गते वैरनी गा.वि.स. भवनमा पहिलो समूहलाई विहानी समयमा र दोस्रो समूहलाई दिवा समयमा राखि छलफल संचालन गरिएको थियो । लक्षित समूह छलफलका लागि तयार गरिएको छलफल निर्देशिकाको आधारमा उनीहरुलाई प्रश्न सोधिएको थियो भने उनीहरुले दिएको जवाफको रेकर्ड सहयोगि मित्र रमिला हमालले कापीमा टिपोट गर्नुभएको थियो । उक्त कार्यक्रमको संचालन स्वयं अनुसन्धानकर्ताले गर्नुभएको थियो ।

### ३.६.३प्रत्यक्ष अवलोकन(Direct Observation)

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलनका लागि नमूना छनौटमा परेका घरपरिवारको आर्थिक अवस्थामध्ये घरको बनावट, जग्गाजमिन, उनीहरुको घर भित्रको भौतिक अवस्था, उनीहरुको लवाइखवाई, उनीहरुको वासस्थान रहेका ठाउँको

आर्थिक महत्व, उनीहरुका व्यावसाय आदिको अवलोकन अध्ययनकर्ताको आफ्नै उपस्थितिमा प्रत्यक्ष रुपमा गरिएको थियो ।

## ३.७तथ्याङ्क सङ्कलन प्रक्रिया (Data Collection Procedure)

यस अध्ययनको उद्देश्य परिपूर्तिका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्न प्रश्लावली लिएर अध्ययन कर्ता स्वयं अध्ययन क्षेत्रमा पुगी प्रत्यक्ष रुपमा उत्तरदातासँग भटघाट गरी उनीहरुलाई अध्ययनको उद्देश्य स्पष्ट बताइएको थियो भने उनीहरुले दिएको सूचनाको पूर्ण गोपनीयता रहने विश्वास पनि दिलाईएको थियो ।तथ्यांक संकलनका लागि उनीहरुसँग आमने सामने बसी प्रत्यक्ष व्यक्तिगत अर्न्तवार्ता लिइएको थियो भने उनीहरुको आर्थिक अवस्थाको अवलोकन पनि गरिएको थियो । त्यसैगरी, उनीहरुसँग लक्षित समूह छलफल कार्यक्रम पनि संचालन गरिएको थियो । प्राथमिक स्रोतबाट प्राप्त नभएका तथ्यांकहरु द्वितीय स्रोतबाट संकलन गरिएको थियो ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया (Data Analysis Procedure)

यस अध्ययका लागि आवश्यक पर्ने तथ्यांकहरु प्राथमिक तथा द्वितीय स्रोतबाट संकलन गरिएको थियो । ति संकलित तथ्यांकलाई अर्थपूर्ण बनाउनका लागि आवश्यक पर्ने तालिका देखाइएको छ भने उक्त तालिकाको व्याख्या तथा विश्लेषण समेत गरिएको छ । त्यसैगरी, उक्त तथ्यांकबाट आवश्यकताअनुसार औषतको समेत गणना गरिएको छ ।

# अध्याय चार(CHAPTER FOUR)

## ४. नतिजाको व्याख्या र विश्लेषण(Analysis and Interpretation of Results)

यस अध्याय चारको नतिजाको व्याख्या र विश्लेषण शिर्षकभित्र अध्ययन क्षेत्रमध्ये धादिङ्ग जिल्लाको परिचय, नमूना छनौट क्षेत्रमा परेको बैरेनी गा.वि.स.को परिचय, नमूना छनौट घरपरिवारको आर्थिक अवस्था, नमूना छनौट घरपरिवारको शैक्षिक अवस्था, नमूना छनौट क्षेत्रमा रहेका समस्याहरु र ति समस्याहरुको निराकरणका लागि आवश्यक उपायहरु प्रस्तुत गरिएको छ ।जसलाई यस प्रकार उल्लेख गरिएको छ

## ४.१ धादिङ्ग जिल्लाको परिचय(Introduction to the Dhading District)

मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत बाग्मती अञ्चलको पश्चिम भागमा रहेको पहाडी जिल्ला धादिङ्ग लामो जिल्लाहरू मध्येको एक जिल्ला हो । उत्तरमा हिमाल देखि लिएर दक्षिणको महाभारत श्रृङ्खलासम्म फैलिएको यस जिल्लाका अधिकांश भू-भाग पहाडहरूले ढाकिएका छन् । प्रसिद्ध गणेश हिमालको काखमा रहेको धादिङ जिल्ला अनेकौ नदीनाला प्राकृतिक मनोहर दृष्टिले भरिएको छ । यस जिल्लाको क्षेत्रफल १९२६ वर्ग किलोमिटर छ । यस जिल्लामा नेपाल अधिराज्यको जनसङ्ख्याको १.४६ प्रतिशत जनसङ्ख्या रहेको छ । पृथ्वीराजमार्ग र त्रिभुवन राजमार्गले छोएको यस जिल्लाको सदरमुकाम धादिङ वेसी काठमाडौंबाट ९० कि.मि पश्चिममा तथा पृथ्वी राजमार्गको, मलेखुबाट १८ कि.मि. उत्तर तर्फ पर्दछ (कडेल, २०६८) ।

नेपालमा पिछिदिएका जातिहरू मध्ये एक जाति चेपाङ्ग (प्रजा) को भाषामा घर मानेको देवता र यी भनेको आगोको जवाल भन्ने हुन्छ । चेपाङहरू पहिलो देखिनै यहाँ बसोबास गरेको र यिनीहरूले पुजा गर्ने ज्वाला मुखीको मन्दिर पनि यस जिल्लामा रहेकोले नै यस जिल्लाको नाम धादिङ रहन गएको हो भने सुर्ती सार्थक देखिन्छ(जि.वि.स., २०७२) ।

पहाडी भू-भागमा अवस्थित धादिङ जिल्लाको दक्षिणमा महाभारत श्रृङ्खलालाई छोएको छ भने उत्तरमातिब्बतमा छोएको छ । उत्तरबाट दक्षिण तिर फुकेको अवस्थामा सबैभन्दा अग्लो

स्थान पविल हिमाद ७११० मिटर र सबैभन्दा होचो स्थान जोगिमार ३०० मि. उचाइमा रहेको छ भने सदरकुमान धादिङ वेसी ६४० मि. उचाईमा रहेको छ (जि.वि.स. २०७०) ।

## ४.२ बैरेनी गा.वि.स.को परिचय(Introduction to the Baireni VDC)

नेपालको मध्यमाञ्चल विकास क्षेत्रक्षेत्र अन्तर्गत बाग्मती अञ्चलमा पर्ने धादिङ्ग जिल्लामा रहेका गा.वि.स.हरु मध्ये वैरेनी एक महत्वपूर्ण गा.वि.स.का रुपमा परिचित छ । समुन्द्र सतहबाट १००० फिट देखि ८२९० फिट सम्मको उचाइमा फैलिएको छ ।

शैक्षिक विकेन्द्रकरणको अवधारणा अनुरूप शिक्षामा पहुँच र गुणस्तर वृद्धि गर्नको लागि १८ वटा स्रोत केन्द्र कायम गरिएको छ । स्रोत केन्द्र अन्तर्गत २८२ प्राथमिक ५३ निम्न माध्यमिक, ३८ माध्यमिक र ३१ वटा उच्च माध्यमिक साथै ४३ वटा संस्थागत विद्यालय ३७२ बाल विकास केन्द्र ५ वटा क्याम्पस १ संस्कृत विधापीठ, भेटनरी जेटीए १ र एनेक्स कार्यक्रम १ र मा.वि. तहमा सञ्चालन हुने खुला विद्यालय १ र आधारभूत तहको २ वटा गृहिणी विद्यालय समेत सञ्चालित छन् ।

## ४.३ नमूना छनौट घरपरिवारको जनसांख्यिकीय अवस्था(Demographic Condition of Sampled Household)

यस अध्ययनका लागि नमूना छनौटमा परेका वैरेनी गा.वि.स.का वडा नं. १, २ र ३ मा क्रमशः ११०, १२५ र १४५ गरी जम्मा ४८० घरधुरी संख्या रहेका छन् । यि घरधुरी मध्ये वडा नं. १, २ र ३ बाट क्रमशः ७७, १०० र १२३ गरी जम्मा कुल ३०० घरधुरी अध्ययनका लागि छनौट गरिएको छ । यि वडाहरुको जनसांख्यिकीय अवस्थालाई यस प्रकार उल्लेख गरिएको छ ।

### ४.३.१ लि•गत जनसंख्या(Genderwise Population)

धादिङ्ग जिल्लाको बैरेनी गा.वि.स.को वडा नं. १, २ र ३ को कुल जनसंख्या, पुरुषको जनसंख्या र महिलाको जनसंख्यालाई हर्दा पुरुषको जनसंख्याभन्दा महिलाको जनसंख्या उच्च रहेको पाइयो । वडा नं. १ देखि वडा नं. ३ सम्मको अवस्थालाई अलगअलग रुपमा हेर्दा पनि

पुरुषको जनसंख्याको तुलनामा महिलाको जनसंख्या नै उच्च रहेको छ । यसलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१**

**वडागत रुपमा लिंगत जनसंख्या २०७०**

| वडा नं. | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | २४० | ४४.०६ | ३०५ | ५५.९४ | ५४५ | २९.४५ |
| २ | २८५ | ४६.८८ | ३२३ | ५३.१२ | ६०८ | ३२.८५ |
| ३ | ३३० | ४७.२८ | ३६८ | ५२.७२ | ६९८ | ३७.७० |
| कुल | ८५५ | ४६.०७ | ९९६ | ६३.९३ | १८५१ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

तालिका ४.१ मा वडा नं. १, २ र ३ को जनसंख्यालाई देखाइएको छ । वडा नं. १ मा कुल जनसंख्या ५४५ जना मध्ये पुरुषको जनसंख्या ४४.०६ प्रतिशत अर्थात् २४० जना र महिलाको जनसंख्या ५५.९४ प्रतिशत अर्थात् ३०५ जना रहेको छ । त्यसैगरी वडा नं. २ मा कुल जनसंख्या ६०८ जना मध्ये पुरुषको जनसंख्या ४६.८८ प्रतिशत अर्थात् २८५ जना र महिलाको जनसंख्या ५३.१२ प्रतिशत अर्थात् ३२३ जना रहेको छ । त्यसैगरी वडा नं. ३ मा कुल जनसंख्या ६९८ जना मध्ये पुरुषको जनसंख्या ४७.२८ प्रतिशत अर्थात् ३३० जना र महिलाको जनसंख्या ५२.७२ प्रतिशत अर्थात् ३६८ जना रहेको छ ।

नमूना छनौटमा परेका वडाहरु वडा नं. १, २ र ३ मा रहेका कुल घरधुरीबाट क्रमशः ७७, १०० र १२३ गरी जम्मा कुल ३०० घरधुरी छनौट गरिएको छ ।नमूना छनौटमा परेका घरपरीवारको जनसांख्यिकीय अवस्थालाई यस प्रकार निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.२**

**नमूना छनौट घरपरिवारको लिंगत जनसंख्या २०७०**

| वडा नं. | घरपरिवार संख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ७७ | १७० | ४५.९५ | २०० | ५४.०५ | ३७० | १००.०० |
| २ | १०० | २२७ | ४६.१४ | २६५ | ५३.८६ | ४९२ | १००.०० |
| ३ | १२३ | २९८ | ४८.८५ | ३१२ | ५१.१५ | ६१० | १००.०० |
| कुल | ३०० | ६९५ | ४७.२२ | ७७७ | ५२.७८ | १४७२ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

तालिका ४.२ मा नमूना छनौटमा परेका घरपरिवारको लिंगत जनसंख्यालाई देखाइएको छ। नमूना छनौटमा परेको वडा नं. १ मा कुल जनसंख्या ३७० जना रहेका छन् भने पुरुषको जनसंख्या १७० जना अर्थात् ४५.९५ प्रतिशत रहेको छ भने महिलाको जनसंख्या२६५ जना अर्थात् ५३.८६ प्रतिशत रहेको छ। त्यसैगरी वडा नं. २ माकुल जनसंख्या ४९२ जना रहेका छन् भने पुरुषको जनसंख्या २२७ जना अर्थात् ४६.१४ प्रतिशत रहेको छ भने महिलाको जनसंख्या २०० जना अर्थात् ५४.०५ प्रतिशत रहेको छ । त्यसैगरी वडा नं. ३ मा कुल जनसंख्या ६१० जना रहेका छन् भने पुरुषको जनसंख्या २९८ जना अर्थात् ४८.८५ प्रतिशत रहेको छ भने महिलाको जनसंख्या ३१२ जना अर्थात् ५१.१५ प्रतिशत रहेको छ।

### ४.३.२ उमेरगत जनसंख्या(Agewise Population)

धादिङ्ग जिल्लाको बैरेनी गा.वि.स.को वडा नं. १, २ र ३ को नमूना छनौटमा परेका ३०० घरधुरीको जनसंख्यालाई उमेरको आधारमा पनि हेरिएको थियो । उमेरलाई तीन भागमा विभाजन गरिएको छ। १५ वर्ष सम्मको उमेरको जनसंख्या, १६ वर्ष देखि ६० वर्ष सम्मको र६१ वर्षभन्दा माथिको गरी तीन भागमा विभाजन गरिएको छ। यसलाई निम्न तालिकामा देखाइएको छ।

**तालिका ४.३**

**नमूना छनौट घरपरिवारको उमेरगत जनसंख्या २०७०**

| क्र. सं. | उमेर (वर्षमा) | जनसंख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा |
| १. | ५ वर्ष सम्म | ४२ | ४४.६८ | ५२ | ५५.३२ | ९४ |
| २. | ५ देखि १५ सम्म | ७० | ४४.३० | ८८ | ५५.७० | १५८ |
| ३. | १६ देखि ६० वर्ष | ५४५ | ४७.६० | ६०० | ५२.४० | ११४५ |
| ४. | ६१ भन्दा माथि | ३८ | ५०.६७ | ३७ | ४९.३३ | ७५ |
| | कुल | ६९५ | ४७.२२ | ७७७ | ५२.७८ | १४७२ |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

तालिका ४.३ मा नमूना छनौटमा परेका घरपरिवारको उमेरगत जनसंख्यालाई देखाइएको छ । नमूना छनौटमा परेको ३०० घरपरिवारका १५ वर्षसम्मको उमेर भएका व्यक्तिको कुल संख्या २५२ जना रहेका छन् भने पुरुषको संख्या ११२ जना अर्थात् ४४.४५ प्रतिशत रहेको छ भने महिलाको संख्या १४० जना अर्थात् ५५.५५ प्रतिशत रहेको छ । त्यसैगरी, १६ वर्ष उमेर देखि ६० वर्षसम्मको उमेर भएका व्यक्तिको कुल संख्या ११४५ जना रहेका छन् भने पुरुषको संख्या ५४५ जना अर्थात् ४७.६० प्रतिशत रहेको छ भने महिलाको संख्या ६०० जना अर्थात् ५२.४० प्रतिशत रहेको छ । त्यसैगरी, ६१ वर्षभन्दा माथिको उमेर भएका व्यक्तिको कुल संख्या ७५ जना रहेका छन् भने पुरुषको संख्या ३८ जना अर्थात् ५०.६७ प्रतिशत रहेको छ भने महिलाको संख्या ३७ जना अर्थात् ४९.३३ प्रतिशत रहेको छ ।

### ४.३.३ औषत घरपरिवार आकार(Average Household Size)

धादिङ्ग जिल्लाको बैरेनी गा.वि.स.को वडा नं. १, २ र ३ को नमूना छनौटमा परेका ३०० घरधुरीमा बसोबास गर्ने कुल जनसंख्यालाई उक्त कुल घरधुरी संख्याले भाग गरी औषत घरपरिवार आकार पत्ता लगाइएको छ । यसलाई निम्न तालिकामा देखाईएको छ ।

**तालिका ४.४**

**नमूना छनौट घरपरिवारको औषत आकार**

| कुल घरपरिवार संख्या | कुल जनसंख्या | औषत घरपरिवार आकार |
|---|---|---|
| ३०० | १४७२ | १४७२ ö ३०० Ö ४.९ |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

तालिका ४.४ मा नमूना छनौटमा परेका घरपरिवारको औषत आकार निकालिएको छ । अध्ययन क्षेत्रमा रहेका ३०० घरपरिवारमा बसोवास गर्ने कुल जनसंख्या १४७२ जनालाई उक्त घर संख्याले भाग गर्दा ४.९ प्रति घरमा बसोवास गर्ने औषत संख्या प्राप्त भएको छ ।

## ४.४ नमूना छनौट घरपरिवारको आर्थिक अवस्था(Economic Condition of Sampled Household)

यस अध्ययनका लागि नमूना छनौटमा परेका ३०० घरपरिवारको आर्थिक अवस्थाको अध्ययन गरिएको थियो । यस आर्थिक अवस्थाभित्र उनीहरुको आम्दानी, खर्च तथा बचतको अवस्थालाई हेरिएको छ । आम्दानीको अवस्थालाई स्रोतको आधारमा र तहगत आधारमा उल्लेख गरिएको छ भने खर्चलाई क्षेत्रगत आधारमा तथा तहगत आधारमा उल्लेख गरिएको छ । त्यसैगरी, बचतको अवस्थालाई कुल आयबाट कुल खर्च कट्टा गरी देखाइएको छ भने तहगत रुपमा पनि उल्लेख गरिएको छ । घरपरिवारको आयको अवस्था देखाउनु अगाडी घरपरिवारको पेशाको अध्ययन गरिएको छ । यि उल्लेखित कुरालाई यस प्रकार उल्लेख गरिएको छ ।

### ४.४.१ पशुपालन सम्बन्धी विवरण (Description of the Animal Husbandry)

धादिङ्ग जिल्लाको विभिन्न गा.वि.स.हरू मध्ये वैरेनी गा.वि.स.मा विभिन्न जातका पशुहरू पाल्ने गरिन्छ । यस मध्ये नमूना छनौट वडाहरु जस्तैः १, २ र ३ मा गाई, भैसी, गोरु, बाखा, संगुर आदि पशुहरू पालिन्छ । जसको विवरण तालिक ४.५ मा देखाइएको छ ।

**तालिका ४.५**

**नमुना छनौटघरपरिवारको पशुपालन विवरण २०७०**


| क्र.सं. | विवरण | पशु (सङ्ख्यामा) | प्रतिशत |
|---|---|---|---|
| १ | गाई तथा गोरु | १९० | ३४.५५ |
| २ | भैसी तथा रागा | १२० | २१.८१ |
| ३ | बाखा तथा बोका | १९६ | ३५.६३ |
| ४ | सुंगुर तथा बंगुर | ४४ | ८.०१ |
|  | जम्मा | ५५० | १००.०० |
|  | प्रति घरपरिवार औषत पशुको संख्या = कुल पशुको संख्या = कुल घरपरिवार संख्या = ५५० =३०० = १.८४ वटा | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.५ मा पशुहरूको विभिन्न जातहरूको विवरण देखाइएको छ । अध्ययन क्षेत्रमा गाई गोरुको सङ्ख्या १९० वटा (३४.५४ प्रतिशत), भैसी, राँगा, १२० वटा अर्थात् (२१.८१ प्रतिशत), बाख्रा १९६ वटा (३५.६३ प्रतिशत) त्यसैगरी संगुर तथा बंगुर ४४ वटा (८ प्रतिशत) रहेको छ । प्रति घरपरिवार औषत पशुको संख्या जम्मा १.८४ वटा रहेका छन् । माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने कुल पशु सङ्ख्या ५५० छन् जस मध्ये सबैभन्दा बढी बाख्रा र सबैभन्दा कम संगुरको सङ्ख्या रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने यी नमूना छनौटमा परेका वडाका मानिसहरू कृषिमा आश्रित भएपनि त्यति धेरै सङ्ख्यामा पशुपालन गरेको देखिदैन । यसलाई वृत्तचित्रमा पनि प्रस्तुत गरिएको छ ।

**वृत्तचित्र ४.१**

**पशुपालन सम्बन्धी विवरण २०७०**




स्रोत : तालिका ४.५

अध्ययन क्षेत्रमा वि.सं. २०७० सालमा पुशपालनको अवस्थालाई माथिको वृत्तचित्र ४.१ ले देखाएको छ । उक्त वृत्तचित्रका अनुसार गाई गोरुको सङ्ख्या १९० वटा (३४.५४ प्रतिशत), भैसी, राँगा, १२० वटा अर्थात् (२१.८१ प्रतिशत), बाख्रा १९६ वटा (३५.६३ प्रतिशत) त्यसैगरी, संगुर तथा बंगुर ४४ वटा (८ प्रतिशत) रहेको छ ।

### ४.४.२ पशुजन्य उत्पादन सम्बन्धी विवरण (Description of the Animal Product)

अध्ययन क्षेत्रमा व्यावसायिक दृष्टिकोणले भन्दा धेरै गैर व्यावसायिक दृष्टिकोणले पशुपालन गरेको पाइयो । अध्ययन क्षेत्रमा ५ प्रतिशत किसानले मात्र व्यावसायिक पशुपालन गरेका छन् भने ९५ प्रतिशत किसानले गैर व्यावसायिक पशुपालन गरेका छन् । उक्त ५ प्रतिशत व्यावसायिक पशुपालनबाट उत्पादन भएको दुध, दही, खसी, बोका, संगुर, बंगुर आदिको विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका४.६**

**पशुपालन व्यावसायबाटउत्पाति वस्तुको विवरण २०७०**

| क्र.सं. | विवरण | जम्मा |
|---|---|---|
| १ | दुध (लिटरमा) | ४६९० |
| २ | मासु (खसी/सुंगु/बंगुर/बोको) (कि.ग्रा.मा) | ८०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.६ मा अध्ययन क्षेत्रको पशुजन्य उत्पादन सम्बन्धी विवरण देखाइएको छ । जहाँ छनोट गरिएको वडामा प्रतिवर्ष पशुहरूबाट दुध एक वर्षमा जम्मा ४६९० लिटर दुध विक्री गरेको देखिन्छ । मासुमा खसी/बोका र सुंगुर/वंगुरको जम्मा १ वर्षमा ८०० कि.ग्रा. मात्र विक्री गरेको पाइयो । अझै पनि यस वडामा ठूलो स्तरको पशु व्यवसाय सञ्चालन गरेको देखिदैन किनभने एक वर्षको अवधिमा अध्ययन क्षेत्रका मानिसहरूले जम्मा ४६९० लिटर दुध तथा ८०० के.जी. मात्र मासु विक्री वितरण गर्नु खासै ठूलो व्यापार होइन पशुपालन सम्बन्धी कुनै पनि जनचेतना मुलुक कार्यमहरू सञ्चालन भएको देखिएन । यस वडामा अझै पनि मानिसहरू परम्परागत कृषि प्रणालीमा नै आधारित रहेको देखिन्छ ।

### ४.४.३ खाद्यान्न उपलब्धताको विवरण (Description of Foods Availability)

अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरपरिवारका व्यक्तिहरुले खाद्यान्नको उत्पादन कति गर्छन र उनीहरुलाई आवश्यक पर्ने खाद्यान्न उनीहरुको आफ्नो उत्पादनबाट पुग्छ वा पुग्दैन भनी अध्ययन गरिएको थियो । अध्ययन क्षेत्रमा उनीहरुको आफ्नै उत्पादनबाट वर्ष

दिन खान पुग्ने घरपरिवार भनेको ४० वटा अर्थात् कुल घरको १३.३४ प्रतिशत मात्र पाइयो ।अध्ययन क्षेत्रका किसानका लागि आवश्यक पर्ने खाद्यान्नको परिपूर्ति उनीहरुको आफ्नो उत्पादनबाट कति घरपरिवारलाई कति महिनाका लागि पुग्छ भन्ने विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका४.७**

**किसानको आफ्नै उत्पादनबाट उनीहरुलाई खान पुग्ने महिना र घरपरिवार संख्या २०७०**

| क्र.सं. | खानपुग्ने महिना | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ३ महिना सम्म | ११० | ३६.६७ |
| २. | ३-६ महिना सम्म | ६० | २०.०० |
| ३. | ६-९ महिना सम्म | ४० | १३.३३ |
| ४. | ९-१२ महिना सम्म | ५० | १६.६७ |
| ५. | १२ महिनाभन्दा बढी (बचत गर्ने परिवार) | ४० | १३.३३ |
| | जम्मा | ३०० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

तालिका ४.७ बाट अध्ययन क्षेत्रका घरपरिवारले उत्पादन गरिएको खाद्यान्नबाट कति अवधिसम्म आफ्नो दैनिक आवश्यकता परिपूर्ति गर्दछन् भन्ने कुरा स्पष्ट थाहा पाउन सकिन्छ । आफ्नो उत्पादनले ३ महिनासम्म खान पुग्ने घरपरिवार सङ्ख्या ११० वटा अर्थात् ३६.६७ प्रतिशत रहेको छ । त्यसैगरी, ३-६ महिनासम्म खान पुग्ने घरधुरी सङ्ख्या ६० वटा अर्थात् २० प्रतिशत, ६ देखि ९ महिनासम्म खान पुग्ने घरधुरी सङ्ख्या ४० अर्थात् १३.३३ प्रतिशत, ९ देखि १२ महिनासम्म खान पुग्ने घरधुरी सङ्ख्या ५० अर्थात् १६.६७ प्रतिशत र १२ महिना खान पुगी खाद्यान्न बचत गर्ने घरधुरी सङ्ख्या ४० अर्थात् १३.३३ प्रतिशत छन् । यसको अर्थ खाद्यान्न उत्पादनमा पनि बढी मानिसहरू अरुको भूमि प्रयोग गर्ने गरेको भएको देखिन्छ । भूमिको असमान वितरण कायम रहेकोले खाद्यान्नको आवश्यकता परिपूर्ति गर्न नसकेको पाइन्छ ।

### ४.४.४ पेशागतअवस्था (Occupational Status)

नमूना छनोटमापरेका३०० घरधुरीका १४७२ जनसङ्ख्या मध्ये अन्तर्राष्ट्रिय श्रमसंगठनले तोकेको तथा नेपाल सरकारले पनि सोही आधारलाई मानेको आर्थिक रुपमा सक्रिय १५-५९ वर्ष उमेर समूहका कुल ११४५ जनसंख्याले अवलम्बन गरेको पेशा र रोजगारीको अवस्थाको वारेमा अध्ययन गरिएको थियो ।उक्त आर्थिक रुपमा सक्रिय जनशक्ति कुन पेशामा कति संख्यामा लागेका छन भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका४.८**

**आर्थिक रुपमा सक्रिय जनशक्तिको पेशागत अवस्था २०७०**

| क्र.सं. | पेशा | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ३५० | ६४.२२ | ४३० | ७१.६७ | ७८० | ६८.१२ |
| २ | नोकरी | ५० | ९.१७ | २० | ३.३३ | ७० | ६.१२ |
| ३ | ज्याला मजदुरी | ९५ | १७.४३ | १२० | २०.०० | २१५ | १८.७८ |
| ४ | वैदेशिक रोजगारी | ३० | ५.५१ | १५ | २.५० | ४५ | ३.९३ |
| ५ | व्यापार व्यवसाय | २० | ३.६७ | १५ | २.५० | ३५ | ३.०५ |
| | जम्मा | ५४५ | १०० | ६०० | १०० | ११४५ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

तालिका४.८ मा कुल आर्थिक रुपमा सक्रिय जनशक्ति ११४५ जना मध्ये कृषि पेशामा संलग्न ७८० जना अर्थात् ६८.१२ प्रतिशत रहेका छन् । जसमा पुरुष ३५० जना अर्थात्६४.२२ प्रतिशत र महिला ४३० जना अर्थात्७१.६७ प्रतिशत रहेका छन् । नोकरीमा संलग्न ७० जना अर्थात् ६.१२ प्रतिशत रहेका छन् । जसमा पुरुष ५० जना अर्थात् ९.१७ प्रतिशत र महिला २० जना अर्थात् ३.३३ प्रतिशत रहेका छन् । ज्याला मजदुरीमा संलग्न २१५ जना अर्थात् १८.७८ प्रतिशत रहेका छन् । जसमा पुरुष ९५ जना अर्थात् १७.४३ प्रतिशत र महिला १२० जना अर्थात् २० प्रतिशत रहेका छन् । वैदेशिक रोजगारमा संलग्न ४५ जना अर्थात् ३.९३ प्रतिशत रहेका छन् । जसमा पुरुष ३० जना अर्थात् ५.५१ प्रतिशत

र महिला १५ जना अर्थात् २.२५ प्रतिशत रहेका छन् । व्यापार व्यावसायमा संलग्न ३५ जना अर्थात् ३.०५ प्रतिशत रहेका छन् । जसमा पुरुष २० जना अर्थात् ३.६७ प्रतिशत र महिला १५ जना अर्थात् २.५० प्रतिशत रहेका छन् ।

### ४.४.५स्रोतगत वार्षिक आम्दानी (Soursewise Annual Income)

नमूना छनौटमा परेका घरपरिवारको स्रोतगत रुपमा वार्षिक आम्दानीको अध्ययन गरिएको थियो । उनीहरुको वार्षिक आम्दानीको स्रोतहरुमध्ये प्रमुख स्रोत भनेको कृषि रहेको पाइयो । धेरैजसो किसानहरू नगदेवालीभन्दा खाद्यानवाली लगाउने गरेको पाइयो । उनीहरुले तरकारी, दुध, खसि, बोका, संगुर, कुखुरा, बंगुर र केही घरपरिवारले खाद्यान्नको विक्रीबाट आम्दानी गरेको पाइयो । नमूना छनौट घरपरिवारको स्रोतगत आयको अवस्थालाईनिम्न तालिकामा देखाइएको छ ।

**तालिका४.९**

**नमूना छनौट घरपरिवारको वार्षिक औषत आम्दानी विवरण २०७०**

| क्र.सं. | विवरण | आम्दानी (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि तथा पशुपालन | ५०१८४०६ | ५५.३१ |
| २. | नोकरी तथा पेन्सन | ४२०४८० | ४.६३ |
| ३. | वैदेशिक रोजगारी | ३०००४३२ | ३३.०६ |
| ४. | ज्याला मजदुरी | ५१२२८० | ५.६४ |
| ५. | व्यापार (सिलाइ, कुखुरापालन, फर्निचर) | १२१४५६ | १.३६ |
| | कुल वार्षिक आम्दानी | ९०७३०५४ | १०० |
| | औषत वार्षिक घरपरिवार आम्दानी = कुल आम्दानी ÷ कुल घरपरिवार संख्या<br>=९०७३०५४÷ ३०० =रु ३०२४३.५२ | | |
| | औषत वार्षिक प्रतिव्यक्ति आम्दानी = कुल आम्दानी ÷ कुल जनसंख्या<br>=९०७३०५४÷ १४७२ =रु ६१६३.७५ | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.९ मा नमूना छनोट घरपरिवारको वार्षिक स्रोतगत आम्दानीलाई देखाइएको छ । नमूना छनौट घरपरिवारको प्रमुख पेशा भनेको कृषि नै रहेको पाइयो । कृषिबाट कुल वार्षिक आय रु ५०१८४०६ अर्थात् कुल आयको ५५.३१ प्रतिशत रहेको पाइयो । त्यसपछि

आम्दानीको दृष्टिकोणले वैदेशिक रोजगार रहेको छ । यसबाट कुल वार्षिक आय रु ३०००४३२ अर्थात् कुल आयको ३३.०६ प्रतिशत प्राप्त भएको छ । यि बाहेक अन्य स्रोतहरु भनेको नोकरी तथा पेन्सन, ज्याला मजदुरी, व्यापार आदि हुन् । यि सबै स्रोतबाट कुल आयको ११.६३ प्रतिशत मात्र रहेको छ ।

त्यसैगरी, नमूना छनौटमा परेका ३०० घरपरिवारको कुल वार्षिक आय रु ९०७३०५४ रहेको छ । यि घरपरिवारको कुल वार्षिक औषत आय रु ३०२४३.५२ रहेको छ । त्यसैगरी, उक्त क्षेत्रको प्रतिव्यक्ति आय रु ६१६३.७५ रहेको छ । केन्द्रिय तथ्यांक विभालले सार्वजनिक गरेको नेपालका लागि गरिवीको रेखाको वार्षिक आय रु १८२६१ हो ।यो आयसँग अध्ययन क्षेत्रको आयलाई तुलनागर्दा नमूना छनौटमा परेको क्षेत्रमा रहेको गरिवीको अवस्थालाई हेर्दा औषतमा सबै मानिसहरु गरिवीको रेखाभित्र रहेका छन् ।

### ४.४.६ तहगत वार्षिक आम्दानी (Levelwise Annual Income)

अध्ययन क्षेत्रका नमूना छनौटमा परेका घरपरिवारको तहगत वार्षिक आम्दानीको अवस्था कस्तो छ भनी अध्ययन गरिएको थियो । सबैभन्दा कम रु ३०,००० सम्म आय गर्ने घरपरिवार संख्या २१० रहेको छ भने सबैभन्दा उच्च रु २,००,००० भन्दा माथि आय प्राप्त गर्ने घरपरिवार संख्या २ मात्र रहेको छ । नमूना छनौटमा परेका ३०० घरपरिवारको तहगत वार्षिक आयलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१०**

**नमूना छनौट घरपरिवारको तहगत वार्षिक आय २०७०**

| क्र.सं. | वार्षिक आय (रु मा) | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ३०,००० सम्म | २१० | ७०.०० |
| २. | ३०,००० देखि ६०,००० सम्म | ५० | १६.६६ |
| ३. | ६०,००० देखि ९०,००० सम्म | १५ | ५.०० |
| ४. | ९०,००० देखि १२०,००० सम्म | १२ | ४.०० |
| ५. | १२०,००० देखि १५०,००० सम्म | ९ | ३.०० |
| ६. | १५०,००० देखि १८०,००० सम्म | २ | ०.६७ |
| ७. | १८०,००० भन्दा माथि | २ | ०.६७ |
| | जम्मा | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.१० मा नमूना छनोट घरपरिवारको वार्षिक तहगत आम्दानीलाई देखाइएको छ। उक्त तालिका अनुसार सबैभन्दा कम आय रु ३०,००० सम्म प्राप्त गर्ने घरपरिवार २१० वटा अर्थात् ७०.०० प्रतिशत रहेका छन्। रु ३०,००० देखि रु ६०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार ५० वटा अर्थात् १६.६६ प्रतिशत रहेका छन्। रु ६०,००० देखि रु ९०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार १५ वटा अर्थात् ५ प्रतिशत रहेका छन्। रु ९०,००० देखि रु १२०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार १२ वटा अर्थात् ४ प्रतिशत रहेका छन्। रु १२०,००० देखि रु १५०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार ९ वटा अर्थात् ४ प्रतिशत रहेका छन्। रु १५०,००० देखि रु १८०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार २ वटा अर्थात् ०.६७ प्रतिशत रहेका छन्। त्यसैगरी, रु १८०,००० भन्दा माथि आय प्राप्त गर्ने घरपरिवार २ वटा अर्थात् ०.६७ प्रतिशत रहेका छन्।

### ४.४.७ क्षेत्रगतवार्षिक खर्च (Sectorwise Annual Expenditure)

अध्ययन क्षेत्रको नमूना छनौटमा परेका घरपरिवारको पारिवारिक वार्षिक खर्चलाई क्षेत्रगत रुपमा अध्ययन गरिएको थियो। नमूना छनौट क्षेत्रका मानिसहरुले आफ्नो आयको खर्च कुनकुन क्षेत्रमा गर्छन र कति गर्छन भनी तथ्यांक संकलन गरिएको थियो। अध्ययन क्षेत्रमा सबैभन्दा बढि खर्च उपभोगमा गरेको पाइएको छ भने सबैभन्दा कम खर्च मनोरञ्जनमा गरेको पाइएको छ। वार्षिक क्षेत्रगत खर्चलाई निम्न तालिकामा देखाइएको छ।

**तालिका४.११**

**नमुना छनौटघरपरिवारको क्षेत्रगत औषतवार्षिक खर्च २०७०**

| क्र.सं. | खर्च शीर्षक | खर्च रकम (रु) | प्रतिशत |
|---|---|---|---|
| १ | उपभोग | १२५२०५५६ | ९५.९० |
| २. | शिक्षा | १५०८१५ | १.१६ |
| ३. | स्वास्थ्य | १२२६३९ | ०.९५ |
| ४. | चाडपर्व | ९२७८९ | ०.७२ |
| ५. | मनोरञ्जन | २५६९१ | ०.१९ |
| ६. | व्यापार व्यावसाय (लगानी) | १४३३५५ | १.०९ |
| | कुल खर्च | १३०५५८४५ | १००.०० |
| | औषत वार्षिक घरपरिवार खर्च = कुल खर्च ÷ कुल घरपरिवार संख्या =१३०५५८४५ ÷ ३०० = रु ४३५१९.४८ | | |
| | औषत वार्षिक प्रतिव्यक्ति खर्च = कुल खर्च ÷ कुल जनसंख्या =१३०५५८४५ ÷ १४७२ = रु ८८६९.४६ | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका४.११ मा अध्ययन क्षेत्रमा रहेको घरपरिवारको वार्षिक खर्चलाई क्षेत्रगत रुपमा देखाइएको छ । तालिकामाविभिन्न शीर्षकमा खर्चको रकमलाई देखाइएको छ । नमूना छनौट घरपरिवारको सबैभन्दा धेरै खर्च उपभोगमा रु १२५२०५५६अर्थात् ९५.९०प्रतिशत रहेको छ । शिक्षामा रु१५०८१५अर्थात् १.१६प्रतिशत खर्च गरेको पाइयो । स्वास्थ्यमा१२२६३९अर्थात् ०.९५प्रतिशत खर्च गरेको पाइयो । चाडपर्वमा रु ९२७८९अर्थात् ०.७२प्रतिशत खर्च गरेको पाइयो । मनोरञ्जनमा रु २५६९१अर्थात्०.१९प्रतिशत खर्च गरेको पाइयो ।व्यापार व्यावसाय ( लगानी) मा रु १४३३५५अर्थात्१.०९प्रतिशत खर्च गरेको पाइयो ।अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरपरिवारको औषत वार्षिक घरपरिवार खर्चरु ४३५१९.४८ रहेको पाइयो । त्यसैगरी, अध्ययन क्षेत्रको प्रतिव्यक्ति खर्च रु ८८६९.४६ रहेको पाइयो ।

### ४.४.८ तहगत वार्षिक खर्च(Levelwise Annual Expenditure)

अध्ययन क्षेत्रका नमूना छनौटमा परेका घरपरिवारको तहगत वार्षिक खर्चको अवस्था कस्तो छ भनी अध्ययन गरिएको थियो । सबैभन्दा कम रु ३०,००० सम्म खर्च गर्ने घरपरिवार संख्या १८० रहेको छ भने सबैभन्दा उच्च रु २,००,००० भन्दा माथि खर्च गर्ने घरपरिवार संख्या १ मात्र रहेको छ । नमूना छनौटमा परेका ३०० घरपरिवारको तहगत वार्षिक खर्चलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१२**

**नमूना छनौट घरपरिवारको तहगत वार्षिक खर्च २०७०**

| क्र.सं. | वार्षिक खर्च (रु मा) | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १८,२६१ सम्म | १०१ | ३३.६७ |
| २. | १८,२६१ देखि ३०,००० सम्म | ७९ | २६.३३ |
| ३. | ३०,००० देखि ६०,००० सम्म | ७५ | २५.०० |
| ४. | ६०,००० देखि ९०,००० सम्म | २० | ६.६६ |
| ५. | ९०,००० देखि १२०,००० सम्म | १८ | ६.०० |
| ६. | १२०,००० देखि १५०,००० सम्म | ५ | १.६६ |
| ७. | १५०,००० देखि १८०,००० सम्म | १ | ०.३४ |
| ८. | १८०,००० भन्दा माथि | १ | ०.३४ |
| | जम्मा | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.१२ मा नमूना छनोट घरपरिवारको वार्षिक तहगत खर्चलाई देखाइएको छ । उक्त तालिका अनुसार सबैभन्दा कम रु १८२६१ सम्म मात्र खर्च गर्ने घरपरिवार संख्या सबैभन्दा धेरै १०१ वटा अर्थात ३३.६७ प्रतिशत रहेको छ । रु १८२६१ देखि रु ३०,००० सम्म खर्च गर्ने घरपरिवार ७९ वटा अर्थात् २६.३३ प्रतिशत रहेका छन् । रु ३०,००० देखि रु ६०,००० सम्म खर्च गर्ने घरपरिवार ७५ वटा अर्थात् २५ प्रतिशत रहेका छन् । रु ६०,००० देखि रु ९०,००० सम्मखर्च गर्ने घरपरिवार २० वटा अर्थात् ६.६६ प्रतिशत रहेका छन् । रु ९०,००० देखि रु १२०,००० सम्म खर्च गर्ने घरपरिवार १८ वटा अर्थात् ६ प्रतिशत रहेका छन् । रु १२०,००० देखि रु १५०,००० सम्म खर्च गर्ने घरपरिवार ५ वटा अर्थात् १.६६ प्रतिशत रहेका छन् । रु १५०,००० देखि रु १८०,००० सम्म खर्च गर्ने घरपरिवार १ वटा अर्थात् ०.३४ प्रतिशत रहेका छन् । त्यसैगरी, रु १८०,००० भन्दा माथि खर्च गर्ने घरपरिवार १ वटा अर्थात् ०.३४ प्रतिशत रहेका छन् ।

### ४.४.९ तहगत वार्षिक बचत वा ऋण(Annual AverageSaving or Loan)

अध्ययन क्षेत्रका नमूना छनौटमा परेका घरपरिवारको वार्षिक बचतको अवस्था कस्तो छ भनी अध्ययन गरिएको थियो । कुल आयबाट कुल खर्च घटाउँदा धनात्मक संख्या प्राप्त हुन्छ भने त्यसलाई बचत भनिन्छ भने कुल आयबाट कुल खर्च घटाउँदा ऋणात्मक संख्या प्राप्त हुन्छ भने त्यसलाई ऋण भनिन्छ । अध्ययन क्षेत्रमा कुल आयभन्दा कुल खर्चको रकम धेरै रहेको छ । त्यसैले, यहाँ बचत छैन र ऋण छ । यसको विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**

**नमूना छनौट क्षेत्रको वार्षिक ऋणको विवरण २०७०**

| कुल आय (रु मा) | कुल खर्च (रु मा) | कुल ऋण (रु मा) |
|---|---|---|
| ९०,७३,०५४ | १,३०,५५,८४५ | ३९,८२,७९१ |
| औषत वार्षिक घरपरिवार ऋण = कुल ऋण ÷ कुल घरपरिवार संख्या =३९८२७९१ ÷ ३०० = रु १३२७५.९७ | | |
| औषत वार्षिक प्रतिव्यक्ति ऋण = कुल ऋण ÷ कुल जनसंख्या =३९८२७९१ ÷ १४७२ = रु २७०५.७ | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.१३ मा नमूना छनोट घरपरिवारको वार्षिक ऋणलाई देखाइएको छ । अध्ययन क्षेत्रमा रहेका घरपरिवारको कुल आयबाट अध्ययन क्षेत्रमा रहेका घरपरिवारको कुल खर्चलाई घटाउँदा कुल आयभन्दा कुल खर्च धेरै भएकाले ऋणात्मक तथ्यांक प्राप्त भएको छ । अर्थात् अध्ययन क्षेत्रका घरपरिवारको कुल वार्षिक ऋण रु ३९,८२,७९१ रहेको छ । उक्त घरपरिवारको औषत वार्षिक ऋणरु १३२७५.९७ रहेको छ भने प्रतिव्यक्ति वार्षिक ऋण रु २७०५.७ रहेको छ ।

## ४.५ अध्ययन क्षेत्रमा गरिवीको अवस्था(Condition of Poverty in Sampled Area)

यस शिर्षकभित्र अध्ययन क्षेत्रमा रहेको गरिवीको दर, अध्ययन क्षेत्रका घरपरिवारको जमिनको अवस्था र गरिवीको अवस्था, जातिगत गरिवीको अवस्था, परिवारको आकार र गरिवीको अवस्थाको वारेमा उल्लेख गरिएको छ ।

### ४.५.१अध्ययन क्षेत्रमा गरिबीको दर (Rate of Poverty in the Study Area)

यस अध्ययनमा गरिबीको दर भन्नाले नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६६/०६७ ले तोकेको ग्रामिणमध्यमाञ्चल पहाडको गरिबीको रेखाभन्दा तलको आम्दानी हुने जनसङ्ख्याको प्रतिशत हो । रु १८,२६१ प्रतिव्यक्ति वार्षिक आम्दानी स्तर नै तल्लो गरिबीको रेखा हो । छनोट गरिएका ३०० घरधुरी मध्ये १०१ घरधुरी गरिबीको रेखाभन्दा तल्लो स्तरको आम्दानीमा रहेको पाइयो । प्राय गरेर ग्रामीण भेगका बासिन्दाहरूले कृषि पेशा अगाल्ने र त्यसबाट आम्दानीभन्दा पनि आफूलाई जीवन निर्वाह गर्नका लागि खेती गर्ने परम्परा पाइयो । साथै कुनै धनी जस्तो देखिने घरमा पनि एक जनाको आम्दानीको भरमा धेरैजना बाच्ने हुँदाप्रति परिवार प्रतिव्यक्ति आम्दानी कम भएको देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागले गरेको एउटा सर्वेक्षण अनुसार नेपालमा गरिएको गरिबीको लघु क्षेत्र अनुमान २०६३ का अनुसार समग्र धादिङ्ग जिल्लामा ३५ प्रतिशत गरिबी भएको देखाएको छ । यसरी हेर्दा वैरेनी गा.वि.स.मा ३३.६७ प्रतिशत गरीब रहेको पाइयो ।

तालिका४.१४

**अध्ययन क्षेत्रमा गरिबीको रेखाभित्रको घरपरिवार र जनसंख्या**

| प्रकार | घरधुरी संख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| गरिवीको रेखाभित्र | १०१ | ३३.६७ | ४९५ | ३६.६३ |
| गरिवीको रेखाभन्दा माथि | १९९ | ६६.३३ | ९७७ | ६६.३७ |
| जम्मा | ३०० | १०० | १४७२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.१४ मा अध्ययन क्षेत्रमा रहेका नमूना छनौटमा परेका घरपरिवारको गरिवीको दर वा अवस्थालाई देखाइएको छ । तालिकामा नमुना छनोट परेका ३०० घरधुरी मध्ये १०१ घरधुरी अर्थात् ३६.६७ प्रतिशतघरधुरी गरिबीको रेखाभित्र परेका छन् भने १९९ घरधुरी अर्थात् ६६.३३ प्रतिशत घरधुरी गरिवीको रेखाभन्दा माथि परेका छन् ।

### ४.५.२ अध्ययन क्षेत्रमा गरिबीको विश्लेषण (Poverty Analysis of the Study Area)

आर्थिक वर्ष २०५२/५३ देखि २०६९/७० सम्म १७ वर्षको अवधिमा निरपेक्ष गरिबी ४२ प्रतिशतबाट २३.८ प्रतिशतमा झरेता पनि शहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र समूहहरूबिचको भिन्नता अझै पनि निकै ठूलो रूपमा रहेको छ । यस अवधिमा शहरी गरिबी २१.५६ प्रतिशतबाट १५.४६ प्रतिशतमा पुगेको छ भने ग्रामीण गरिबी ४३.२७ बाट २७.४३ प्रतिशतमा झरेको छ । देशमा बढ्दो शहरीकरण तथा शहरी क्षेत्रमा अवसरहरूमा भएको वृद्धिका कारणले शहरी गरिबीमा विगतमा केही कमी आएतापनि गत ७ वर्षको अवधिमा केही मात्रामा वृद्धि भएको छ ।

प्रतिव्यक्ति गरिबीको दरमा कमी आउनु सुखद कुरा हो । तर आम असमानतामा भएको वृद्धि देशमा गरीब र धनी बीचको खाडल बढ्दो देखिएको छ । देशमा विद्यमान असमातालाई दर्शाउने गीनी सुचकांक (Gini Coefficient) उपभोगको खर्चको आधारमा ०.३२८ पुगेको छ । जुन शहरी क्षेत्रमा ०.३५३ र ग्रामीण क्षेत्रमा ०.३११ रहेको छ । भोगौलिक क्षेत्र तथा विभिन्न जातजाति बिच असमानताको स्तर अझ फराकिलो देखिन्छ । यसरी असमानता बढ्नुका कारणहरूमा सीमित वर्गको अवसरहरूमा पहुँच, न्यून कृषि ज्यालादर, आन्तरिक

द्वन्द्व, विस्थापितहरूको सङ्ख्यामा वृद्धि प्रमुख छन् र त्यस्तै गरिबीको रेखामुखि रहेका मध्ये २४.४ प्रतिशतको प्राथमिक स्तरको शिक्षामा पहुँच, रहेको, २०.८ प्रतिशतको माध्यमिक स्तरको शिक्षामा पहुँच रहेको र १७.९ प्रतिशतको उच्चशिक्षामा पहुँच रहेको छ । गरिबीको रेखामुनीको १५.६ प्रतिशतको मात्रा सरकारी सेवामा पहुँच पुगेको र १५.३ प्रतिशतको मात्र कृषि केन्द्रहरूमा पहुँच रहेको अवस्था छ (नेपाल जिवनस्तर सर्वेक्षण, २०६६/६७) ।

Poverty Head Count Indexले कुल जनसङ्ख्यामा गरिबीको रेखामुनीरहेको हिस्सा कति छ भन्ने जनाउँदछ । गरिबीको विषमता (Poverty Gap Index) ले गरिबीको रेखामुनि रहेको औषत जनसङ्ख्या, गरिबीको रेखा भन्दा कति टाढा छ भन्ने जनाउछ । गरिबीको गहनताले गरीबहरू बिचको असमानताको स्थिति कस्तो छ भन्ने देखाउँछ । त्यसैगरी Gini Index ले जनताहरूको बीचको आय वितरणमा हुने असमानतालाई प्रतिविम्बत गर्दछन (आर्थिक सर्वेक्षण, २०७१) ।

नेपाल जिवनस्तर सर्वेक्षण २०६६/०६७ अनुसार २५.१६ प्रतिशतमध्ये ग्रामीण क्षेत्रमा आधारित गरीब २७.४३ प्रतिशत रहेका छन् भने शहरी क्षेत्रमा १५.४६ प्रतिशत गरीबहरू रहेका छन् । नेपालमा गरिबीको विषमता ५.४३ प्रतिशत रहेको छ । जसमध्ये ग्रामीण क्षेत्रमा ५.९३ प्रतिशत रहेको र शहरी क्षेत्रमा ३.१९ प्रतिशत रहेको छ । मध्यमाञ्चल पहाडको गरिबीको दर ३१.६८ प्रतिशत रहेको छ (नेपाल जीवनस्तर सर्वेक्षण, २०६६/६७) । धादिङ्ग जिल्ला विकास समिति सूचना तथा अभिलेख केन्द्रले तयार पारेको जिल्ला गरिबी नक्साङ्कन प्रतिवेदन २०६९ अनुसार ३ महिनासम्म आफ्नो आम्दानीले खान पुग्ने व्यक्तिको परिवारलाई गरिब भनेको छ । उक्त प्रतिवेदन अनुसार साविकको वैरेनी, गा.वि.स.३५ प्रतिशत मानिसहरू गरिबीको चपेटामा बाचिरहेका उल्लेख गरेको छ (जि.वि.स., धादिङ्ग २०६९) । नमूना छनौट क्षेत्रमा ३३.६७ प्रतिशत मानिसहरु गरिवीको रेखाभित्र रहेका छन् ।

### ४.५.३ गरिबीको रेखा(Poverty Line)

यस अध्ययनमा गरिबीको रेखा भन्नाले न्यूनतम जीवन निर्वाह गर्न आवश्यक पर्ने आम्दानीलाई मानिएको छ । अर्थात् वर्षभरिमा न्यूनतम आम्दानी भन्दा तल रहने व्यक्तिहरू गरिबीको रेखामुनि रहेको बताएको छ ।

नेपाल जीवनस्तर मापन सर्वेक्षण तेस्रो २०६६/०६७ लाई आधार बनाएर गरिबी मापन गरिएको छ । जस अनुसार गरिबीको रेखाहरू फरक फरक लिइएको छ । जस अनुसार काठमाडौं उपत्यका शहरको गरिबी रेखा सबै भन्दा बढी अर्थात् ४०,९३३ रहेको छ र सबैभन्दा कम मध्यमाञ्चलको ग्रामीणपहाडको १५,९९८ रहेको छ । धादिङ जिल्लाको वैरेनी गा.वि.स. एक ग्रामीण मध्यमाञ्चल पहाडी भेग भएकोले उक्त सर्वेषण अनुसार तोकिएको ग्रामीण पश्चिमाञ्चल पहाडको गरिबीको रेखा १८,४२८ नै गरिबीको रेखा मानिएको छ । वार्षिक रूपमा त्यस भन्दा तल आम्दानी हुने मानिसहरू गरिबीको रेखामुनि रहेका छन् । यस अध्ययनमा वैरेनी गा.वि.स. मा निरपेक्ष गरिबी र यसको रेखालाई परिभाषित गर्ने क्रममा विशिष्ट खाद्यान्न क्यालोरी शक्तिको आवश्यकतालाई आधार बनाइएको छ । यहाँ न्यूनतम् आवश्यक क्यालोरी शक्ति प्रति दिन प्रतिव्यक्ति समेत निर्धारण गरिएको छ । वैरेनी गा.वि.स. मा नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ अनुसार २२२० क्यालोरी शक्तिलाई न्यूनतम आवश्यकता मानिएको छ ।

निरपेक्ष गरिबीको रेखा त्यो रेखा हो जुन आधारभूत आवश्यकताका वस्तुहरू खरीद गर्न आवश्यकता न्यूनतम आम्दानीद्वारा मानिस बाँच्न र समाजमा आफ्नो अस्तित्व कायम गर्न सक्छ, यहाँ आम्दानी र खर्च कै आधार हो निरपेक्ष गरिबी । तल्लो गरिबीको रेखा निर्धारण खाद्य तथा कृषि संगठनको धारणा अनुसार नेपालको लागि प्रति व्यक्ति प्रति दिन २२५६ क्यालोरी निर्धारण गरिएको छ । यो आवश्यकता पुरा गर्न न्यूनतम ६०५ ग्राम खाद्य पदार्थ उपभोगबाट २०४२ क्यालरी र ६० ग्राम दालबाट २१४ क्यालरी प्राप्त हुन्छ अर्थात् दुवैको मात्राको मिसावटबाट २२५६ क्यालरी प्रतिव्यक्ति प्रतिदिन प्राप्त हुन्छ ।

### ४.५.४ जमिनको स्वामित्व र पारिवारीक गरिबी (Land Ownership and Household Poverty)

नेपाल एक कृषि प्रधान मुलुक देश हो जहाँ ७३ प्रतिशत मानिसहरू कृषि पेशामा संलग्न छन् भने ६४ प्रतिशत मानिसहरू कृषिमा आश्रित छन् । यस अध्ययनमा जमिनको आकारलाई पाँच भागमा विभाजन गरिएको छ । एउटै आकारको जमिनमा पनि गरीब र धनी छन् यसबाट के प्रस्ट हुन्छ भने खाद्यान्नको उत्पादन साधारणतया जमिनको स्वामित्वको आधारमा नभै जमिनको गुणस्तरमा निर्भर रहन्छ ।

ग्रामीण क्षेत्रका मानिसहरू जमिनलाई आयको महत्वपूर्ण स्रोत ठान्दछन् । थोरै जमिन हुने व्यक्तिहरू अन्य धनी वर्गको घरमा ज्यालामा काम गर्छन । तर आय उच्च हुने वर्गहरू कृषिमा मात्र समावेश नभई अन्य पेशाहरू सम्हाल्न पुगेको अध्ययनबाट थाहा हुन्छ ।

**तालिका४.१५**

**पारिवारीक जमिन माथिको स्वामित्व र गरिबी २०७०**

| जमिन (रोपनीमा) | गरिवीको रेखाभन्दा मुनिको घरपरिवार | | | गरिवीको रेखाभन्दा माथिको घरपरिवार | | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | जमिन | सङ्ख्या | प्रतिशत | जमिन |
| ५ सम्म | ५० | ४९.५० | चाहार | ४३ | २१.७ | अब्बल |
| ६-१० | ३० | २९.६० | सिम | ४६ | २३.१३ | दोयम |
| ११-२० | १० | ९.९० | चाहार | ३० | १५.०७ | अब्बल |
| २१-३० | ७ | ६.९३ | सिम+चाहर | ३६ | १८.०९ | अब्बल+दोयम |
| ३१भन्दा माथि | ४ | ३.९७ | चाहर | ४४ | २२.११ | दोयम |
| जम्मा | १०१ | १०० | | १९९ | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण-२०७१

तालिका४.१५ का अनुसार १०१ घरपरिवार गरिबीको रेखाभित्र परेको छ भने १९९घरपरिवार गरिवीको रेखाभन्दा माथि रहेको छ । गरिब तथा धनी दुवै घरपरिवारमा जमिनको आकार पाँच रोपनी देखी ३१ रोपनीसम्म रहेको पाइयो । गरीब घरपरिवारमा ५ रोपनी सम्म जग्गाको स्वामित्व हुने ४९.५ प्रतिशत घरधुरी रहेका छन् र उक्त जमिन चाहार प्रकारको रहेका छन् । त्यस्तै ३१ रोपनीभन्दा माथि जमिन हुने गरीब घरपरिवार ३.९७ प्रतिशत (४ घरधुरी) पाइयो भने धनी घरपरिवार २२.११ प्रतिशत (४४ घरधुरी) पाइयो साथै गरीब घरपरिवारको जमिन प्राय जस्तो भिरपाखामा हुने गरेको पाइयो ।

### ४.५.५ जमिनको आकार र औषत आम्दानी(Land Size and AverageIncome)

ग्रामीण क्षेत्रका मानिसहरू जमिनलाई आयको महत्वपूर्ण स्रोत ठान्छन् । जमिन प्रत्येक घर परिवार तथा व्यक्तिको अस्तित्वको सूचक पनि हो । तसर्थ, भू-स्वामित्वको आकार र आम्दानीएकअर्कामा अन्तर्रसम्बन्धित छन् । आयको स्तर र जमिनको स्वामित्वसँग सकरात्मक सम्बन्ध हुन्छ । आम्दानीसँग गरिवीको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । यदि

आयस्तर उच्च छ भने गरिवी न्यून हुन्छ र आयस्तर न्यून छ भने गरिवी उच्च हुन्छ । जमिनको आकार र आयस्तर बिचको सम्बन्धलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका४.१६**

**जमिनको आकार रऔषत आम्दानीको आकार २०७०**

| क्र. सं. | जमिनको आकार (रोपनीमा) | घरधुरी | | जनसङ्ख्या | | वार्षिक आम्दानी |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | ५ सम्म | ९३ | ३१.०० | ४५६ | ३०.९८ | ५,०००सम्म |
| २. | ६-१० | ७६ | २५.३४ | ३७२ | २५.२७ | ६,०००सम्म |
| ३. | ११-२० | ४० | १३.३३ | १९६ | १३.३२ | ८,०००सम्म |
| ४. | २१-३० | ४३ | १४.३३ | २११ | १४.३३ | १५,०००सम्म |
| ५. | ३१ भन्दा बढी | ४८ | १६.०० | २३७ | १६.१० | १५,०००सम्म |
| | जम्मा | ३०० | १०० | १४७२ | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण-२०७२

तालिका ४.१६ मा जमिनको आकारलाई रोपनीमा देखाइएको छ । त्यसैगरी, घरधुरी संख्या तथा प्रतिशत, कुल जनसंख्या तथा प्रतिशत र वार्षिक आम्दानीलाई देखाइएको छ ।५ रोपनीसम्म जग्गा जमिन हुने ९३ घरपरिवार अर्थात् ३१ प्रतिशत वा ४५६ जनसंख्या अर्थात् ३०.९८ प्रतिशतको औषत वार्षिक आय रु ५,००० मात्र रहेको छ । ६ देखि १० रोपनीसम्म जग्गा जमिन हुने ७६ घरपरिवार अर्थात् २५.३४ प्रतिशत वा ३७२ जनसंख्या अर्थात् २५.२७ प्रतिशतको औषत वार्षिक आय रु ६,००० रहेको छ । ११ देखि २० रोपनीसम्म जग्गा जमिन हुने ४० घरपरिवार अर्थात् १३.३३ प्रतिशत वा १९६ जनसंख्या अर्थात् १३.३२ प्रतिशतको औषत वार्षिक आय रु ८,००० रहेको छ । २१ देखि ३० रोपनीसम्म जग्गा जमिन हुने ४३ घरपरिवार अर्थात् १४.३३ प्रतिशत वा २११ जनसंख्या अर्थात् १४.३३ प्रतिशतको औषत वार्षिक आय रु १५,००० रहेको छ । ३१ रोपनीभन्दा बढी जग्गा जमिन हुने ४८ घरपरिवार अर्थात् १६ प्रतिशत वा २३७ जनसंख्या अर्थात् १६.१० प्रतिशतको औषत वार्षिक आय रु

१५,००० रहेको छ । यसको अर्थ जमिनको आकारमा वृद्धि हुँदै जाँदा आम्दानीको स्तरमा पनि वृद्धि हुँदै जान्छ ।

### ४.५.६ जातजाति र गरिवीको रेखा(Ethnicity and Poverty Line)

अध्ययनमा मुख्य तथ्य के फेला परेको छ भने माथिल्लो जातका मानिसहरू कम गरीब छन् । अध्ययनमा छनोट गरिएका ३०० घरपरिवार मध्ये ब्राह्मण, क्षेत्रीका प्रतिनिधित्व बढी छ भने अन्य जातिको प्रतिनिधत्व कम छ । यो सत्य हो की सामाजिक परिवेश जातिगत विविधता, जातिगत स्वभाव र उनीहरू प्रतिको व्यवहारले पनि गरिबीको दरमा असर गरिरहेको हुन्छ । अछुत भनिने जातिको स्थिति र तिनीहरूको पेसा आदि सामाजिक रूपले नै अन्य समूहको तुलनामा तल्लो स्तरको रहेको पाइन्छ । ग्रामीण नेपालको जीवन स्तर सर्वेक्षणमा पनि जातीय समूहले महत्वपूर्ण प्रभाव पारेको तथ्य फेला परेको थियो । त्यस्तै अनुसन्धान क्षेत्रमा पनि जातिगत भिन्नता सामाजिक कुप्रथाले आय असमानता निम्त्याई गरिबीको दरमा वृद्धि गरेको छ । अध्ययन क्षेत्रमा देखापरेका गरिबी र यसको अध्ययन तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका४.१७**

**अध्ययन क्षेत्रको जातिगत समूह र गरिबीको रेखामुनीको घरधुरी २०७०**

| क्र.सं. | जातीय समूह | गरिवीको रेखामुनिको घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | घर्ती | २० | १९.८१ |
| २ | कामी | १८ | १७.८३ |
| ३ | दमाई | १३ | १२.८७ |
| ४ | सार्की | १३ | १२.८७ |
| ५ | सुनार | १२ | ११.८८ |
| ६ | ठकुरी | १० | ९.९१ |
| ७ | क्षेत्री | ८ | ७.९२ |
| ८ | ब्राह्मण | ७ | ६.९३ |
|  | जम्मा | १०१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

तालिका ४.१७ मा अध्ययन क्षेत्रको जातिगत समूह र गरिबीको रेखामुनीरहेको घरधुरीको संख्या र त्यसको प्रतिशतलाई देखाइएको छ । यस तालिका अनुसार सबैभन्दा बढी घर्ती

जातका घरपरिवार गरिवीको रेखाभित्र रहेको पाइयो भने सबैभन्दा कम ब्राह्मण जातका गरिवीको रेखाभित्र रहेको पाइयो । जातको आधारमा गरिवीको रेखाभित्र पर्ने घरपरिवारको प्रतिशतलाई हेर्दा घर्ती १९.८१ प्रतिशत, कामीको १७.८३ प्रतिशत, दमाईको १२.८७ प्रतिशत,सार्की १२.८७ प्रतिशत, सुनारको ११.८८ प्रतिशत,ठकुरी ९.९१ प्रतिशत, क्षेत्री ७.९२ र ब्राह्मण ६.९३ प्रतिशत मात्र गरिबी रहेको पाइयो ।

### ४.५.७ पेशागत संरचना र गरिबीको रेखा(Occupation Structure and Poverty Line)

यस अध्ययन क्षेत्रमारहेका व्यक्तिको पेशागत अवस्था र उक्त पेशासँग सम्बन्धित व्यक्तिको गरिवीको अवस्थाको अध्ययन गरिएको थियो । पेशाले व्यक्तिको आम्दानीलाई निर्धारण गर्छ । जुन पेशाबाट उच्च आय प्राप्त हुन्छ त्यो पेशामा संलग्न व्यक्तिहरु धनी हुन्छन र जुन पेशाबाट न्यून आय प्राप्त हुन्छ त्यो पेशामा संलग्न व्यक्तिहरु गरिव हुन्छन् । त्यसैले, पेशासँग गरिवीको प्रत्यक्ष तर विपरीत सम्बन्ध रहेको हुन्छ । नमूना छनौटमा परेका घरपरिवारमा बसोबास गर्ने आर्थिक रुपमा सक्रिय वा १५ वर्षदेखि ५९ वर्ष उमेर समूहका मानिसहरुको पेशा र उक्त घरपरिवारमा बसोबास गर्ने सम्पूर्ण जनसंख्याको गरिवीको अवस्थाको वारेमा तलको तालिकामा देखाइएको छ ।

**तालिका४.१८**

**नमूना छनौट क्षेत्रको पेशागत संरचना र गरिवीको अवस्था २०७०**

| क्र.सं. | पेशागत समूह | गरिवीको रेखा मुनीको जनसङ्ख्या | प्रतिशत | गरिवीको रेखा माथिको जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | कृषि | ३७८ | ७६.३६ | ९८ | १२.२६ |
| २. | नोकरी | ३० | ६.०६ | २१६ | २७.०३ |
| ३. | व्यापार | २० | ४.०४ | १३६ | १७.०२ |
| ४. | वैदेशिक रोजगार | १२ | २.४२ | १९२ | २४.०३ |
| ५. | मजदुरी | ३५ | ७.०८ | ८० | १०.०२ |
| ६. | अन्य | २० | ४.०४ | ७७ | ९.६४ |
| | जम्मा | ४९५ | १०० | ७९९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका४.१८ का अनुसार सबैभन्दा बढी गरीब कृषि पेशामा संलग्न ७६.३६ प्रतिशत देखिन्छ भने सबैभन्दा कम गरिवी वैदेशिक रोजगारमा गएका व्यक्तिहरु २.४२ प्रतिशत छन् ।त्यसैगरी, नोकरीमा ६.०६ प्रतिशत, व्यापारमा ४.०४ प्रतिशत, मजदुरीमा ७.०८ प्रतिशत र अन्यमा ४.०४ प्रतिशत मानिसहरु गरिवीको रेखामुनी रहेका छन् । त्यसैगरी, गरिवीको रेखामाथि रहेका सबैभन्दा धेरै व्यक्तिहरु नोकरी पेशामा लागेका २७.०३ प्रतिशत र सबैभन्दा कम अन्य पेशामा लागेका ९.६४ प्रतिशत मानिसहरु रहेका छन् । त्यसैगरी, कृषिमा १२.२६ प्रतिशत, व्यापारमा १७.०२ प्रतिशत, वैदेशिक रोजगारमा २४.०३ प्रतिशत र मजदुरीमा १०.०२ प्रतिशत मानिसहरु गरिवीको रेखाभन्दा माथि रहेका छन् ।

## ४.६ अध्ययन क्षेत्रको शैक्षिक अवस्था (Educational Condition in the Study Area)

यस शिर्षकमा नमूना छनोटमा परेको घरपरिवारको शैक्षिक अवस्थाको विश्लेषण गरिएको छ । नमूना छनौट घरपरिवारमा बसोबास गर्ने तर ५ वर्ष भन्दा माथिको उमेर समूहका व्यक्तिहरुको साक्षरता तथा निरक्षरता, तहगत विद्यालयको अवस्था र बालबालिकाले अध्ययन गर्ने विद्यालयको प्रकारको अध्ययन शैक्षिक अवस्था भित्र गरिएको छ । जसलाई यस प्रकार उल्लेख गरिएको छ ।

### ४.६.१ साक्षरता तथा निरक्षरता दर(Literacy and Illiteracy Rate)

साक्षरता भनेको पढ्न वा लेख्न सक्नु हो भने निरक्षरता भनेको पढ्न वा लख्न नसक्नु हो । यदि कसैले पढ्न र लेख्न दुवै जानेको छ भने पनि उसलाई साक्षर भनिन्छ । नमूना छनौटमा परेका घरधुरीमा बसोबास गर्ने सदस्यहरुको साक्षरता र निरक्षरताको अवस्थाको तथ्यांक संकलन गरिएको थियो । उक्त तथ्यांकलाई तालिकामा विश्लेषण गर्दा पुरुषको साक्षरता दर ७४.२७ प्रतिशत रहेको छ भने पुरुषको निरक्षरता २५.७३ प्रतिशत रहेको छ । त्यसैगरी, महिलाको साक्षरता ५०.०३ प्रतिशत रहेको छ भने निरक्षरता ४९.९७ प्रतिशत रहेको छ । उमेरगत रुपमा अध्ययन क्षेत्रको साक्षरता तथा निरक्षरता दरलाई तलको तालिकामा देखाइएको छ ।

## तालिका ४.१९

## नमुना घरधुरीका सदस्यको साक्षरता र निरक्षरताको विवरण २०७०

| उमेर (वर्षमा) | साक्षरता | | | | निरक्षरता | | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | % | म. | % | पु. | % | म. | % | पु. | म. | कुल |
| ५–१५ | ६९ | ९८.५७ | ८६ | ९७.७२ | १ | १.४३ | २ | २.२८ | ७० | ८८ | १५८ |
| १६–६० | ४०८ | ७४.८६ | ३१२ | ५२ | १३७ | २५.१४ | २८८ | ४८ | ५४५ | ६०० | ११४५ |
| ६१+ | ८ | २१.०५ | १ | २.७ | ३० | ७८.९५ | ३६ | ९७.३ | ३८ | ३७ | ७५ |
| कुल | ४८५ | ७४.२७ | ३९९ | ५०.०३ | १६८ | २५.७३ | ३२६ | ४९.९७ | ६५३ | ७२५ | १३७८ |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

तालिका ४.१९ मा नमूना छनौटमा परेका घरधुरीका ५ वर्षभन्दा माथिका सदस्यहरुको साक्षरता र निरक्षरताको अवस्थालाई देखाइएको छ ।तालिका अनुसार ५ वर्षदेखि १५ वर्ष सम्मको उमेर समूहका पुरुषको साक्षरता ९८.५७ प्रतिशत रहेको छ भने निरक्षरता १.४३ प्रतिशत रहेको छ भने महिलाको साक्षरता ९७.७२ प्रतिशत र निरक्षरता २.२८ प्रतिशत रहेको छ । १६ वर्षदेखि ६० वर्ष सम्मको उमेर समूहका पुरुषको साक्षरता ७४.८६ प्रतिशत रहेको छ भने निरक्षरता २५.१४ प्रतिशत रहेको छ भने महिलाको साक्षरता ५२ प्रतिशत र निरक्षरता ४८ प्रतिशत रहेको छ । ६१ वर्षभन्दा माथिको उमेर समूहका पुरुषको साक्षरता २१.०५ प्रतिशत रहेको छ भने निरक्षरता ७८.९५ प्रतिशत रहेको छ भने महिलाको साक्षरता २१.०५ प्रतिशत र निरक्षरता ७८.९५ प्रतिशत रहेको छ ।

### ४.६.२ तहगत शैक्षिक अवस्था(Levelwise Educational Status)

अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरधुरीमा बसोवास गर्ने तर ५ वर्ष उमेर समूहभन्दा माथिको जनसंख्याको तहगत शैक्षिक अवस्थाको अध्ययन गरिएको थियो । तहगत शैक्षिक अवस्था भन्नाले प्राथमिक तहदेखि उच्च शिक्षासम्मको अध्ययन गर्ने जनसंख्याको विवरण हो । अध्ययन क्षेत्रमा बसोबास गर्ने व्यक्तिमध्ये कसले कतिसम्मको अध्ययन गरेको छ भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

### तालिका ४.२०

### नमुना घरधुरीका सदस्यको तहगत शैक्षिक अवस्था २०७०

| क.सं. | शैक्षिक तह | जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
| १. | निरक्षर | १६८ | २५.७३ | ३२६ | ४४.९७ | ४९४ | ३५.८४ |
| २. | साक्षर (कुनै तह पार नगर्ने) | १३२ | २०.२२ | २८८ | ३९.७३ | ४२० | ३०.४८ |
| ३. | प्राथमिक तहसम्म उर्तिण | ८५ | १३.०२ | ५२ | ७.१७ | १३७ | ९.९४ |
| ४. | नि.मा.वि. तहसम्म उर्तिण | १८ | २.७६ | ३१ | ४.२८ | ४९ | ३.५६ |
| ५. | मा.वि. तहसम्मउर्तिण | १२० | १८.३७ | १२ | १.६६ | १३२ | ९.५८ |
| ६. | उ.मा.वि. तहसम्मउर्तिण | ९५ | १४.५४ | ८ | १.१० | १०३ | ७.४७ |
| ७. | स्नातक तहसम्म उर्तिण | २५ | ३.८३ | ६ | ०.८२ | ३१ | २.२६ |
| ८. | स्नातकोत्तर तहसम्म उर्तिण | १० | १.५३ | २ | ०.२७ | १२ | ०.८७ |
| | | ६५३ | १०० | ७२५ | १०० | १३७८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७१

तालिका ४.२०मा अध्ययन क्षेत्रको घरधुरीमा बसोबास गर्ने ५ वर्षभन्दा माथिको उमेर समूहका कुल सदस्यहरुको तहगत शैक्षिक अवस्थालाई देखाइएको छ । अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका ३०० घरधुरीमा बसोबास गर्ने कुल जनसंख्या १४७२ जना मध्ये ५ वर्षभन्दा माथिको उमेर समूहका कुल जनसंख्या १३७८ जना रहेका छन् । तिमध्ये ४९४ जना अर्थात् ३५.८४ प्रतिशत निरक्षर रहेका छन भने कुनै औपचारिक कक्षा अध्ययन नगरेका तर अन्य अनौपचारिक कक्षाबाट लेखपढ गर्नसक्ने जनसंख्या ४२० जना अर्थात् ३०.४८ प्रतिशत रहेका छन् । त्यसैगरी, प्राथमिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा माथिको शिक्षा आर्जन नगरेको संख्या १३७ अर्थात् ९.९४ प्रतिशत रहेको छ । निम्न माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा माथिको शिक्षा आर्जन नगरेको संख्या ४९ अर्थात् ३.५६ प्रतिशत रहेको छ । माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा माथिको शिक्षा आर्जन नगरेको संख्या १३२ अर्थात् ९.५८ प्रतिशत रहेको छ । उच्च माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा

माथिको शिक्षा आर्जन नगरेको संख्या १०३ अर्थात् ७.४७ प्रतिशत रहेको छ । स्नातक तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा माथिको शिक्षा आर्जन नगरेको संख्या ३१ अर्थात् २.२६ प्रतिशत रहेको छ । स्नातकोत्तर तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा माथिको शिक्षा आर्जन नगरेको संख्या १२ अर्थात् ०.८७ प्रतिशत रहेको छ ।

### ४.६.३ बालबालिका अध्ययनतर विद्यालय(Children Studying School)

अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरधुरीमा बसोबास गर्ने र उच्च माध्यामिक तहसम्म अध्ययन गरीरहेका बालबालिकाको विद्यालयको अवस्था कस्तो छ भनी अध्ययन गरिएको थियो । अध्ययन क्षेत्रमा रहेका उच्च माध्यामिक तहसम्म अध्ययन गर्ने १८ वर्षभन्दा कम उमेर समूहका बालबालिकाले सरकारी विद्यालयमा अध्ययन गर्छन वा निजी विद्यालयमा अध्ययन गछर्न भन्ने तथ्यांक संकलन गरिएको थियो । विद्यार्थी संख्या र विद्यालयको स्वरुपलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.२१**

**बालबालिका अध्ययनरत विद्यालयको स्वरुप २०७०**

| क्र.सं. | विद्यालय | विद्यार्थी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | प्रतिशत | छात्रा | प्रतिशत | जम्मा | प्रतिशत |
| १. | सरकारी | ५२ | ६१.९० | ८० | ८५.१० | १३२ | ७४.१६ |
| २. | निजी | ३२ | ३८.१० | १४ | १४.९० | ४६ | २५.८४ |
| | जम्मा | ८४ | १०० | ९४ | १०० | १७८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७१

तालिका ४.२१ अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरधुरीमा बसोबास गर्ने र उच्च माध्यामिक तहसम्म अध्ययन गरीरहेका बालबालिका संख्या र उनीहरुले अध्ययन गर्ने विद्यालयको स्वरुपलाई देखाइएको छ । अध्ययन क्षेत्रमा रहेका उच्च माध्यामिक

विद्यालयसम्म अध्ययनरत विद्यार्थीहरुको कुल संख्या १७८ जना मध्ये सरकारी विद्यालयमा १३२ जना अर्थात् ७४.१६ प्रतिशतले अध्ययन गरेको पाइयो भने निजी विद्यालयमा ४६ जना अर्थात् २५.८४ प्रतिशतले अध्ययन गरेको पाइयो । त्यसैगरी, कुल बालबालिका १७८ जना मध्ये कुल छात्रको संख्या ८४ जना र कुल छात्राको संख्या ९४ जना रहेको छ । कुल छात्रको संख्या ८४ जना मध्ये ५२ जना अर्थात् ६१.९ प्रतिशतले सरकारी विद्यालयमा अध्ययन गरीरहेको पाइयो भने ३२ जना अर्थात् ३८.१ प्रतिशतले निजी विद्यालयमा अध्ययन गरेको पाइयो । त्यसैगरी, कुल छात्राको संख्या ९४ जना मध्ये ८० जना अर्थात् ८५.१ प्रतिशतले सरकारी विद्यालयमा अध्ययन गरीरहेको पाइयो भने १४ जना अर्थात् १४.९ प्रतिशतले निजी विद्यालयमा अध्ययन गरेको पाइयो ।

## ४.७ ग्रामिण गरिवीकोशिक्षामा प्रभाव(Impact on Education of Rural Poverty)

नमूना छनौटमा परेका घरपरिवारको पारिवारीक शिक्षामा ग्रामिण क्षेत्रमा रहेको गरिवीको अवस्थाले नकरात्मक प्रभाव पारेको पाइयो । गरिवीले शिक्षा क्षेत्रमा पारेको प्रभावलाई घरपरिवारको तहगत औषत वार्षिक आयस्तरका आधारमा उक्त घरपरिवारका बालबालिकाले अध्ययन गर्ने विद्यालयको स्वरुपका आधारमा र शैक्षिक तहगत अवस्था र उक्त तहको शिक्षा हासिल गर्ने व्यक्तिको गरिवी तथा धनिको अवस्थाका आधारमा देखाइएको छ ।

### ४.७.१ आयस्तर तथा विद्यालयको प्रकृति(Income Level and Nature of School)

उच्च गरिवीको अवस्थामा रहेका घरपरिवारका बालबालिकाहरुले सरकारी विद्यालयमा अध्ययन गरिरहेको पाइयो भने आम्दानी उच्च हुने घरपरिवारका बालबालिकाहरुले निजी विद्यालयमा अध्ययन गरिरहेको पाइयो । अध्ययन क्षेत्रका घरपरिवारको वार्षिक तहगत आम्दानी र उनीहरुका बालबालिकाहरुले अध्ययन गर्ने विद्यालयको स्वरुपलाई निम्न तालिकामा देखाइएको छ ।

## तालिका ४.२२

### नमूना छनौट ग्रामिण गरिवीको शिक्षामा प्रभाव २०७०

| वार्षिक आय (रु मा) | घर संख्या | सरकारी विद्यालयमा अध्ययनरत वि. संख्या | | | निजी विद्यालयमा अध्ययनरत वि. संख्या | | | कुल वि. संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| ३०,००० सम्म | २१० | ५२ | ६८ | १२० | – | – | – | १२० |
| ३०००० – ६०००० | ५० | – | ७ | ७ | १४ | ७ | २१ | २८ |
| ६०००० –९०००० | १५ | – | ८ | ८ | १ | – | १ | ९ |
| ९०००० –१२०००० | १२ | – | २ | २ | ३ | २ | ५ | ७ |
| १२०००० – १५०००० | ९ | – | १ | १ | ३ | १ | ४ | ५ |
| १५०००० –१८०००० | २ | – | – | – | ३ | २ | ५ | ५ |
| १८०००० भन्दा माथि | २ | – | – | – | २ | २ | ४ | ४ |
| जम्मा | ३०० | ५२ | ८० | १३२ | ३२ | १४ | ४६ | १७८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.२२ मा नमूना छनोट घरपरिवारको वार्षिक तहगत आम्दानी र बालबालिकाले अध्ययन गर्ने विद्यालय र विद्यार्थी संख्यालाई देखाइएको छ। उक्त तालिका अनुसार सबैभन्दा कम आय रु ३०,००० सम्म प्राप्त गर्ने घरपरिवार २१० वटा अर्थात् ७०.०० प्रतिशत रहेका छन् । उक्त घरपरिवारमा रहेका १२० बालबालिकाहरुले सरकारी विद्यालयमा मात्र अध्ययन गरेको पाइयो । रु ३०,००० देखि रु ६०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार ५० वटा अर्थात् १६.६६ प्रतिशत रहेका छन् । उक्त घरपरिवारमा रहेका २८ जना बालबालिका मध्ये ७जनाले सरकारी विद्यालय र २१ जनाले निजी विद्यालयमा अध्ययन गरेको पाइयो । रु ६०,००० देखि रु ९०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार १५ वटा अर्थात् ५ प्रतिशत रहेका छन् । उक्त घरपरिवारमा रहेका ९ जना बालबालिका मध्ये १ जनाले सरकारी विद्यालय र ८ जनाले निजी विद्यालयमा अध्ययन गरेको पाइयो । रु ९०,००० देखि रु १२०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार १२ वटा अर्थात् ४ प्रतिशत रहेका छन् । उक्त घरपरिवारमा रहेका ७ जना बालबालिका मध्ये २ जनाले सरकारी विद्यालय र ५ जनाले निजी विद्यालयमा अध्ययन गरेको पाइयो ।

त्यसैगरी, रु १२०,००० देखि रु १५०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार ९ वटा अर्थात् ४ प्रतिशत रहेका छन् । उक्त घरपरिवारमा रहेका ५ जना बालबालिका मध्ये १ जनाले सरकारी विद्यालय र ४ जनाले निजी विद्यालयमा अध्ययन गरेको पाइयो । रु १५०,००० देखि रु १८०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार २ वटा अर्थात् ०.६७ प्रतिशत रहेका छन् । उक्त घरपरिवारमा रहेका ५ जना बालबालिका मध्ये सबैले निजी विद्यालयमा अध्ययन गरेको पाइयो । त्यसैगरी, रु १८०,००० भन्दा माथि आय प्राप्त गर्ने घरपरिवार २ वटा अर्थात् ०.६७ प्रतिशत रहेका छन् । उक्त घरपरिवारमा रहेका ४ जना बालबालिका मध्ये सबैले निजी विद्यालयमा अध्ययन गरेको पाइयो ।

### ४.७.२ तहगत शिक्षा र गरिवी (Levelwise Education and Poverty)

अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरधुरीमा बसोवास गर्ने तर ५ वर्ष उमेर समूहभन्दा माथिको जनसंख्याको तहगत शैक्षिक अवस्थाको अध्ययन गरिएको थियो । तहगत शैक्षिक अवस्था भन्नाले प्राथमिक तहदेखि उच्च शिक्षासम्मको अध्ययन गर्ने जनसंख्याको विवरण हो । तहगत शैक्षिक अवस्थाको आधारमा गरिवीको अवस्थाको अध्ययन गर्दा ५ वर्षभन्दा कम उमेर समूहका बालबालिकाहरुलाई समावेश गरिएको छैन । अध्ययन क्षेत्रमा बसोबास गर्ने व्यक्तिमध्ये कसले कतिसम्मको अध्ययन गरेको छ र उसको गरिवीको अवस्था कस्ता रहेको भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२३**

**तहगत शैक्षिक अवस्था र गरिवीको अवस्था २०७०**

| क्र.सं | शैक्षिक तह | कुल संख्या | गरिवीको रेखामुनी | | गरिवीको रेखामाथि | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | निरक्षर | ४९४ | १७५ | ४३.६४ | ३१९ | ३२.६५ |
| २. | साक्षर | ४२० | १२५ | ३१.१७ | २९५ | ३०.१९ |
| ३. | प्राथमिक तह | १३७ | ७१ | १७.७१ | ६६ | ६.७६ |
| ४. | नि.मा.वि. तह | ४९ | २० | ४.९९ | २९ | २.९७ |
| ५. | मा.वि. तह | १३२ | १० | २.४९ | १२२ | १२.४९ |
| ६. | उ.मा.वि. तह | १०३ | - | - | १०३ | १०.५४ |
| ७. | स्नातक तह | ३१ | - | - | ३१ | ३.१७ |
| ८. | स्नातकोत्तर तह | १२ | - | - | १२ | १.२३ |
| | | १३७८ | ४०१ | १०० | ९७७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७१

तालिका ४.२३ मा अध्ययन क्षेत्रको घरधुरीमा बसोबास गर्ने ५ वर्षभन्दा माथिको उमेर समूहका कुल सदस्यहरुको तहगत शैक्षिक अवस्था र गरिवीको रेखामुनी र गरिवीको रेखामाथिको जनसंख्यालाई देखाइएको छ । अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका ३०० घरधुरीमा बसोबास गर्ने कुल जनसंख्या १४७२ जना मध्ये ५ वर्षभन्दा माथिको उमेर समूहका कुल जनसंख्या १३७८ जना रहेका छन् । तिमध्ये ४९४ जना अर्थात् ३५.८४ प्रतिशत निरक्षर रहेका छन । उक्त निरक्षरमध्ये गरिवीको रेखामुनी १७५ जना अर्थात् कुल गरिवीको रेखामुनीको जनसंख्याको ४३.६४ प्रतिशत छन भने गरिवीको रेखामाथि ३१९ जना अर्थात् कुल गरिवीको रेखामाथिको जनसंख्याको ३२.६५ प्रतिशत रहेका छन् ।

कुनै औपचारिक कक्षा अध्ययन नगरेका तर अन्य अनौपचारिक कक्षाबाट लेखपढ गर्नसक्ने जनसंख्या ४२० जना अर्थात् ३०.४८ प्रतिशत रहेका छन् । त्यसमध्ये गरिवीको रेखामुनी १२५ जना अर्थात् कुल गरिवीको रेखामुनीको जनसंख्याको ३१.१७ प्रतिशत छन भने गरिवीको रेखामाथि २९५ जना अर्थात् कुल गरिवीको रेखामाथिको जनसंख्याको ३०.१९ प्रतिशत रहेका छन् । प्राथमिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा माथिको शिक्षा आर्जन नगरेको संख्या १३७ अर्थात् ९.९४ प्रतिशत रहेको छ । उक्त संख्यामध्ये गरिवीको रेखामुनी ७१ जना अर्थात् कुल गरिवीको रेखामुनीको जनसंख्याको ४३.६४ प्रतिशत छन भने गरिवीको रेखामाथि ६६ जना अर्थात् कुल गरिवीको रेखामाथिको जनसंख्याको ३२.६५ प्रतिशत रहेका छन् ।

निम्न माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा माथिको शिक्षा आर्जन नगरेको संख्या ४९ अर्थात् ३.५६ प्रतिशत रहेको छ । उक्त संख्यामध्ये गरिवीको रेखामुनी २० जना अर्थात् कुल गरिवीको रेखामुनीको जनसंख्याको ४.९९ प्रतिशत छन भने गरिवीको रेखामाथि २९ जना अर्थात् कुल गरिवीको रेखामाथिको जनसंख्याको २.९७ प्रतिशत रहेका छन् । माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा माथिको शिक्षा आर्जन नगरेको संख्या १३२ अर्थात् ९.५८ प्रतिशत रहेको छ । उक्त संख्यामध्ये गरिवीको रेखामुनी १० जना अर्थात् कुल गरिवीको रेखामुनीको जनसंख्याको २.४९ प्रतिशत छन भने गरिवीको रेखामाथि १२२ जना अर्थात् कुल गरिवीको रेखामाथिको जनसंख्याको १२.४९ प्रतिशत रहेका छन् ।

उच्च माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा माथिको शिक्षा आर्जन नगरेको संख्या १०३ अर्थात् ७.४७ प्रतिशत रहेको छ । उक्त संख्यामध्ये गरिवीको रेखामुनी कुनै पनि छैनन भने सबै १०३ जना नै गरिवीको रेखामाथि रहेका छन् । अर्थात् कुल गरिवीको रेखामाथिको जनसंख्याको १०.५४ प्रतिशत रहेका छन् । स्नातक तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा माथिको शिक्षा आर्जन नगरेको संख्या ३१ अर्थात् २.२६ प्रतिशत रहेको छ । उक्त संख्यामध्ये गरिवीको रेखामुनी कुनै पनि छैनन भने सबै ३१ जना नै गरिवीको रेखामाथि रहेका छन् । अर्थात् कुल गरिवीको रेखामाथिको जनसंख्याको ३.१७ प्रतिशत रहेका छन् । स्नातकोत्तर तहसम्मको मात्र शिक्षा आर्जन गरेका तर त्योभन्दा माथिको शिक्षा आर्जन नगरेको संख्या १२ अर्थात् ०.८७ प्रतिशत रहेको छ ।उक्त संख्यामध्ये गरिवीको रेखामुनी कुनै पनि छैनन भने सबै १२ जना नै गरिवीको रेखामाथि रहेका छन् । अर्थात् कुल गरिवीको रेखामाथिको जनसंख्याको १.२३ प्रतिशत रहेका छन् ।

## ४.८ गरिबी घटाउने उपायहरू (Remedial Measures to ReducePoverty)

नमूना छनोट क्षेत्रमा रहेका ३६.६३ प्रतिशत मानिसहरू गरीब रहेको पाइयो । किनभने यहाँका धेरै घरपरिवारको प्रमुख पेशा कृषि रहेतापनि कृषि परम्परा खेती प्रणालीको कारण उत्पादनमा वृद्धि हुन सकेको छैन । त्यस्तो यस क्षेत्रमा अधिकांश अझै पनि रुढिवादी रहिरहेको एकातिर छ भने अर्कोतिर यहाँका मानिसहरूमा अझै पनि शिक्षाको कमि रहेको देखिन्छ । यसर्थ यसलाई उन्मुलन नगरी यहाँको गरिबी निवारण हुन्छ भन्नु केवल दिवा सपना मात्र हो । त्यसैले गरिबी घटाउन निम्म उपायहरूअंगिकार गर्नुपर्ने हुन्छ जसलाई तालिका देखाइएको छ ।

## तालिका४.२४

## गरिबी घटाउने उपाय २०७०

| क्र.सं. | गरिबी घटाउने उपाय | उत्तरदाता सङ्ख्या |
|---|---|---|
| १ | सिचाई सुविधामा वृद्धि गरी कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने | ३० |
| २ | कृषिमा आधुनिकीकरण गर्नुपर्ने | २० |
| ३ | ग्रामीण पूर्वाधारको विकास गर्नुपर्ने | १८ |
| ४ | स्थानीय साधन र स्रोतको पूर्ण सदुपयोग गर्नुपर्ने | २२ |
| ५ | सहकारी विकासमा जोड दिनुपर्ने | १४ |
| ६ | महिलासिपमूलक तालिममा विस्तार गर्नुपर्ने | ४२ |
| ७ | स्थानीय स्तरमा उद्योग धन्दाको विकास गर्नुपर्ने | १२ |
| ८ | व्यवहारिक शिक्षाको विकास तथा विस्तार गर्नुपर्ने | ३६ |
| ९ | सरकारले रोजगारमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने | २६ |
| १० | समाजमा रहेको अन्धविश्वास हटाउनुपर्ने | १८ |
| ११ | राजनीतिक स्थिरता कायम गर्नुपर्ने | ४२ |
| १२ | खाद्यान्न वालीका साथै नगदेबालीमा पनि जोड दिनुपर्ने | २० |
| | जम्मा | ३०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७१

तालिका ४.२४ मा अध्ययन क्षेत्रमा रहेको गरिबी घटाउने उपायहरु देखाइएको छ । नमूना छनौटमा परेका ३०० घरपरिवारका ३०० अभिभावकलाई नै गरिवी घटाउन के गर्नुपर्ला भनि सोधिएको थियो । उनीहरुले दिएको उत्तरका आधारमा उपायहरुलाई सूचिवद्ध गरिएको छ ।उत्तरदातामध्ये सबैभन्दा धेरै ४२ प्रतितले गरिवी घटाउनका लागि महिला सिपमूलक तालिममा विस्तार गर्नुपर्ने र राजनीतिक स्थिरता कायम हुनुपर्ने धारणा व्यक्त  गरेका छन् भने सबैभन्दा कम १२ प्रतिशतले स्थानीय स्तरमा उद्योग धन्दाको विकास गर्नुपर्ने धारणा राखेका छन् ।

## ४.९ प्राप्तीको सारांश (Summary of Findings)

नमूना छनौटमा परेको धादिङ्ग जिल्लाको वैरेनी गा.वि.स.को वडा नं. १, २ र ३ मा रहेका घरधुरी मध्येबाट नमूना छनौटमा परेका घरधुरीको गरिवी र उक्त गरिवीले स्थानीय जनताको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको व्याख्या तथा विश्लेषणबाट प्राप्त नतिजाको सारांशलाई यस प्रकार उल्लेख गरिएको छ ।

- नमूना छनौटमा परेको वडा नं. १ मा कुल जनसंख्या ३७० जना रहेका छन् भने पुरुषको जनसंख्या १७० जना अर्थात् ४५.९५ प्रतिशत रहेको छ भने महिलाको जनसंख्या २६५ जना अर्थात् ५३.८६ प्रतिशत रहेको छ । त्यसैगरी वडा नं. २ मा कुल जनसंख्या ४९२ जना रहेका छन् भने पुरुषको जनसंख्या २२७ जना अर्थात् ४६.१४ प्रतिशत रहेको छ भने महिलाको जनसंख्या २०० जना अर्थात् ५४.०५ प्रतिशत रहेको छ । त्यसैगरी वडा नं. ३ मा कुल जनसंख्या ६१० जना रहेका छन् भने पुरुषको जनसंख्या २९८ जना अर्थात् ४८.८५ प्रतिशत रहेको छ भने महिलाको जनसंख्या ३१२ जना अर्थात् ५१.१५ प्रतिशत रहेको छ ।
- छनौटमा परेको ३०० घरपरिवारका १५ वर्षसम्मको उमेर भएका व्यक्तिको कुल संख्या २५२ जना रहेका छन् भने पुरुषको संख्या ११२ जना अर्थात् ४४.४५ प्रतिशत रहेको छ भने महिलाको संख्या १४० जना अर्थात् ५५.५५ प्रतिशत रहेको छ । त्यसैगरी, १६ वर्ष उमेर देखि ६० वर्षसम्मको उमेर भएका व्यक्तिको कुल संख्या ११४५ जना रहेका छन् भने पुरुषको संख्या ५४५ जना अर्थात् ४७.६० प्रतिशत रहेको छ भने महिलाको संख्या ६०० जना अर्थात् ५२.४० प्रतिशत रहेको छ । त्यसैगरी, ६१ वर्षभन्दा माथिको उमेर भएका व्यक्तिको कुल संख्या ७५ जना रहेका छन् भने पुरुषको संख्या ३८ जना अर्थात् ५०.६७ प्रतिशत रहेको छ भने महिलाको संख्या ३७ जना अर्थात् ४९.३३ प्रतिशत रहेको छ ।
- अध्ययन क्षेत्रमा रहेका ३०० घरपरिवारमा औषत परिवार आकार ४.९ जना छ ।
- अध्ययन क्षेत्रमा गाई गोरुको सङ्ख्या १९० वटा (३४.५४ प्रतिशत), भैसी, राँगा, १२० वटा अर्थात् (२१.८१ प्रतिशत), बाखा १९६ वटा (३५.६३ प्रतिशत) त्यसैगरी संगुर तथा बंगुर ४४ वटा (८ प्रतिशत) रहेको छ । प्रति घरपरिवार औषत पशुको संख्या जम्मा १.८४ वटा रहेका छन् ।

- नमूना छनौटमा परेका वडाका मानिसहरू कृषिमा आश्रित भएपनि त्यति धेरै सङ्ख्यामा पशुपालन गरेको देखिदैन ।
- आफ्नो उत्पादनले ३ महिनासम्म खान पुग्ने घरपरिवार ११० वटा अर्थात् ३६.६७ प्रतिशत, ३-६ महिनासम्म खान पुग्ने घरधुरी ६० वटा अर्थात् २० प्रतिशत, ६ देखि ९ महिनासम्म खान पुग्ने घरधुरी ४० अर्थात् १३.३३ प्रतिशत, ९ देखि १२ महिनासम्म खान पुग्ने घरधुरी ५० अर्थात् १६.६७ प्रतिशत र १२ महिना खान पुगी खाद्यान्न बचत गर्ने घरधुरी ४० अर्थात् १३.३३ प्रतिशत छन् ।
- आर्थिक रुपमा सक्रिय जनशक्ति ११४५ जना मध्ये कृषि पेशामा संलग्न ७८० जना अर्थात् ६८.१२ प्रतिशत, नोकरीमा संलग्न ७० जना अर्थात् ६.१२ प्रतिशत, ज्याला मजदुरीमा संलग्न २१५ जना अर्थात् १८.७८ प्रतिशत, वैदेशिक रोजगारमा संलग्न ४५ जना अर्थात् ३.९३ प्रतिशत, व्यापार व्यावसायमा संलग्न ३५ जना अर्थात् ३.०५ प्रतिशत रहेका छन् ।
- नमूना छनौट घरपरिवारको प्रमुख पेशा भनेको कृषि नै रहेको पाइयो । कृषिबाट कुल वार्षिक आय रु ५०१८४०६ अर्थात् कुल आयको ५५.३१ प्रतिशत रहेको पाइयो । त्यसपछिवैदेशिक रोजगारबाट कुल वार्षिक आय रु ३०००४३२ अर्थात् ३३.०६ प्रतिशत र अन्य बाँकी सबै स्रोतबाट कुल आयको ११.६३ प्रतिशत मात्र रहेको छ ।
- नमूना छनौटमा परेका ३०० घरपरिवारको कुल वार्षिक आय रु ९०७३०५४ रहेको छ भने कुल वार्षिक औषत आय रु ३०२४३.५२ रहेको छ ।
- नमूना छनौट क्षेत्रको प्रतिव्यक्ति आय रु ६१६३.७५ रहेको छ । केन्द्रिय तथ्यांक विभालले सार्वजनिक गरेको नेपालका लागि गरिवीको रेखाको वार्षिक आय रु १८२६१ हो । यो आयसँग अध्ययन क्षेत्रको आयलाई तुलनागर्दा नमूना छनौटमा परेको क्षेत्रमा रहेको गरिवीको अवस्थालाई हेर्दा औषतमा सबै मानिसहरु गरिवीको रेखाभित्र रहेका छन् ।
- अध्ययन क्षेत्रमा रु ३०,००० सम्म प्राप्त गर्ने घरपरिवार २१० वटा अर्थात् ७० प्रतिशत, रु ३०,००० देखि रु ६०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार ५० वटा अर्थात् १६.६६ प्रतिशत, रु ६०,००० देखि रु ९०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार १५ वटा अर्थात् ५ प्रतिशत, रु ९०,००० देखि रु १२०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार १२ वटा अर्थात् ४ प्रतिशत, रु १२०,००० देखि रु १५०,०००

सम्म आय प्राप्त गर्ने घरपरिवार ९ वटा अर्थात् ४ प्रतिशत, रु १५०,००० देखि रु १८०,००० सम्म आय प्राप्त गर्ने घरपरिवार २ वटा अर्थात् ०.६७ प्रतिशत ररु १८०,००० भन्दा माथि आय प्राप्त गर्ने घरपरिवार २ वटा अर्थात् ०.६७ प्रतिशत रहेका छन् ।

- नमूना छनौट घरपरिवारको खर्च उपभोगमा रु १२५२०५५६ अर्थात् ९५.९० प्रतिशत, शिक्षामा रु १५०८१५ अर्थात् १.१६ प्रतिशत, स्वास्थ्यमा १२२६३९ अर्थात् ०.९५ प्रतिशत, चाडपर्वमा रु ९२७८९ अर्थात् ०.७२ प्रतिशत, मनोरञ्जनमा रु २५६९१ अर्थात् ०.१९ प्रतिशत र व्यापार व्यावसाय (लगानी) मा रु १४३३५५ अर्थात् १.०९ प्रतिशत खर्च गरेको पाइयो ।
- अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरपरिवारको औषत वार्षिक घरपरिवार खर्च रु ४३५१९.४८ रहेको पाइयो । त्यसैगरी, अध्ययन क्षेत्रको प्रतिव्यक्ति खर्च रु ८८६९.४६ रहेको पाइयो ।
- अध्ययन क्षेत्रका घरपरिवारको कुल वार्षिक ऋण रु ३९,८२,७९१ रहेको छ । उक्त घरपरिवारको औषत वार्षिक ऋण रु १३२७५.९७ रहेको छ भने प्रतिव्यक्ति वार्षिक ऋण रु २७०५.७ रहेको छ ।
- नमुना छनोट परेका ३०० घरधुरी मध्ये १०१ घरधुरी अर्थात् ३६.६७ प्रतिशत घरधुरी गरिबीको रेखाभित्र परेका छन् भने १९९ घरधुरी अर्थात् ६६.३३ प्रतिशत घरधुरी गरिवीको रेखाभन्दा माथि परेका छन् ।
- गरिब तथा धनी दुवै घरपरिवारमा जमिनको आकार पाँच रोपनी देखी ३१ रोपनीसम्म रहेको पाइयो । गरीब घरपरिवारमा ५ रोपनीसम्म जग्गाको स्वामित्व हुने ४९.५ प्रतिशत, ३१ रोपनीभन्दा माथि जमिन हुने गरीब घरपरिवार ३.९७ प्रतिशत (४ घरधुरी) पाइयो भने धनी घरपरिवार २२.११ प्रतिशत (४४ घरधुरी) पाइयो ।
- अध्ययन क्षेत्रमा सबैभन्दा बढी घर्ती जातका घरपरिवार गरिवीको रेखाभित्र रहेको पाइयो भने सबैभन्दा कम ब्राह्मण जातका गरिवीको रेखाभित्र रहेको पाइयो ।
- जातको आधारमा गरिवीको रेखाभित्र पर्ने घरपरिवारको प्रतिशतलाई हेर्दा घर्ती १९.८१ प्रतिशत, कामीको १७.८३ प्रतिशत, दमाईको १२.८७ प्रतिशत, सार्की १२.८७ प्रतिशत, सुनारको ११.८८ प्रतिशत, ठकुरी ९.९१ प्रतिशत, क्षेत्री ७.९२ र ब्राह्मण ६.९३ प्रतिशत मात्र गरिबी रहेको पाइयो ।

- अध्ययन क्षेत्रमागरिवीको रेखामुनी रहेका मानिसहरुको पेशागत संलग्नता मध्ये कृषिमा७६.३६ प्रतिशत, वैदेशिक रोजगारमा २.४२ प्रतिशत, नोकरीमा ६.०६ प्रतिशत, व्यापारमा ४.०४ प्रतिशत, मजदुरीमा ७.०८ प्रतिशत र अन्यमा ४.०४ प्रतिशत रहेको छ ।
- अध्ययन क्षेत्रमा गरिवीको रेखामाथि रहेका मानिसहरुको पेशागत संलग्नता मध्ये नोकरीमा २७.०३ प्रतिशत, कृषिमा १२.२६ प्रतिशत, व्यापारमा १७.०२ प्रतिशत, वैदेशिक रोजगारमा २४.०३ प्रतिशत र मजदुरीमा १०.०२ प्रतिशत रहेका छन् ।
- अध्ययन क्षेत्रमा ५ वर्षदेखि १५ वर्ष सम्मको उमेर समूहका पुरुषको साक्षरता ९८.५७ प्रतिशत र निरक्षरता १.४३ प्रतिशत तथा महिलाको साक्षरता ९७.७२ प्रतिशत र निरक्षरता २.२८ प्रतिशत रहेको छ ।
- १६ वर्षदेखि ६० वर्ष सम्मको उमेर समूहका पुरुषको साक्षरता ७४.८६ प्रतिशत र निरक्षरता २५.१४ प्रतिशत तथा महिलाको साक्षरता ५२ प्रतिशत र निरक्षरता ४८ प्रतिशत रहेको छ । ६१ वर्षभन्दा माथिको उमेर समूहका पुरुषको साक्षरता २१.०५ प्रतिशत र निरक्षरता ७८.९५ प्रतिशत तथा महिलाको साक्षरता २१.०५ प्रतिशत र निरक्षरता ७८.९५ प्रतिशत रहेको छ ।
- अध्ययन क्षेत्रको कुल जनसंख्या १४७२ जना मध्ये ४९४ जना अर्थात् ३५.८४ प्रतिशत निरक्षर रहेका छन भने कुनै औपचारिक कक्षा अध्ययन नगरेका तर अन्य अनौपचारिक कक्षाबाट लेखपढ गर्नसक्ने साक्षर जनसंख्या ४२० जना अर्थात् ३०.४८ प्रतिशत रहेका छन् ।
- प्राथमिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका १३७ अर्थात् ९.९४ प्रतिशत, निम्न माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका ४९ अर्थात् ३.५६ प्रतिशत, माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका १३२ अर्थात् ९.५८ प्रतिशत, उच्च माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका १०३ अर्थात् ७.४७ प्रतिशत, स्नातक तहसम्मको मात्र शिक्षा आर्जन गरेका ३१ अर्थात् २.२६ प्रतिशत,र स्नातकोत्तर तहसम्मको मात्र शिक्षा आर्जन गरेका १२ अर्थात् ०.८७ प्रतिशत रहेका छन ।
- अध्ययन क्षेत्रमा रहेका उच्च माध्यामिक विद्यालयसम्म अध्ययनरत विद्यार्थीहरुको कुल संख्या १७८ जना मध्ये सरकारी विद्यालयमा १३२ जना अर्थात् ७४.१६ प्रतिशतले

अध्ययन गरेको पाइयो भने निजी विद्यालयमा ४६ जना अर्थात् २५.८४ प्रतिशतले अध्ययन गरेको पाइयो ।

- अध्ययन क्षेत्रमा रु ३०,००० सम्म घरपरिवारका सम्पूर्ण वा १२० बालबालिकाहरुले नै सरकारी विद्यालयमा अध्ययन गरेको पाइयो । रु ३०,००० देखि रु ६०,००० सम्म आय प्राप्त गर्ने घरपरिवारका २८ जना बालबालिका मध्ये ७ जनाले सरकारी विद्यालय र २१ जनाले निजी विद्यालयमा, रु ६०,००० देखि रु ९०,००० सम्म आय प्राप्त गर्ने घरपरिवारका ९ जना बालबालिका मध्ये १ जनाले सरकारी विद्यालय र ८ जनाले निजी विद्यालयमा, रु ९०,००० देखि रु १२०,००० सम्म आय प्राप्त गर्ने घरपरिवारका ७ जना बालबालिका मध्ये २ जनाले सरकारी विद्यालय र ५ जनाले निजी विद्यालयमा, रु १२०,००० देखि रु १५०,००० सम्म आय प्राप्त गर्ने घरपरिवारका ५ जना बालबालिका मध्ये १ जनाले सरकारी विद्यालय र ४ जनाले निजी विद्यालयमा, रु १५०,००० देखि रु १८०,००० सम्म आय प्राप्त गर्ने घरपरिवारका ५ जना बालबालिका मध्ये सबैले निजी विद्यालयमा र रु १८०,००० भन्दा माथि आय प्राप्त गर्ने घरपरिवारका ४ जना बालबालिका मध्ये सबैले निजी विद्यालयमा अध्ययन गरेको पाइयो ।
- गरिबी घटाउने उपायहरु मध्ये सबैभन्दा धैरै ४२ प्रतितले महिला सिपमूलक तालिममा विस्तार गर्नुपर्ने र राजनीतिक स्थिरता कायम हुनुपर्ने धारणा व्यक्त गरेका छन् भने सबैभन्दा कम १२ प्रतिशतले स्थानीय स्तरमा उद्योग धन्दाको विकास गर्नुपर्ने धारणा राखेका छन् ।

# अध्याय पाँच (CHAPTER FIVE)

## ५. निष्कर्ष र सुझावहरू(Conclusions and Recommendations)

### ५.१ निष्कर्ष(Conclusions)

नमूना छनौटमा परेको धादिङ्ग जिल्लाको वैरेनी गा.वि.स.को वडा नं. १, २ र ३ मा रहेका घरधुरी मध्येबाट नमूना छनौटमा परेका घरधुरीको गरिवी र उक्त गरिवीले स्थानीय जनताको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको व्याख्या तथा विश्लेषणबाट प्राप्त नतिजाको सारांशको आधारमा निकालिएका निक्ष्कर्षलाई यस प्रकार उल्लेख गरिएको छ ।

(१) नमूना छनौटमा परेको वडा नं. १ मा कुल जनसंख्या ३७० जना, वडा नं. २ मा कुल जनसंख्या ४९२ जना र वडा नं. ३ मा कुल जनसंख्या ६१० जना रहेका छन्

(२) अध्ययन क्षेत्रमा उमेरगत जनसंख्या मध्ये १५ वर्षसम्मको २५२ जना अर्थात् १७.१२ प्रतिशत, १६ वर्ष देखि ६० वर्षसम्मको ११४५ जना अर्थात् ७७.७८ प्रतिशत र ६१ वर्षभन्दा माथिको ७५ जना अर्थात् ५.१० रहेका छन् ।

(३) अध्ययन क्षेत्रमा रहेका ३०० घरपरिवारमा औषत परिवार आकार ४.९ जना छ ।

(४) नमूना छनौटमा परेका वडाका मानिसहरू कृषिमा आश्रित भएपनि प्रति घरपरिवार औषत पशुको संख्या जम्मा १.८४ वटा रहेका छन् ।

(५) आफ्नो उत्पादनले ३ महिनासम्म खान पुग्ने ३६.६७ प्रतिशत, ३-६ महिनासम्म खान पुग्ने २० प्रतिशत, ६ देखि ९ महिनासम्म खान पुग्ने १३.३३ प्रतिशत, ९ देखि १२ महिनासम्म खान पुग्ने १६.६७ प्रतिशत र १२ महिना खान पग्ने १३.३३ प्रतिशत घरपरिवार छन् ।

(६) आर्थिक रुपमा सक्रिय जनशक्ति ११४५ जना मध्ये कृषि ६८.१२ प्रतिशत, नोकरीमा ६.१२ प्रतिशत, ज्याला मजदुरीमा१८.७८ प्रतिशत, वैदेशिक रोजगारमा ३.९३ प्रतिशत र व्यापार व्यावसायमा ३.०५ प्रतिशत रहेका छन् ।

(७) कृषिबाट रु ५०१८४०६ अर्थात् ५५.३१ प्रतिशत, वैदेशिक रोजगारबाट कुल वार्षिक आय रु ३०००४३२ अर्थात् ३३.०६ प्रतिशत र अन्य बाँकी सबै स्रोतबाट ११.६३ प्रतिशत कुल वार्षिक आय प्राप्त भएको छ ।

(८) नमूना छनौटमा परेका ३०० घरपरिवारको कुल वार्षिक आय रु ९०७३०५४ रहेको छ भने कुल वार्षिक औषत आय रु ३०२४३.५२ रहेको छ ।

(९) नमूना छनौट क्षेत्रको प्रतिव्यक्ति आय रु ६१६३.७५ रहेको छ । केन्द्रिय तथ्यांक विभालले सार्वजनिक गरेको नेपालका लागि गरिवीको रेखाको वार्षिक आय रु १८२६१ हो ।

(१०) अध्ययन क्षेत्रमा७० प्रतिशत घरपरिवारको आय रु ३०,००० सम्म, १६.६६ प्रतिशत घरपरिवारको आय रु ३०,००० देखि रु ६०,००० सम्म, ५ प्रतिशत घरपरिवारको आय रु ६०,००० देखि रु ९०,००० सम्म,४ प्रतिशत घरपरिवारको आय रु ९०,००० देखि रु १२०,००० सम्म,४ प्रतिशत घरपरिवारको आय रु १२०,००० देखि रु १५०,००० सम्म,०.६७ प्रतिशत घरपरिवारको आय रु १५०,००० देखि रु १८०,००० सम्म र ०.६७ प्रतिशत घरपरिवारको आय रु १८०,००० भन्दा माथि रहेको छ ।

(११) नमूना छनौट घरपरिवारको उपभोगमा खर्च ढछ्ाढण प्रतिशत, शिक्षामा ज्ञाज्ञट प्रतिशत, स्वास्थ्यमा णढछ प्रतिशत, चाडपर्वमा रु णठद्द प्रतिशत, मनोरञ्जनमा णज्ञढ प्रतिशत र व्यापार व्यावसायमा ज्ञाण्ढ प्रतिशत खर्च गरेको पाइयो ।

(१२) अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरपरिवारको औषत वार्षिक प्रतिघरपरिवार खर्च रु ४३५१९.४८र प्रतिव्यक्ति खर्च रु ८८६९.४६ रहेको पाइयो ।

(१३) अध्ययन क्षेत्रका घरपरिवारको कुल वार्षिक ऋण रु ३९,८२,७९१ रहेको छ । उक्त घरपरिवारको औषत वार्षिक ऋण रु ज्ञघद्दठछ्ाढठ रहेको छ भने प्रतिव्यक्ति वार्षिक ऋण रु २७०५.७ रहेको छ ।

(१४) नमुना छनोट क्षेत्रमा ३६.६७ प्रतिशत घरधुरी गरिबीको रेखाभित्र र ६६.३३ प्रतिशत घरधुरी गरिवीको रेखाभन्दा माथि रहेका छन् ।

(१५) जातको आधारमा गरिवीको रेखाभित्र पर्ने घर्ती १९.८१ प्रतिशत, कामी१७.८३ प्रतिशत, दमाई १२.८७ प्रतिशत, सार्की १२.८७ प्रतिशत, सुनार ११.८८ प्रतिशत, ठकुरी ९.९१ प्रतिशत, क्षेत्री ७.९२ र ब्राह्मण ६.९३ प्रतिशत रहेको पाइयो ।

(१६) पेशाको आधारमा गरिवीको रेखामुनी पर्ने कृषिमा ७६.३६ प्रतिशत, वैदेशिक रोजगारमा २.४२ प्रतिशत, नोकरीमा ६.०६ प्रतिशत, व्यापारमा ४.०४ प्रतिशत, मजदुरीमा ७.०८ प्रतिशत र अन्यमा ४.०४ प्रतिशत रहेका छन ।

(१७) पेशाको आधारमा गरिवीको रेखामाथि पर्ने नोकरीमा २७.०३ प्रतिशत, कृषिमा १२.२६ प्रतिशत, व्यापारमा १७.०२ प्रतिशत, वैदेशिक रोजगारमा २४.०३ प्रतिशत र मजदुरीमा १०.०२ प्रतिशत रहेका छन् ।

(१८) अध्ययन क्षेत्रमा ५ वर्षदेखि १५ वर्ष सम्मको उमेर समूहका पुरुषको साक्षरता ९८.५७ प्रतिशत र निरक्षरता १.४३ प्रतिशत तथा महिलाको साक्षरता ९७.७२ प्रतिशत र निरक्षरता २.२८ प्रतिशत रहेको छ ।

(१९) १६ वर्षदेखि ६० वर्ष सम्मको उमेर समूहका पुरुषको साक्षरता ७४.८६ प्रतिशत र निरक्षरता २५.१४ प्रतिशत तथा महिलाको साक्षरता ५२ प्रतिशत र निरक्षरता ४८ प्रतिशत रहेको छ । ६१ वर्षभन्दा माथिको उमेर समूहका पुरुषको साक्षरता २१.०५ प्रतिशत र निरक्षरता ७८.९५ प्रतिशत तथा महिलाको साक्षरता २१.०५ प्रतिशत र निरक्षरता ७८.९५ प्रतिशत रहेको छ ।

(२०) अध्ययन क्षेत्रमा ३५.८४ प्रतिशत निरक्षर रहेका छन भने कुनै औपचारिक कक्षा अध्ययन नगरेका तर अन्य अनौपचारिक कक्षाबाट लेखपढ मात्र गर्नसक्ने ३०.४८ प्रतिशत रहेका छन् ।

(२१) प्राथमिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका ९.९४ प्रतिशत, निम्न माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका ३.५६ प्रतिशत, माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका ९.५८ प्रतिशत, उच्च माध्यामिक तहसम्मको मात्र शिक्षा आर्जन गरेका ७.४७ प्रतिशत, स्नातक तहसम्मको मात्र शिक्षा आर्जन गरेका २.२६ प्रतिशत, र स्नातकोत्तर तहसम्मको मात्र शिक्षा आर्जन गरेका ०.८७ प्रतिशत रहेका छन ।

(२२) अध्ययन क्षेत्रमा७४.१६ प्रतिशतले सरकारी विद्यालयमा अध्ययन गरेको पाइयो भने २५.८४ प्रतिशतले निजी विद्यालयमा अध्ययन गरेको पाइयो ।

(२३) अध्ययन क्षेत्रमा रु ३०,००० सम्म वार्षिक आय प्राप्त हुने घरपरिवारका सम्पूर्ण बालबालिकाले सरकारी विद्यालयमा अध्ययन गरेको पाइयो ।

(२४) गरिबी घटाउने उपायहरु मध्ये सबैभन्दा धेरै ४२ प्रतितले महिला सिपमूलक तालिममा विस्तार गर्नुपर्ने र राजनीतिक स्थिरता कायम हुनुपर्ने धारणा व्यक्त गरेभने सबैभन्दा कम १२ प्रतिशतले स्थानीय स्तरमा उद्योग धन्दाको विकास गर्नुपर्ने धारणा राखेका छन् ।

## ५.२ सुझावहरू(Recommendations)

नमूना छनौटमा परेको धादिङ्ग जिल्लाको वैरेनी गा.वि.स.को वडा नं. १, २ र ३ मा रहेका घरधुरी मध्येबाट नमूना छनौटमा परेका घरधुरीको गरिवी र उक्त गरिवीले स्थानीय जनताको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको व्याख्या तथा विश्लेषणबाट प्राप्त नतिजाको सारांशको आधारमा निकालिएको निष्कर्ष र उक्त निष्कर्षका आधारमा सुझावहरु उल्लेख गरिएको छ । सुझावलाई नीतिगन सुझाव, व्यवहारिक सुझाव र आगामि अनुसन्धानका लागि सुझाव गरी तीन भागमा विभाजन गरिएको छ । यस अध्ययनको निष्कर्षका आधारमा निकालिएका सुझावलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ५.२.१ नितीगत सुझावहरू(Policy Related Recommendations)

नमूना छनौटमा परेको धादिङ्ग जिल्लाको वैरेनी गा.वि.स.को वडा नं. १, २ र ३ मा रहेको गरिवी न्यूनिकरण गर्न अध्ययनको निष्कर्षले देखाएको मार्गबाट हेर्दा निजीगत सुझावहरु यस प्रकार उल्लेख गर्न सकिन्छ ।

१. गरिबी निवारण सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन छरिएर रहेको (Fragmented)अवस्थामा छ । गरिबी बहु-आमायिक (multi-dynamic) विषय भएकोले यसको सम्बोधन बहुकोणिक अवधारणा (multi-pronged Approach)बाट मात्र गर्नुपर्छ यसका लागि सबै निकाय तथा क्षेत्रहरूको समन्वयात्मक प्रयास प्रभावकारी निती लिनुपर्छ ।

२. देशमा विद्यमान प्रचुर जनशक्तिबाट जनसङ्ख्यीय लाभ (Demographic Bonus)आर्जन गरी देशमा उपलब्ध जनशक्तिलाई आन्तरिक रोजगारीमा सकेसम्म बढी भन्दा बढी उपयोग गर्नेका लागि देशभित्र नै उद्योग धन्दा तथा निर्माण कार्यलाई तिव्रता दिई रोजगारीको आयाम फराकिलो बनाउने नीति लिन आवश्यक देखिन्छ ।

३. सहस्राब्दी विकास लक्ष्यको प्रगति प्रतिवेदन सन् २०१३ ले नेपालमा गरिबी घट्ने दर सन् १९९६ देखि सन् २००४ सम्म वार्षिक १.५ प्रतिशत र सन् २००४ देखि सन् २०१३ सम्म वाषिृक २.५ प्रतिशत रहेको देखिएको छ । मुलुकको गरिबी घटाउन मुलतः रोजगारीका अवसरहरूमा वृद्धि गरेर वर्तमान जनसङ्ख्याको बनोट खासगरी काम गर्ने उमेर समूहको मानिसको अनुपात बढी भएको तथ्यलाई पुँजिकरण गर्नुपर्ने निजी लिनुपर्ने देखिन्छ ।

४. निरक्षरता पनि गरिबीको कारक तत्व भएकाले विभिन्न संघसंस्था तथा सरकारी निकाय सँग समन्वय गरी निरक्षरा उन्मुलन कार्यक्रम गर्ने नगरपालिकाले ठोस नीति तर्जुमा गर्नुपर्ने देखिन्छ ।

### ५.२.२ प्रयोगात्मक सुझावहरु(Practice Related Recommendations)

अध्ययन क्षेत्र वैरेनी गा.वि.स. गरिएको गरिबी सम्बन्धी अध्ययनमा प्राप्त नतिजाको आधारमा गरिबी न्यूनिकरणगर्न प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित निम्न सुझावहरू आवश्यक देखिन्छ ।

(१) अध्ययन क्षेत्रमा गरिबी सम्बन्धी समस्या र राष्ट्रिय स्तरको गरिबीको प्रकृतिमा समनता देखिएकाले क्षेत्रगत हिसाबले गरिबी निवारण सम्बन्धी वैज्ञानिक कृषि सीपमूलक तालिम र आयमुलक अध्ययन सञ्चालन गर्नुपर्ने देखिन्छ ।

(२) अध्ययन क्षेत्रमा निर्वामुखि खेतीमात्र गरिएको नगदेवालीको उत्पादन नभएको देखिएकाले खाद्यान्यवाली भन्दा यस क्षेत्रमा उत्पादन हुन सक्ने नगदेवालीहरू, आलु, अदुवा, बदा, काउली, खुर्सानी आदिको उत्पादनमा जोड दिनुपर्ने कृषक समुह गठन गरी पशुपालन, फलफूल खेती, महुरीपालन खेतीको अभ्यास गरिएमा ग्रमिण जिवन स्तर फेरिने देखिन्छ ।

(३) कृषि व्यवसायलाई देशको अर्थतन्त्रको मेरुदण्ड मानेर यस पेशाप्रति जनताको लगाव केन्द्रित गरी अद्रश्यरूपमा रहेको बेरोजगारी समस्यालाई कम गर्ने अभ्यास गरिएमा गरिबी न्यूनीकरण हेर्ने देखिन्छ ।

(४) गरीब र धनी बीच असमानताको खाडललाई उपयुक्त कार्यक्रमको माध्यमबाट न्यूनीकरण गर्दै देशबाट गरिबी निवारण प्रयासले पनि विद्यमान गरिबी समस्या समधान गर्न सकिन्छ ।

### ५.२.३ आगामी अनुसन्धान सम्बन्धी सुझावहरु(Further Research Related Recommendations)

(१) गरिबीको रेखामुनी रहेको जनसङ्ख्याको अनुपातलाई कम गरी विभिन्न आय एवम् सीपमूलक कार्यक्रम मार्फत रोजगारी सृजना गर्ने राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन सक्ने सक्षम जनशक्ति तयार गर्ने र स्थानिय स्रोत साधन र क्षमतामा आधारितलाई प्राथमिकता दिने गरी विभिन्न योजना तथा कार्यक्रमहरूमा भविष्यमा गरिने अनुसन्धानले समेट्न आवश्यक देखिन्छ ।

(२) गरीब लक्षित कार्यक्रम सामाजिक समावेशीकरण, पारदर्शिता र मागमुखि कार्यक्रम साथै गरिबी समुदाय स्वयम्लाई समेट्ने परियोजना (कार्यक्रम) हरू समेट्न का लागि भविष्यमा गरिने अन्य अनुसन्धानले छुटाउनु हुँदैन ।

(३) गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउन सामाजिक क्षेत्रमा उल्लेख रूपमा लगानी गर्न आवश्यक हुन्छ । गरिबी निवारणका उद्देश्य तथा नीतिहरू निर्धारण गर्दा विगतका नीति तथा कार्यक्रमको समिक्षा र अनुभव समेतलाई दृष्टिगत गरी लक्षित समुह र क्षेत्रलाई केन्द्रित गरी गरिने कार्यक्रमको बारेमा भविष्यमा गरिने अन्य अनुसन्धान गर्दा माथि उल्लेखिन कुरा समेट्न आवश्यक देखिन्छ ।

## सन्दर्भ सामाग्री(Bibliography)


- अर्थमन्त्रालय (विभिन्न वर्षहरू), ***बजेट वक्तव्य,*** काठमाण्डौं: अर्थ मन्त्रालय, नेपाल सरकार ।
- अर्थमन्त्रालय (विभिन्न वर्षहरू), ***आर्थिक सर्वेक्षण,*** काठमाण्डौं: अर्थ मन्त्रालय, नेपाल सरकार ।
- अर्थमन्त्रालय (२०६७), ***आर्थिक सर्वेक्षण (आर्थिक वर्ष २०६६/६७),*** काठमाडौं: अर्थ मन्त्रालय, नेपाल सरकार ।
- अर्थमन्त्रालय, (२०७३), ***आर्थिक सर्वेक्षण २०७२/२०७३,*** काठमाण्डौ: अर्थमन्त्रालय, नेपाल सरकार ।
- आचार्य, विण्णु प्रसाद (२०६२), ***बेरोजगारीबाट सृर्जित समस्याहरु (मुखपत्र),*** धादिङ्ग: मुनलाइट क्याम्पस प्रकाशक ।
- के.सी., तेजेन्द्र (२०७१), ***नेपालमा गरिवी र वेरोजगारीको अवस्था एक समिक्षा*** ( उज्यालो मासिक प्रकाशन), काठमाण्डौं: उज्यालो प्रकाशन प्रा.लि. ।
- केन्द्रीय तथ्याङ्क विभाग (२०६६), ***नेपाल श्रमशक्ति सर्वेक्षण-दोस्रो (२०६४/६५),*** काठमाण्डौं: राष्ट्रिय योजना आयोगको सचिवालय केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार ।
- केन्द्रीय तथ्याङ्क विभाग (२०६६), ***तथ्याङ्क गतिविधि - २०५६/६६ (तेस्रो चौमासिक, चैत्र-असार),*** काठमाण्डौं: राष्ट्रिय योजना आयोगको सचिवालय, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार ।
- कुवँर, कृष्ण (२०५७), ***गरिवी र सामाजिक विकास,*** काठमाडौं: मुना प्रकाशन ।
- खनाल, उमाराम (२०६१), नेपालमा ग्रामिण गरिवीको अवस्था, बागी गा.वि.स., अर्घाखाँची जिल्लाको एक अध्ययन, शिक्षा शास्त्र केन्द्रिय विभाग, अर्थशास्त्र शिक्षा विभाग, त्रि. वि., कीर्तिपूर ।

- दाहाल, महेशराज तथा अन्य (२०६६), ***नेपालको अर्थव्यवस्था तथा परिमाणात्मक पद्धति,*** काठमाण्डौं: एम.के. प्रकाशक तथा वितरक ।
- दाहाल, महेशराज, पौडेल, मीनराज, आचार्य, दिपक, जोशी, विष्णुमाया (२०६७), ***नेपालको अर्थशास्त्र र परिमाणात्मक पद्धति (बि.एड. प्रथम वर्षका लागि),*** काठमाडौं: एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।
- नेपाल राष्ट्र बैंक (२०६७), ***मिमिरे (आर्थिक लेख विशेषाङ्क),*** काठमाडौं: जनसम्पर्क महाशाखा, नेपाल राष्ट्र बैंक ।
- नेपाल राष्ट्र बैंक, (२०६७), ***आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षा,*** काठमाण्डौं: केन्द्रिय कार्यालय, नेपाल राष्ट्र बैंक ।
- नेपाल राष्ट्र बैंक, (विभिन्न वर्षहरू), ***नेपाल राष्ट्र बैंक समाचार (मासिक तथा द्विमासिन-विभिन्न अङ्कहरू),*** काठमाण्डौं: गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा, नेपाल राष्ट्र बैंक ।
- नेपाल राष्ट्र बैंक, कर्मचारी संघ (२०६७), ***अरुणोदय,*** काठमाण्डौं: कर्मचारी संघ, केन्द्रिय समिति, नेपाल राष्ट्र बैंक ।
- राष्ट्रिय योजना आयोग (२०५२), ***कृषि क्षेत्रको दीर्घकालीन योजना (आ.व. २०५२/५३ -२०७१/७२), सारांश,*** राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।
- राष्ट्रिय योजना आयोग (२०७०), ***नेपाल जीवनस्तर सर्वेक्षण,*** काठमाडौं: राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।
- राष्ट्रिय योजना आयोग (२०६७), ***त्रिवर्षीय योजनाको आधार पत्र (२०६७/६८-२०६९-७०),*** काठमाडौं: राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।
- पौडेल, मीनराज र पौडेल, सुरेन्द्र (२०६८), ***अर्थशास्त्र कक्षा ११,*** काठमाण्डौं: एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।
- पौडेल, मीनराज (२०७३), ***नेपालको अर्थव्यवस्था,*** काठमाण्डौं: एम.के. प्रकाशक तथा वितरक ।

- पौडेल, मीनराज (२०७०), ***नेपालको अर्थव्यवस्था,*** काठमाण्डौं: एम.के. प्रकाशक तथा वितरक ।
- बास्कोटा, बलराम (२०७०), ***नेपालमा गरिवी र वेरोजगारीको अवस्था : चिरफार ( सयपत्री अनुसन्धानात्मक पत्रिका),*** काठमाण्डौः होराइजन कलेज ।
- मिश्र, चैतन्य (२००२), ***विकासको वाधकको रुपमा गरिवी (अनुसन्धानात्मक लेख) गन्तव्य अनुसन्धानात्मक पत्रिका,*** काठमाण्डौः गन्तव्य प्रकाशन प्रा.लि. ।
- स्थानीय विकास मन्त्रालय (२०६६), ***स्थानीय विकास मन्त्रालय अन्तर्गत संचालिन कार्यक्रम तथा आयोजनाको संक्षिप्त झलक,*** काठमाण्डौं: स्थानीय विकास मत्रालय, नेपाल सरकार ।
- शर्मा, कमलराज (२०६४) ***सामाजिक सँस्था र प्रक्रिया समाजशास्त्रीय तथा मानवशास्त्रीय विशलेषण,*** काठमाण्डौं: एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।
- क्षेत्री, अनुप (१९९६), ***नेपालमा गरिबीको केहि अवधारणाहरू (सुक्ष्म अध्ययन),*** काठमाण्डौः सृष्टि प्रकाशन ।
- ज्ञवाली, बाबुराम र पौडेल, मीनराज (२०६७), ***जनसंख्या अध्ययन (बि.एड. तेस्रो वर्षको लागि),*** काठमाडौं: एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।
- Agrawal, A.N.and Kundan, L. (1993), ***Economics of Development and Planning,*** New Delhi: Vikas Publishing house Pvt. Ltd.
- Ahuja, H.L. (2003) ***Advanced Economic Theory,*** New Delhi: S. Chand & Company Ltd.
- Bhattia, H.L. (1996), ***Public Finance***,India:Vikash Publishing House,
- CBS (2001), ***Population Monograph of Nepal 1995 – 2001,*** Kathmandu: NPC Secretariat, Nepal Government.
- CBS (2004), ***National Sample Census of Agriculture Nepal -2001/02 (Ecological Belt- Hill, Tarai and Mountain)***, Kathmandu: National Planning Commission Secretariat, Central Bureau of Statistics, Nepal Government.

- CBS (2004), ***Nepal Living Standards Survey-2004/05 (Statistical Report Volume One and Two),*** Kathmandu: Central Bureau of Statistics, National Planning Commission Secretariat, Nepal Government.
- CBS (2005, 2007 & 2009), ***Statistical Year Book of Nepal,*** Kathmandu: National Planning Commission Secretariat, Central Bureau of Statistics, Nepal Government.
- CBS (2006), ***Women in Nepal Some Statistical Facts,*** Kathmandu: National Planning Commission Secretariat, Central Bureau of Statistics, Nepal Government.
- CBS (2008), ***Environment Statistics of Nepal-2008,*** Kathmandu: National Planning Commission Secretariat, Central Bureau of Statistics.
- CBS (2009), ***Report on the Nepal Labour Force Survey -2008***, Kathmandu: National Planning Commission Secretariat, Central Bureau of Statistics, Nepal Government.
- CBS (2010), ***Nepal Living Standards Survey-2010/11 (Statistical Report Volume One and Two),*** Kathmandu: Central Bureau of Statistics, National Planning Commission Secretariat, Nepal Government.
- CBS (2014), ***Statistical Pocked Book of Nepal – 2014***, Kathmandu: National Planning Commission Secretariat, Central Bureau of Statistics, Nepal Government.
- CDC (1991), **Population Theory and Population Dynamics,** Kathmandu: Author.
- Cox, P. R. (1976), ***Demography,***London:Cambridge University
- Dalton, D. (1951), ***Public Finance (*****3rd. edition)**,London:Allen and Unwin.
- Gnawali, Giwan (1994), ***Poverty Alleviation Measure in Nepal,*** Commitment and Economic Review. Kathmandu: Nepal Rastra Bank.
- Gnawali, B.R. (2062), ***Janasankhya Arthashastra.*** Butwal: Gyanjyoti

Prakashan.

- Higgins, B. (1996). ***Economic development, problems, principles and policies* (revised edition).** New Delhi: Universal Book Stall.
- Jhingan, M.L. (2008), ***The Economics of Development and Planning (39th Edition),*** Delhi: Vrinda Publication (P) Ltd.
- Ministry of Finance, (Various Years),***Budget Speech***. Kathmandu: Ministry of Finance, Government of Nepal.
- Ministry of Finance, (Various Years),***Economic Survey.***Kathmandu: Ministry of Finance, Government of Nepal.
- National Planning Commission (Various Years), ***First Plan to Fourteenth Plan***, National Planning Commission, Nepal Government.
- Nepal Rastra Bank (2010), ***Economic Report – 2008-09,*** Kathmandu: Research Department, Publication Division, Nepal Rastra Bank.
- Nepal Rastra Bank (2016), ***A Handbook of Government Finance Statistics),*** Kathmandu: Research Department, Government Finance Division, Nepal Rastra Bank.
- Nepal Rastra Bank (Various Years), ***Quarterly Economic Bulletin (Volume Various)***, Kathmandu: Research Department, Publication Division, Nepal Rastra Bank.
- NRB (2010), ***Macroeconomic Indicators of Nepal,***Kathmandu: Nepal Rastra Bank, Research Department.
- NRB (2067), ***Report of Economic Year 2066/67,***Kathmandu: Nepal Rastra Bank, Research Department.
- Oscar, Altimore (1999), ***The Extent of in Latin America,*** Washington DC: Oxford University Press for World Bank.
- Paudel, M.R. (2011), ***Digo Bikash: EK Chorcha (NIC Journal Year 1, Vol. 1),*** Kathmandu: Nepal Intellectual Council.

- Prest, A.R. (1972), ***Public Finance in Underdeveloped countries***, New Delhi:Vikas Publishing House.
- Rojedorse, Josh (1984), ***Poverty and Population Approach and Evidence,*** Geneva: International Labour Organization.
- Sharma, P. (2065), ***Urbanization and Development, (Population Monograph of Nepal,)*** Kathmandu: Auther.
- Sharma, R.C. (1998), ***Population Resource Environment and Quality of Life,*** New Delhi: Dhanpat Raj and Sons Publication (P). Ltd.
- Shwami, Rama and Rama (1985), ***Poverty is not understood, an enquiry in its academy office and administrative tactics under India.*** New Delhi: S. Chand Publication.
- Todaro, M.P. and Smith, S.C. (2008), ***Economics Development (Eight Edition),*** New Delhi: Dorling Kindersley Pvt. Ltd.
- UN (2010), ***Information Economy Report - 2010 (ICTs, Enterprises and Poverty Alleviation)***, New Work: Author.
- UN (Various Years), **World Development Report of 1997, 1998 and 2000,** New Work: Author.
- World Bank(Various Years), ***World Development Report,*** Washington. DC:World Bank, Research Department.

## अनुसूची १

## घरपरिवारका अभिभावकका लागि प्रश्नावलीहरू

**१. घरमुलीको नामः**

उमेरः लिङ्गः वडा नं.: शिक्षाः

टोलः धर्मः जातिः प्रमुख पेशाः

**२. पारिवारिक संरचनाः**

| क्र.स. | नाम | उमेर | लिङ्गः | शिक्षा | स्वास्थ्य |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

१. निरक्षर २. साक्षर ३. पास गरेको बर्ष

१. निरोगी २. दिर्घरोगी ३. पाँच बर्ष भन्दा मुनिका बिरामी

**३. तपाईको कति जना छोरा-छोरी छन् ?**

छोरा ☐ छोरी ☐

**४. तपाईले छोरा छोरी सबैलाई विद्यालय पठाउनु भएको छ?**

छ ☐ छैन ☐

**छ भने कुन तहमा अध्ययनरहत छन् ?**

(क) पूर्व प्राथमिक (ख) प्राथमिक (ग) निम्न माध्यमिक (घ) माध्यमिक (ङ) उच्च माध्यमिक (च) स्नातक(छ) स्नातोकोत्तर

**छैनन् भने कुन कारणले?**

१) आर्थिक अवस्था कमजोर भएकोले
२) घरधन्दा गर्नुपरेकोले
३) काममा पठाउनुपरेकोले
४) अपाङ्ग भएको कारणले
५) स्कुल/क्याम्पस टाढा भएकोले
६) अन्य

**५. के तपाईको घरमा गत १ बर्षमा पाँच बर्षमुनिका बच्चाको मृत्यु भएको छ ?**

छ ☐ छैन ☐

छ भने कुन रोगले.....................................

**६.के तपाईको आफ्नै घर छ ?:**

छ ☐ छैन ☐

**छ भने कस्तो प्रकारको ?**

(क) कच्चा
(ख) ढुङ्गाको छाना भएको
(ग) सिमेन्ट प्लास्टर भएको
(घ) जस्तापाता भएको
(ङ) अन्य

**७. तपाईको जग्गा जमिन छ ?**

छ ☐ ☐

**यदि छ भने कस्तो किसिमको?**

| जग्गाको | खेत (सिंचित ) | खेत(असिंचित) | बारी (पाखो ) | जम्मा |
|---|---|---|---|---|

| स्वामित्व | क्षेत्रफल रोपनीमा | उत्पादन मुरीमा | मुल्य रु.मा | क्षेत्रफल रोपनीमा | उत्पादन मुरीमा | मुल्य रु.मा. | क्षेत्रफल रोपनीमा | उत्पादन मुरीमा | मुल्य रु.मा. | क्षेत्रफल | उत्पादन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आफ्नै | | | | | | | | | | | |
| अँधिया दिएको | | | | | | | | | | | |
| ठेक्का दिएको | | | | | | | | | | | |
| अँधिया लिएको | | | | | | | | | | | |
| ठेक्का लिएको | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

जग्गाको स्वामित्व (१ रोपनीमा ) ०.०५०८७ हेक्टर) आम्दानी रु. मा

## ८. तपाईको घरपरिवारको आम्दानी र आम्दानीका स्रोतहरु केके हुन् ?

| क्र.स | आम्दानीका स्रोतहरू | संलग्न व्यक्ति सख्या | वर्षिक आय (रु.मा) | खर्चका शीर्षकहरू | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खेतीपातीवाट | | | | | |
| २ | नोकरीबाट | | | | | |
| ३ | ज्याला/मजदुरीबाट | | | | | |
| ४ | विप्रेषणबाट | | | | | |
| ५ | बन्द व्यापार | | | | | |
| ६ | पशुपालन | | | | | |
| ७ | साना उद्योग | | | | | |
| ८ | पेन्सन ( व्याज ) | | | | | |
| ९ | विविध | | | | | |
| जम्मा बार्षिक आम्दानी | | | | जम्मा बार्षिक खर्च | | |

## ९. तपाईको परिवारकोवार्षिक बचतको अवस्था कस्तो छ ?

बचत हुन्छ ☐ बतच हुँदैन ☐

**१०. तपाईको आफ्नै कृषि उत्पादनले बर्षभरी खान पुग्छ ?**

पुग्छ ☐ पुग्दैन ☐

**पुग्छ भने कति महिनालाई ?**

(क) ०–३ महिना (ख) ३–६ महिना (ग) ६–९ महिना (घ) ९–१२ महिना (ङ) बचत

**११.तपाईले बर्षभरीमा के-कस्ता बाली लगाउनुहुन्छ ?**

| क.सं. | बालीकोनाम | उत्पादन (मुरीमा) | बिक्री मूल्य(रु.मा.) |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

१२. **तपाईले अन्य कुनै आयमुलक कार्य गर्नुभएको छ ?**

छ ☐ छैन ☐

**छ भने कुन व्यवसायमा**

१) कुखुरापालन

२) बाखापालन

३) भैंसीपालन/गाईपालन/बंगुरपालन

४) घरेलु व्यवसाय

५) सानो पसल राखेर

६) तरकारी खेती गरेर

७) अन्य

**त्यसको बार्षिक आम्दानी कति प्राप्त हुन्छ ?**

रु.१०,०००-२५,०००/-　　　　रु. २५,०००-३५,०००/-

रु. ३५,०००-४५,०००/-　　　　रु. ४५,०००-५५,०००/-

५५,००० भन्दा माथि

**१३.ग्रामीण गरिबी घटाउने वा जीवनस्तर वृद्धि गर्न तपाईको परिवारमा कस्तो खालको कार्यक्रम सञ्चालन गर्नुपर्ला ?**

(क)　　　　.(ख)

(ग)　　　　(घ)

**१४. तपाईले कुन कुन नगदेबालीको खेती गर्नुहुन्छ ?**

(क)　　　　(ख)

(ग)　　　　(घ)

**१५. नगदे बालीको उत्पादन प्रति रोपनी कति हुन्छ ?**

(क)　　　　(ख)

(ग)　　　　(घ)

**१६. तपाईको घरमा कुनकुन पशु कति संख्यामा पाल्नु भएको छ ?**

(क)　　　　(ख)

(ग)　　　　(घ)

१७. ग्रामिण क्षेत्रमा रहेको गरिबीको अवस्थाले उक्त क्षेत्रमा बसोवास गर्ने जनताको आर्थिक दैनिकीमा कस्तो प्रभाव पारेको छ ?

१८. ग्रामिण क्षेत्रमा रहेको गरिबीको अवस्थाले उक्त क्षेत्रमा बसोवास गर्ने जनताको शैक्षिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

१९. ग्रामिण क्षेत्रमा बसोवास गर्ने जनताका आम्दानीका प्रमुख स्रोतहरु के-के हुन्?

२०. ग्रामिण क्षेत्रमा बसोवास गर्ने जनताका खर्चका प्रमुख क्षेत्रहरु के-के हुन् ?

२१. के ग्रामिण क्षेत्रमा बसोवास गर्ने मानिसहरुको आर्थिक वचत हुने गर्छ ?

२२. के ग्रामिण क्षेत्रमा बसोवास गर्ने मानिसहरुको शैक्षिक स्तर उच्च हुने गर्छ ?

२३. ग्रामिण गरिवीका कारणहरू के-के हुन सक्छन?

२४. ग्रामिण गरिवीलाई कम गर्न तथा हटाउन के गर्नु पर्छ ?

## अनुसूची २

## अवलोकन सूची

१. घरको बनावट

२. घरको छाना

३. घरको संख्या

४. घर नजिक रहेको गाई वा भैसी वा अन्य पशुपालनका लागि बनाइएका गोठको बनावट

५. घर नजिक रहेको गाई वा भैसी वा अन्य पशुपालनका लागि बनाइएका गोठको संख्या

६ घर नजिकमा रहेको जग्गा जमिन र त्यसको रोपनी संख्या

७. घर नजिकमा रहेको जग्गा जमिनमा गरिएको खेतिको अवस्था र प्रकार

८. घर नजिकमा रहेको जग्गामा गरिएको फलफुल खेतिको अवस्था

९. घरमुली र उनका परिवारका सदस्यले लगाएको पहिरन र उक्त पहिरनको गुणस्तर

१०. घरमुली र उसका घरपरिवारका सदस्यको बोलीचालिको अवस्था

११. घरभित्र प्रयोग गरिएका भौतिक सामाग्रिको अवस्था र तिनीहरुको गुणस्तर

१२. घरपरिवारका सदस्यले खाने खानाको प्रकार र त्यसको गुणस्तरको अवस्था

१३. घरवरीपरीको सरसफाइको अवस्था

१४. घरमुली र परिवारका सदस्यले लगाएको कपडाको सरसफाइको अवस्था

१५. घरमुली र परिवारका सदस्यले लगाएको गहनाको अवस्था

## अनुसूची ३

## छलफल निर्देशिका

१. ग्रामिण क्षेत्रमा रहेको गरिबीको अवस्थाले उक्त क्षेत्रमा बसोवास गर्ने जनताको आर्थिक दैनिकीमा कस्तो प्रभाव पारेको छ ?

२. ग्रामिण क्षेत्रमा रहेको गरिबीको अवस्थाले उक्त क्षेत्रमा बसोवास गर्ने जनताको शैक्षिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

३. ग्रामिण क्षेत्रमा बसोवास गर्ने जनताका आम्दानीका प्रमुख स्रोतहरु के-के हुन्?

४. ग्रामिण क्षेत्रमा बसोवास गर्ने जनताका खर्चका प्रमुख क्षेत्रहरु के-के हुन् ?

५. के ग्रामिण क्षेत्रमा बसोवास गर्ने मानिसहरुको आर्थिक वचत हुने गर्छ ?

६. के ग्रामिण क्षेत्रमा बसोवास गर्ने मानिसहरुको शैक्षिक स्तर उच्च हुने गर्छ ?

७. ग्रामिण गरिवीका कारणहरू के-के हुन सक्छन?

८. ग्रामिण गरिवीलाई कम गर्न तथा हटाउन के गर्नु पर्छ ?